**सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ लाई आधार मानी**

# केराबारी गाउँपालिकाको आ.व. २०८१।०८२ को

**सामाजिक परीक्षण प्रतिवेदन**

**केराबारी गाउँपालिकाको कार्यालय**

**केराबारी मोरङ**



**प्रस्तुतकर्ता**

**एकता मिडिया प्रा.लि.**

**विराटचोक, मोरङ ।**

**सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ अनुसार**


**सामाजिक परीक्षकहरु**

**विदुर सुवेदी**
सहप्राध्यापक, सुकुना बहुमुखि क्याम्पस, मोरङ
सामाजिक परीक्षणको विषय
सामाजिक शाखा


**श्री बाबुराम निरौला**
सामाजिक परीक्षणको विषय
सहजकर्ता

**गणेश मिश्र**
प्रतिवेदन टाइपिङ्ग

## नेपालको नयाँ राजनैतिक तथा प्रशासनिक नक्सा



# मोरङ जिल्लाको भौगोलिक नक्सा



# केराबारी गाउँपालिकाको भौगोलिक नक्सा



## हाम्रो भन्नु,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने अधिकार दिएको छ । स्थानीय सरकार जनताको घरदैलोमा सेवा दिने निकटतम प्रशासनिक तह (निकाय) हो । अधिकार र जिम्मेवारीले सम्पन्न स्थानीय सरकारको संस्थागत विकास र अनुशासन अनिवार्य पक्ष हुन् ।

पालिकाको आर्थिक वर्ष समाप्त भएपछि वर्षभरिका कामहरूको सामाजिक लेखाजोखा गर्न सामाजिक परीक्षण गरिन्छ । यस कार्यका लागि संविधान र ऐनले स्थानीय तहहरू (जस्तै, नगरपालिका/गाउँपालिका) लाई स्पष्ट जिम्मेवारी प्रदान गरेको छ । कोशी प्रदेश सरकारले सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ को व्यवस्था अनुरुप स्थानीय तहले सामाजिक परीक्षण गराउने गरेका छन् ।

नेपाल सरकारले लक्षित समुदायहरूको विकासका लागि स्थानीय तहलाई अनुदान उपलब्ध गराउँदै आएको छ । यसका लागि बजेटको व्यवस्था गरिएको छ । जसले स्थानीय तहलाई थप जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासँग प्रत्यक्ष रूपमा नजिक रहेर सेवा प्रवाह गर्ने संस्था भएकाले स्थानीय तहसँग जनताका इच्छा—आकांक्षाहरू बढ्नु स्वाभाविक हो ।

स्थानीय तहहरूको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न नेपाल सरकारले विभिन्न नीतिहरू अवलम्बन गर्दै आएको छ । स्थानीय स्तरमा गरिएका कामहरूको सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अपनाएका विधिहरूमध्ये सामाजिक परीक्षण एक महत्वपूर्ण प्रक्रिया हो ।

स्थानीय तहमा कानुन र कार्यविधि निर्माण भई नसकेकोले सामाजिक परीक्षण कार्यका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) को कार्यका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ लाई आधार मानि गरिएको छ । सामाजिक परीक्षणको मुख्य उद्देश्य भनेको स्थानीय तहका योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको समग्र योगदानको लेखाजोखा, विश्लेषण, र मूल्याङ्कन गर्नु हो ।

सामाजिक परीक्षणको अन्तिम प्रतिवेदनमा छलफलमा उठेका सवालहरूको जवाफ पनि समेट्नुपर्ने हुन्छ । यस प्रतिवेदनलाई स्थानीय तहको विषयगत समितिहरुमा पेश गरिन्छ । सामाजिक परीक्षण कार्यविधिको प्रभावकारी कार्यान्वयनले सामाजिक विकासका दायित्व पूरा गर्न र भविष्यको रणनीति बनाउन आधार तयार गर्ने गर्दछ । यस वर्ष जेन्जी आन्दोलनका कारण अभिलेख तथा कार्यालय सञ्चालनमा केही बाधा पर्न गएकोले सामाजिक परीक्षण गर्न केही ढिलाई भएको छ ।

एकता मिडिया प्रा.लि.
सुन्दरहरैंचा १०, मोरङ

## अनुसूची-१४ को १

**परिचय**

**ऐतिहासिक पृष्ठभूमिः**

कोशी प्रदेश अन्तर्गत मोरङ जिल्लाको उत्तर पश्चिम भागमा पर्ने केराबारी जिल्लाको सबैभन्दा ठूलो क्षेत्रफल भएको गाउँपालिका हो । यस गाउँपालिकाको क्षेत्रफल २१९.८३ वर्ग कि.मि. छ । नेपाल सरकारले गाउँ र नगरपालिकाहरूको पुर्नसंरचना गर्दा केराबारी, याङ्शिला, पाटी र सिंहदेवी गाविसका सवै वडा तथा लेटाङ भोगटेनी न.पा. वडा नं. १ लाई समावेश गरी केराबारी गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकाका हाल १० वटा वडाहरू कायम गरिएका छन् । यसको केन्द्र भने केराबारी वडा नं. १० मा कायम छ । यस गाउँपालिकाका वडा नं. ६, ७, ८, ९ र १० समतल भू-भागमा पर्दछन् भने बाँकी वडा नं. १, २, ३, ४ र ५ पहाडी भू-भागमा अवस्थित छन् । केराबारी गाउँपालिकामा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको छ । यहाँका मानिसहरू कृषि, पशुपालन, व्यापार व्यावसाय, स-साना घरेलु उद्योग र नोकरी एवम् वैदेशिक रोजगारीमा समेत संलग्न रहेका छन् । यहाँ विभिन्न सामाजिक संघसंस्था, बैंक तथा वित्तिय संस्था, बचत तथा ऋण सहकारी संस्था, वन उपभोक्ता समितिहरू तथा विभिन्न पेशागत संगठन र समूहहरू छन् । यस गाउँपालिकामा १ वटा क्याम्पस, ३८ वटा सामुदायिक विद्यालय, ७ संस्थागत विद्यालय र ४८ वटा बालविकास केन्द्रहरू छन् । मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट यस गाउँपालिकाको केन्द्र ४६ कि.मि. उत्तरपूर्वतिर पर्दछ । यो गाउँपालिका पूर्व पश्चिम राजमार्ग भन्दा करिव ५ कि.मि. उत्तरबाट प्रारम्भ भई मोरङ पहाडको उत्तर पश्चिम सवै भाग समावेश छ । यसको उत्तरी सिमाना भने धनकुटा जिल्लामा रहेको छ । यस गाउँपालिकाको उत्तरतिर वडा नं. २ मा जेफाले डाँडा, वडा नं. १ मा ध्वजेडाँडा, वडा नं. ४ मा सप्तकन्या गुफा र वडा नं. १ मा महादेव पार्वती गुफा पर्दछन् । यसको अधिकांश भू-भाग वनजंगल, खोलानाला र डाँडाकाँडाले ढाकिएको हुँदा प्राकृतिक स्रोतका दृष्टिले यो गाउँपालिका निकै सम्पन्न छ । ऐतिहासिक दृष्टिले केराबारी भेगको महत्व निकै धेरै रहेको छ । अघि केराबारी गाउँपालिका क्षेत्रको ठूलो भू-भागलाई घना जंगलले ढाकेको देखिन्छ । यहाँका पहाडी, कछाड र खोलाका किनारी भागमा केही जातजातिका मानिसहरूका स-साना वस्तिहरू थिए । तत्काल घना जंगलका कारण मानिसले खोला या नदीको किनारी भागमा तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । केराबारी गाउँपालिका भेगमा बेलाबेलामा पाइने पुराना बसोबासका अवशेषहरूले यसै कुराको संकेत गरेका छन् । केराबारी नाम आफैं पनि ऐतिहासिक छ । यसको नामकरण केराको बारी या केरा पाइने स्थानका रूपमा रहेको छ । इसापूर्व कालतिर यस गाउँपालिकाबाट उत्तरामहापथ्या गएको थियो । उत्तरा महापथ्या भारतको पूर्वी भागबाट पश्चिम एशिया र यूरोपतिर जाने व्यापारिक मार्ग थियो । चीनतर्फ सिल्क रोड चलनचल्तिमा रहे सरह नै यस भेगबाट यस्तो बाटो गएको हुनाले प्राचीनकाल तिर व्यापारी र तीर्थ यात्रीहरू हालको केराबारी हुँदै कछाडको बाटो हिंडेर पूर्व पश्चिमतिर जाने आउने गर्दथे । अघि इसाको सातौं शताब्दी तिर भारतको आसामबाट मत्स्येन्द्रनाथलाई यही बाटो हुँदै काठमाडौं उपत्यका लगिएको अनुमान छ । तिनलाई उपत्यका लैजाने बन्धुदत्त नामका तान्त्रिकले मत्स्येन्द्रनाथलाई यहीं एक रात बास बसाएका थिए भनिन्छ । तसर्थ केराबारी भेगका विभिन्न गतिविधिमा मत्स्येन्द्रनाथको

नाम जोडिने गर्दछ । केराबारीको दक्षिणी भाग तराई र भावर या कछाडमा पर्दछ । अघि कच्छदेश यही ठूलो भू-भागमा फैलिएको थियो भन्ने कुरा इतिहासमा पाइन्छ । यसको दक्षिणतिर भने पुण्ड्रबर्धन थियो । यसैगरी विराटको राज्य पनि यही केराबारी भेगसम्म या मोरङ पहाडसम्म फैलिएको थियो । मत्स्यदेशको पतन भएपछि भने यहाँ पुण्ड्रले अधिपत्य जमाउन पुग्यो । किचकको किरात देश पनि इसापूर्व कालतिर केराबारीको सिमावर्ती राज्य थियो भन्ने अनुमान छ । पछि यस भेगमा विभिन्न अनेकन रजौटाहले अधिन जमाए । तसर्थ इसाको शुरूवात भएपछि भने यस भेगको इतिहास लामो समयसम्म अज्ञात रह्यो । मध्यकालताका केराबारी भेगमा बेलाबेलामा मानिसहरूको बस्ति बस्ने र नासिने क्रम चलिरह्यो । यसै क्रममा यो स्थान कुनै बेला विभिन्न राज्यको अधीनमा पर्ने र स्वतन्त्र हुने भयो । मध्यकालताका मुरेहांगले मोरङमा अधिपत्य जमाउँदा केराबारी भेग पनि उनैको अधीनमा थियो भन्ने देखिन्छ । पछि विजयनारायणले यसलाई विजयपुर राज्यमा पारे भने पछि यो भेग विभिन्न राजा र रजौटाका अधीनमा पर्ने र तिनबाट छुट्कारा पाउने क्रममा नै यस भेगमा विजयनारायण पछि पाल्पाली सेन राजा लोहांगसेनले कब्जा गरे । पाल्पाली सेन राजाहरूको अधीनमा परेको केराबारी लगायतको मोरङ राज्यको भूभाग सेनराज्य विभाजन हुँदा मकवानपुर तिर पर्न पुग्यो । मकवानपुर तर्फको शासनाधिकार भने लोहांगसेनले पाए । तर यिनी मकवानपुरमा बसेर यस भेगको पनि शासन गर्दथे । अझ पछि भने मकवानपुरे सेन राजा हरिहरसेनका नाति विधाता इन्द्रसेनले मकवानपुरबाट विजयपुरलाई अलग्ग राज्य बनाएको हुँदा केराबारी लगायतको स्थान विजयपुरको अभिन्न अंगबन्न पुग्यो । सेनकालभन्दा अघिनै कसेनीको धनपालगढीलाई किल्ला बनाएर एकजना स्थानीय रजौटाले शासन चलाएका थिए । तिनको राजधानी र दरबारका अवशेषहरू अहिले पनि कसेनीमा रहेका छन् । यसलाई स्थानीय मानिसहरूले संरक्षण गरेर राखेका छन्, जसलाई धनपालगढीका नामले जान्ने गरिन्छ । सम्भवत धनपालको उत्तरी सिमानाध्वजे र जेफाले डाँडा थिए भने केराबारी भेग पनि धनपालको अधीनमा रहेको अनुमान गर्न सकिन्छ । वि.सं. १८३१ सालमा विजयपुर बृहत्तर नेपालमा गाभिएपछि भने केराबारी लगायतको विजयपुर भेग पनि बृहत्तर नेपालभित्र पर्न पुग्यो । त्यसपछि केही समयसम्म साँगुरीगढीबाट यस भेगको शासन चल्यो । पछि मोरङको सदरमुकाम रंगेली सारियो र यताको शासन रंगेली सदरमुकामबाट चलाउन लागियो । यता वि.सं. १९७१ साल पछि भने मोरङको राजधानी विराटनगरमा सऱ्यो र केराबारी विराटनगरदेखि केही टाढा पर्न पुग्यो । तर पनि केराबारी लगायतको यस भेगलाई ऐतिहासिक कालमा मोरंगको एक महत्वपूर्ण भागका रूपमा लिने गरिएको पाइन्छ ।

**नामाकरण**

केराबारीको नामाकरणका बारेमा अनेक प्रकारका तर्कहरू पाइन्छन् । तर पनि हालको केराबारी भेगमा अघि अठिया केराको घारी थियो । तसर्थ यसलाई केराबारी भन्ने गरिएको हो । यसको दक्षिणतिरका विभिन्न भागमा पनि अठिया केरा प्रशस्तै पाइन्थ्यो । तर पनि यस भेगमा भने केराको जंगल नै रहेको हुनाले यसलाई केराबारी भनिएको मान्यता छ । अघि केराबारी बेग्लै गाउँ र एउटा गाविस पनि थियो । पछि गएर याङसिला, सिंहदेवी, पाटीगाउँ, लेटाङ भोगटेनीको केही भाग र केराबारी समेतलाई मिलाएर बेग्लै केराबारी गाउँपालिका गठन गरिएको हो । यसरी केराबारी मोरंगको उत्तर पश्चिमी भागमा रहेको सवैभन्दा ठूलो गाउँपालिका बन्न पुग्यो । यसको अवस्थिति यस जिल्लाको चारकोशे झाडीको उत्तरतिर मात्र रह्यो

**राजनैतिक विभाजन तथा प्रशासनिक विभाजन**

केराबारी गाउँपालिकाको स्थापना वि.सं. २०७३ मा गरिएको हो । यस अघिका अरु अलग अलग गाउँविकास समितिहरूलाई मिलाएर यस गाउँपालिकाको घोषणा गरिएको छ । यस गाउँपालिकामा १० वटा वडाहरू छन् । यस गाउँपालिकाभित्र महत्वपूर्ण व्यापारिक केन्द्र छैन, छिमेकी सुन्दरहरैंचा नगरपालिकामा रहेको विराटचोक बजार नै यहाँको नजिकको बजार हो ।

**हावापानी र तापक्रम**

यस गाउँपालिकाको हावापानी समशितोष्ण प्रकारको रहेको छ । यस गाउँपालिकामा हिउँदयाममा तापक्रम निकै कम हुने गर्दछ भने वर्षा याममा निकै गर्मी हुने गरेको छ । यहाँको न्यूनतम तापक्रम १२ डिग्री सेल्सियस देखि अधिकतम तापक्रम ३८ डिग्री सेल्सियसका बीच रहेको छ । यस गाउँपालिकामा वर्षा याममा ज्यादा वर्षा हुन्छ भने हिउँदमा कम पानी पर्ने गर्दछ । यहाँको वार्षिक औषत वर्षा १६५० मिलिलिटर सम्म हुने गरेको छ ।

**वन जङ्गल र वन्यजन्तु**

केराबारी गाउँपालिका वन जङ्गलका दृष्टिले सम्पन्न छ । यो गाउँपालिका चारकोशे झाडीको आसपासमा पर्दछ । त्यसैले सामुदायिक वन र संरक्षित वनको क्षेत्र पनि रहेको छैन । यहाँ बकाइनो, बडहर, साल, सिसौ र अन्य समशितोष्ण हावापानीको क्षेत्रमा पाइने वनस्पतिरू पाइन्छन् । यस गाउँपालिका क्षेत्रमा भएका वनभित्र खरायो, स्याल, र दुम्सी जस्ता जंगली जनावरहरू, विभिन्न प्रकारका चराचुरुङ्गीहरू र किटपतङ्गहरू भने पाइन्छन् । यहाँका खोलामा विभिन्न प्रकारका माछाका साथमा अन्य जलचर प्राणी पनि पाइन्छन् । पुतली, कमिला, धमिरा, साप, अजिङ्गर, छेपारो र अन्य प्रकारका किरामिराका साथमा अनेक प्रकारका जडिबूटी पनि यहाँ पाइने गर्दछन् । यसरी यस गाउँपालिकालाई जीवजन्तुका दृष्टिले सम्पन्न नै मान्न सकिन्छ ।

**नदीनाला**

केराबारी गाउँपालिकामा बुढी, हुर्हुरे, डाले, मुगु, खदम, हचुवा, भलुवा लोहन्द्रा र तुर्के यहाँका मुख्य नदीहरू हुन् । लोहन्द्रा महाभारत पर्वत श्रृङ्खलाबाट सुरु भई दक्षिणवर्ती भई बगेको नदी हो । त्यसैले वर्षादको समयमा पहाडी भू-भागमा पानी पर्दा पनि यिनमा बाढी आएको देख्न पाइन्छ । वर्षादको समयमा बाढी र नदी कटानको समस्या देखिने गरेको छ । वर्षादको समयमा नदी आसपासका मानिसहरूमा बाढी पहिरोको समस्या देखिने गरेको छ । वर्षा सकिएपछि विस्तारै यिनीहरू पनि सामान्य बन्न पुग्छन् ।

**पर्यटकिय स्थलहरूको परिचय**

**१. जेफाले पर्यटकिय क्षेत्र**

केराबारी गाउँपालिकाको केन्द्र केराबारी बजारबाट करिब २१ किलोमिटरको दुरी पार गरेपछि जेफाले डाँडाको फेदी पुग्न सकिन्छ । त्यसै गरि बिराटनगरबाट धरान-भेडेटार, धनकुटाको डाँडा गाउँ-राजारानी हुँदै पनि उक्त स्थान सम्म जान सकिन्छ । दुबै तर्फको सडक भने अहिले केही ब्यवस्थित हुँदै गइरहेको छ यो स्थानको नाम लिम्बु भाषाको जेफालेबाट भएको हो, जसको अर्थ पासो या धराप भन्ने हुन्छ । सुरुसुरुमा यहाँ स्थानीय गोठालाहरूले सिकार फसाउनका लागि ढुङ्गा र अन्य वस्तुको पासो थाप्ने गरेको स्थानीयको भनाई छ । त्यसैले त्यस डाँडाको नाम जेफाले रहन गएको हो ।

जेफाले डाँडाबाट सूर्योदय र सूर्यास्तको रमणीय देख्न सकिन्छ । पूर्वका १६ वटा जिल्लाका दृष्यहरू र उत्तर तर्फ हिमशृङखला देखिने हुनाले यसलाई दृष्यावलोकनका लागि स्थानीय बासिन्दाको प्रयास प्रशंसनीय मानिन्छ । डाँडाको टुप्पोमा सिंहदेवीको मन्दिर निर्माण गर्ने र यसलाई धार्मिक र पर्यटकीय क्षेत्रका रुपमा एकैपटक विकास गर्ने प्रयासमा रहेको देखिन्छन् । यहाँ दृष्यावलोकनका लागि टावर र विश्राम घर पनि छन् । जेफालेको फेदिबाट टावरसम्म पुग्नका लागि पक्की सिँडी बनाइएको छ ।

त्यसैगरी बिहीबारेमा थुपै्र घरहरूमा होमस्टे सुविधा उपलब्ध छ । यस क्षेत्रको आसपासमा मगर र लिम्बु समुदायका मानिसहरूको बसोबास बढी गहेको छ । यहाँका मानिसहरू घुम्न आएका पर्यटकहरूलाई धान नाच, भर्या नाच नाचेर आफ्नो संस्कार अनुसार स्वागत गर्दै मनोरन्जन दिलाउन समेत मायुर छन् ।

**२. राम पोखरी**

राम पोखरी केराबारी गाउँपालिकाको केन्द्र देखी उत्तरमा रहेको पर्यटकिय क्षेत्र हो । केराबारी सिंहदेवी सामेवा सडक खण्डको भोगटेनी भन्दा केही अगाडीबाट उक्त सडकलाई छोडेर ३ किलोमिटर पश्चिम रामपुर सामुदायिक वन क्षेत्रमा यो पोखरी अवस्थित छ । केराबारी बजारबाट १४ किलोमिटर टाढा रहेको यस क्षेत्रको यात्रा गर्न सार्वजनिक सवारी साधन त्यति भन्दा भरपर्दो नभए पनि निजी साधनको प्रयोग गरी पुग्न सकिन्छ ।

ऐतिहासिक  रुपमा रहेको यो क्षेत्र त्रेता युगसम्म जोडिएको देख्न सकिन्छ । प्रचलित मान्यता अनुसार वन बासको बेलामा सिता,राम, लक्ष्मण र हनुमान त्यस स्थानमा आयपुग्दा अति गर्मि भएकोा थियोे । सितालाइ प्यास लागेकोले रामले मन्त्र उच्चारण सहित हानेको बाँणबाट यस पोखरीको हो भन्ने किम्बदन्ती छ ।

यस पोखरीमा भैंसीलाइ जान दिइदैंन थाहा नपाई कुनै भैसी पोखरीमा गएर आहाल बसेमा बिमारी हुने गरेको स्थानीयको भनाई छ । बुढापाकाहरूको अनुसार एक जना सुब्बा थरका मानिसले भैंसी काटेर बाँकी रहेको फोहोर र लिदी त्यस पोखरीमा फालेदेखी पानी थुक्न थालेको हो भन्ने भनाई छ । प्राकृतिक रुपमा यो स्थान रमणीय छ । पोखरीको डिलबाट दक्षिण तर्फ केराबारी गाउँपाििलकाको केन्द्र केराबारी बजार, बेलबारी र सुन्दरहरैँचाको बिराटचोक बजार अवलोकन गर्न सकिन्छ ।

**३. जाल्पादेवी मन्दिर**

केराबारी गाउँपालिकाको वडा नं ५ शान्ति चोक देखी करिब १ किलोमिटर उत्तर सालघारी सामुदायिक बन संगै जाल्पादेवी मन्दिर पर्यटकिय क्षेत्र छ । यो क्षेत्रमा मानव बस्ति बस्न थालेको बेलामा पानीको मूल थियो त्यहा नुहाई धुवाई गर्ने वा फोहोर गरेको खण्डमा बस्तिमा बाघ आएर क्षति गर्ने गरेको सुनिदै आएको स्थानीयको भनाई छ । यस्तो घटनाहरू बढेपछि उक्त स्थानमा देबी थानको स्थापना गरि सोही बेला देखिनै पुजा आजा गर्ने चलन चलको भनाइ छ । हाल त्यस स्थानमा सबै धर्मावलम्बीहरूले पुजाआजा गर्ने गरेको र सबैको धार्मिक आस्थाको केन्द्रको रुपमा छ ।

**४. केराबारी भ्यू**

केराबारी गाउँपालिकाको केन्द्र देखी ३ किलोमिटर उत्तरमा अवस्थित केराबारी भ्यू पर्यटकिय क्षेत्र विकासको सम्भाबित स्थलको रुपमा रहेको छ । ट्रेकिङ र हाइकिङ् रुचाउने पर्यटकहरूलाई सो स्थानसम्म पुग्न लगभग १ घण्टा लाग्छ । केराबारी सिंहदेवी समेवा सडक खण्डमा पर्ने यो स्थल केराबारी गाउँपालिकाको केन्द्र देखी पहुँचका हिसाबले सबै भन्दा कम दुरीमा रहेको क्षेत्र हो । नीजी सवारी साधन प्रयोग गरि यस स्थान सम्मको यात्रा गर्न सकिन्छ यो स्थान जैविक विविधता र दृष्यावलोकन गर्न सकिने यो स्थान प्राकृतिक रुपमा नै सुन्दर छ विस्तारै यो क्षेत्र धार्मिक आश्था संग पनि जोडिदै विकसित हुन पुगेको छ । यहाँ निर्माण भएको किराँत सत्याहाङ मन्दिरले किराँत धर्मावलम्बीहरूलाई समेत आकर्षित गर्ने देखिन्छ ।

**५. तामा झरना**

गाउँपालिकाको मुख्य केन्द्र देखी पश्चिम खदम खोला तरेर मुगु हुँदै ६ किलोमिटर पक्कि र ७ किलोमिटर कच्ची सडक पार गर्दै नर्कटे भएर चिउरी भञ्याङ करिब १३ किलोमिटर यात्रा गर्नुपर्दछ । यसै गरी याङशिलाको आँपटार देखि टाकुरे हुँदै करिब ५ किलोमिटर कच्ची सडको यात्रा गरेपछि चिउरी भञ्याङ पुग्न सकिन्छ ।

२०२५ सालातिर यस क्षेत्रमा तामा जस्तो लेदो खनिज पदार्थ निस्कने गरेको भनाई छ । त्यस बेला पानी समेत हरियो हुने गरेको अग्रजहरूको भनाई छ । भनिन्छ, यस ठाउँमा खनिज पदार्थको खोज र अनुसन्धान गर्न विदेशीहरू आएका थिए र तिनिहरूले त्यहाँको खनिज पदार्थ लगेको कारण त्यहाँको पानी हरियो आउन छाडेको हो । तामाको भाँडामा पानी राख्दा हुने प्रतिक्रियाका कारण त्यस ठाउँको नाम तामा झरना हुन गएको मानिन्छ । पहाडी भुभागको मनोरम र चारैतीर जंगलले घेरिएर रहको मनोमोहक स्थानमा रहेको झरना आफैमा अनुपन सुन्दरताले भरिपूर्ण छ । त्यसै गरी जैविक विविधता अनेक प्रजाजितका चराचुरुङगी, जंगली जनावरहरू, सदावहार तथा पतझड मिश्रित जंगल यस क्षेत्रको पर्यटकिय महत्वका पक्ष हुन् ।

### ६. बिमिरे सिमसार

केराबारी गाउँपालिका वडा नं. ६ मा पर्ने बिमिरे सिमसार वरीपरि डाँडाले घेरेको बिचमा पोखरी रहेको स्थान भएको हुनाले आकर्षक छ । सिमसार क्षेत्रमा जंगलबाट पानीको मूल फुटेर आएको छ । यहाँ विभिन्न जातका चराचुरुङगीहरू छन् । तिनिहरू यहाँको सिमसार क्षेत्रमा बसेर रमाउछन् । फुल पार्ने तथा बच्चाबच्ची हुर्काउने गरी चैत्र बैशाख महिना सम्म त्यसै स्थान वरपर रम्ने गर्दछन् । सिमसार क्षेत्रमा अनेक प्रकारका जडिबुटी, बनस्पती र बन्य जन्तु तथा चराचुरुङ्गी पाइन्छन् ।

### ७. सप्तकन्या गुफा

सप्तकन्या गुफा पुग्नका लागी याङशिलाको आँपटारबाट साना सवारी साधनमा करिब १ घण्टाको उकालो यात्रा गर्नुपर्दछ । नर्कटे र चिउरी भञ्याङ हुँदै चनौटे भन्ने गाउँमा पुगेपछि लगभग ३० मिनेट जति ओरालो झर्दा सप्तकन्या गुफा नजिकैको कोप्चे खोलाको मुहान पुग्न सकिन्छ । यसै कोप्चे खोलाको भिरमा सप्तकन्या गुफा पर्दछ । यहाँको यात्रा गर्दा बाटोमा पर्ने आँपटार, नर्कटे र चिउरी भञ्याङका पसलहरूमा खाना र बस्नका लागि सुविधा पाउन सकिन्छ । पैदल यात्रीहरूले चनौटेको बाटो प्रयोग गरि पाटी गाउँको समलामा अवस्थित महादेव-पार्वती गुफा सम्म पुगेर धनकुटाको डाँडा बजारतीर बाट पनि भेडेटार हुँदै यता तिर फर्किन तथा त्यतैतिर बाट यस स्थान सम्म पुग्न सकिन्छ । तर यो बाटो भन्दा याङ्शिलाको बाटो केही छोटो र सुविधाजनक छ ।

पहरोमा लेउले हरियो भएको सप्तकन्या गुफाको आकृति हेर्दा अनौठो लाग्दछ । स्थानीय बासीको भनाई अनुसार यस गुफामा ७ वटी देबीको बास रहेकाले सप्तकन्या गुफा भनिएको हो । यो गुफामा विभिन्न प्रकारका दियो, घण्टि, मादल र देवीको आकृति देख्न सकिन्छ । स्थानीय मानिसहरू यस गुफामा नवदुर्गाको बास रहेको विस्वास गर्दछन् । गुफामा पुरै लेउले ढाकिएको हुँदा पस्न निकै चुनौतीपूर्ण छ ।

### ८. चिउरी भञ्ज्याङ्ग

केराबारी गाउँपालिकाबाट करिब १३ किलोमिटर दुरी तय गरेपछि वडा नं. ४ को केन्द्र चिउरी भञ्ज्याङ्ग पुग्न सकिन्छ । वडाको केन्द्रको रुपमा रहेको चिउरी भञ्ज्याङ्ग आफैंमा सुन्दर र आकर्षक पर्यटकिय स्थान बन्ने सम्भावना छ । वर्यावरणीय र प्राकृतिक रुपमा बाह्रैमास चिसो मौसमका कारण धेरै आगन्तुकहरूको मन लोभ्याउन सक्ने देखिन्छ । यसैको वरीपरी अन्य पर्यटकिय स्थानहरूको विकास र प्रवद्र्धन गर्न सकिने सम्भावना छ । यस क्षेत्रको महत्व मूलतः पर्यावरणीय पर्याटन हो । अध्ययन अनुसन्धान लगायत प्राकृतिक सौन्दर्यता, दृष्यावलोकन र पदयात्राको महत्व बढाउन सकिने छ ।

चिउरी भञ्याङलाई केन्द्र बिन्दु बनाएर यहाँ रहेका वरीपरिका पर्यटकिय स्थानको तोपथुम्की डाँडा, शैलुङ गुम्बा, सप्तकन्या गुफा, चनौटे ढुँगा, सिद्ध थुम्की डाँडा लगायतका क्षेत्रहरूको प्रवद्र्धन गर्न सकेमा यो क्षेत्र निकै महत्वपूर्ण पर्यटकिय गन्तब्य बन्ने छ । प्राकृतिक सौन्दर्यताको यस क्षेत्र जैविक विविधताको प्रचुर सम्भावना भएको ठाउँ हो । यस ठाउँबाट धनकुटाको पर्यटकिय स्थान ओख्रे, नाम्जे, राजारानी लगायतका स्थान सम्म सहजै पुग्न सकिन्छ ।

**९. मगर संग्रहालय**

मगर संग्रहालय र भोगटेनी पर्यटकिय क्षेत्र गाउँपालिकाको केन्द्र केराबारीबाट करिब ८ किलोमिटर उत्तरमा पर्दछ । केराबारी समेवा सडक खण्डमा पर्ने यो पर्यटकिय क्षेत्र ट्रेकिङ र हाइकिङ् गरेर करिब ३ घण्टामा पुग्न सकिन्छ । वडा नं ३ मा रहेको यो संग्रहालय जान सार्वजनिक यातायात उपलब्ध भएपनि त्यति भरपर्दो भने छैन । निजि साधन प्रयोग गरेर सहजै पुग्न सकिन्छ । भोगटेनी पर्यटकिय क्षेत्र ऐतिहासिक रुपमा मगर समुदायको बसोबास क्षेत्रको रुपमा परिचित छ । ३ हजार २ सय ५० फिटदेखि ३ हजार ३ सय फिटको उचाइमा रहेको यो स्थान रमणीय पर्यटकीय गन्तब्यको रुपमा छ । प्राकृतिक सुन्दरता, जैविकि विविधता र मगर जातिको बसोबासको क्षेत्रको रुपमा रहेको हुँदा यस पर्यटकीय क्षेत्रले दृष्यावलोकन, सुन्दरता, जैविक विविधताको र साँस्कृतिक पर्यटनको दरिलो सम्भावना बोकेको छ । यहाँ बन्न लागेको मगर संग्रहालय यस क्षेत्रको पर्यटन विस्तृत परियोजना प्रस्ताव स्क्रित भई प्रदेश १ सरकारबाट संग्रहालय निर्माणधीन अवश्थामा छ । यस संग्रहालयले पूर्वी भेगमा भएका मगर समुदायको रितिथिति, भेषभुषा, कला साहित्य, भाषा र संस्कृति खानपान जस्ता विषयहरूमा पर्यटकहरूलाई यथेष्ट जानकारी प्रदान गरी पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ । मगर संग्रहालय रहने स्थानबाट उत्तरतर्फ महाभारत पर्वत शृंखलाको अवलोकन गर्न सकिन्छ भने दक्षिण तर्फ तराइको समतल भूभाग सहजै अवलोकन गर्न सकिन्छ ।

**१०. साङ्गे नाङ्साल शैलुङ गुम्बा**

साङ्गे नाङसाल शैलुङ गुम्बा पुग्नको लागि केराबारी गाउँपालिका लामिटार हुँदै करिब ११ किलोटिर दुरी पार गर्नुपर्छ । पैदल यात्रा गर्दा डेढ घण्टा लाग्छ । केराबारी गाउँपालिका वडा नं ४ मा पर्ने यस क्षेत्र गुम्बा क्षेत्रको परिपरिको मनोरम प्राकृतिक वातावरणको कारण पर्यटकिय गन्तब्य हुन सक्छ । प्राकृतिक तथा पर्यावरणीय दृष्टिकोणले निकै मनमोहक क्षेत्र भएको हुँदा यहाँबाट तराइ र पहाडको दृश्यावलोकन गर्न सकिन्छ । गर्मी मौसममा तराइबाट सितलमा रमाउन आउने आगन्तुकहरूलाई लोभ्याउन सक्ने वातावरण यहाँ छ । यो गुम्बा बौद्धधर्मावलम्बीहरूको लागि जति आस्थाको केन्द्र छ त्यतिनै प्राकृतिक रुपमा सौन्दर्र्य पनि छ ।

**११. महादेव पार्वती गुफा**

केराबारी देखी ६ किलोमिटर उत्तर पश्चिममा महादेव पार्वती गुफा अवस्थित छ । केराबारी पाटी सकडक खण्डमा पर्ने यो क्षेत्र केराबारी बजारको पश्चिमतिरबाट खदम खोलाको किनारै किनार करिब डेढ घण्टाको उकालो हिँडेपछि वडा नम्बर ७ को फेदी भन्ने सानो गाउँ भेटिन्छ ,जुन गाउँलाई दोभान पनि भन्ने गन्छि । दोभानबाट करिब २ घण्टाको उकालो चढेपछि सामला भन्ने अर्को सानो गाउँमा पुग्न सकिन्छ । त्यहाँबाट करिब ३० मिनेटको ओरालो झरेपछि सुन्दर र रहस्यमय महादेव पार्वतीको गुफामा पुग्न सकिन्छ ।

यस गुफाभित्र महादेव-पार्वतीको आकृतिका साथै अन्य विभिन्न प्रकारका देवीदेवता र जनावर जस्ता बस्तुहरूका आकृतिहरू संगमरमरले सजिएको जस्ता देखिन्छन् । बाहैर मास एकैनासे पानी झरिरहने

हुँदा गुफाभित्र गर्मिको अनुभव हुँदैन । त्यहाँ प्रचलित किम्बदन्ती अनुसार परापूर्व कालमा भगवान ब्रम्हालाई राक्षसहरूे खान खोजेछन् । त्यसपछि सबै देवताहरू डराएर उक्त ठाउँमा लुकेका थिए भन्ने स्थानीय बासिन्दाको भनाई छ ।
गुफा सम्म पुग्न सिँडी चढ्दै जाँदा देब्रेपट्टी अर्को एउटा सानो गुफाको आकृति छ जहाँ पुजा गरेर मात्र प्रमुख गुफाभित्र प्रवेश गरिन्छ । गुफाको मुख निकै सानो छ जसमा एक पटकमा एक जना भन्दा बढी मानिसहरू भित्र पस्न गाह्रो हुने गर्दछ । गुफा भित्रको क्षेत्रफल करिब १० बर्ग फिट रहेको छ ।

**१२. चौकी डाँडा (थाम डाँडा)**

चौकी डाँडा केराबारी गाउँपालिकाको केन्द्र केराबारी बजारबाट करिब ६ घण्टाको पैदल यात्रा गरेर पुग्न सकिन्छ । यहाँसम्म सडकको ट्र्याक खोल्ने काम भइरहेको छ । तर सार्वजनिक यातायात संचालन हुने अवस्थामा छैन । केराबारी देखी धरान भेडेटार हुँदै धनकुटाको डाँडाबजार सम्म ५० किलोमिटरको यात्रामा सार्वजनिक यातायात प्रयोग गर्न सकिन्छ । डाँडाबजारको दक्षिणतर्फ रहेको चौकीडाँडा भने डाँडाबजारबाट करिब ४५ मिनेटको पैदल यात्रापछि पुग्न सकिन्छ । चौकी डाँडा धनकुटाको साँगुरीगढी गाउँपालिका र केराबारीको सिमानामा पर्ने पर्यटकीय हो ।
चौकीडाँडा ऐतिहासिक दृष्टिले महत्पूर्ण छ । यो अंग्रेजहरूसंगको लडाइसंग जोडिएको मान्यता छ । यहाँ ठुलाठुला ढुङगाहरूको पर्खाल अवशषका रुपमा अझै पनि देख्न सकिन्छ । यो डाँडा जैविक विविधताको हिसाबले पनि महत्वपूर्ण छ ।

**१३. बाघ दुलो**

बाघ दुलो केराबारी गाउँपालिकाको केन्द्र देखी उत्तर हुँदै बेलबोटे दोभान समला हुँदै १ नम्बर वडाको केन्द्र करिब २२ किलोमिटर उत्तर वडाको केन्द्रमै अवस्थित रहेको पर्यटकीय क्षेत्र हो । ट्रेकिङ र हाइकिङ रुचाउने पर्यटकका लागि केराबारी गाउँपालिकाको केन्द्रबाट उत्तर ६ घण्टाको पैदल यात्रागरी यस स्थान सम्म पुग्न सकिन्छ । त्यसैगरी बैकल्पिक मार्गको रुपमा धरान भेडेटार आखे्र हुँदै रबि सडकको १२ किलोमिटर यात्रापछि डाँडाबजार र त्यहाँबाट १ किलोमिटर पूर्वबाट छुट्टिने पाटी गाउँ सडक खण्डको करिब ८ किलोमिटर दक्षिण पाटी बजारको नजिकै यो पर्यटकीय क्षेत्रमा पुग्न सकिन्छ
पहिले यस गुफामा एउटा बाघ बस्ने गरेको र त्यसले सो स्थानबाट आवतजावत गर्ने जंगली जनावर र मानिस समेतलाई घात लगाएर सिकार गर्ने गरेको हुँदा त्यस गुफाको नाम बाघ दुलो रहन गएको हो भन्ने मान्यता पाइन्छ । पहिले सो गुफा १०० मिटरसम्म लामो रहेको र त्यसमा मानिसहरू सहज रुपमा आवतजावत गर्ने गर्दथे । पछि गाई बाख्रा चराउने गोठाला र बालबालिकाहरू त्यस गुफाभित्र छिरेर खेल्ने र दुर्घटनामा पर्न थालेदेखि त्यसको दुलो टालिएको थियो । हाल गुफाको मुखबाट १० मिटर भित्रसम्म मात्र जान सकिने अवस्था छ । मगर समुदायले विशेष पूजाआजा गर्ने र धार्मिक आस्था समेत यस ओडारसंग जोडिएको हुँदा यसको आफ्नै महत्व छ ।

### १४. नाम्दीङ्गोरी झरना

नाम्दीङ्गोरी झरना केराबारी गाउँपालिकाको केन्द्र देखी उत्तर हँदै बेलबोटे दोभान समला हुँदै करिब २२ किलोमिटर उत्तर वडाको केन्द्र पाटी बजारदेखि ३ किलोमिटर पुर्व खोलामा अवस्थित छ । ट्रेकिङ र हाइकिङ रुचाउने पर्यटकका लागि केराबारी गाउँपालिकाको केन्द्रबाट उत्तर ६ घण्टाको पैदल यात्रा गरी वडाको केन्द्रसम्म र त्यहाँबाट करिब १ घण्टा पूर्वको यात्रापछि यस स्थानसम्म र वैकल्पिक मार्गका रुपमा धरान भेडेटार ओख्रे हुँदै रबि सडकको १२ किलोमिटर यात्रापछि डाँडाबाजर र त्यहाबाट १ किलोमिटर पूर्व छुटिने पाटी गाउँ सडक खण्डको करिब ८ किलोमिटर दक्षिण १ नम्बर वडाको केन्द्र पाटी बजार पुगेर करिब १ घण्टाको पैदल यात्राबाट यो झरना पुग्न सकिन्छ ।

### १५. तोपथुम्की डाँडा

केराबारी गाउँपालिका देखि चिउरी भञ्याङ सम्म करिब १० किलोमिटर र त्यहाँबाट पश्चिम करिब १ दशमलव ५ किलोमिटर दुरी पार गरेर पुग्न सकिन्छ । यो केराबारी गाउँपालिका वडा नं ४ मा पर्दछ । विजयपुर राज्यको पूर्वी किल्लाको रुपमा ऐतिहासिक महत्व बोकेको यो क्षेत्रबाट धरान लगायत तराइको मनोरम दृश्यावलोकन गर्न सकिने क्षेत्र हो । २०४५ सालको भकम्प अघि यो क्षेत्रमा तोपको अकार दुई ढुंगा रहेकोमा त्यतिबेला तोपको घरिघरि आवाज आउने गर्दथ्यो । भन्ने भनाई छ । नयाँ बेहुलाबेहुली यस क्षेत्रबाट आउँदा जाँदा अनर्थ हुने किम्बदन्ती समेत छ । यसैगरी यहाँको ढुँगाको चेपमा कपडा जल्ने भनाइ पनि छ ।

प्राकृतिक तथा पर्यावरणीय दृष्टिकोणले यो क्षेत्रको महत्व निकै छ । डाँडाको चुचुरोबाट समग्र तराइका भूभागहरू नियाल्न सकिन्छ । विविध प्रकारका वनस्पति तथा जीवजन्तुहरूको वासस्थान रहेको यो क्षेत्र आफैँमा पर्यटक लोभ्याउने किसिमकको छ । बिहानको समयमा सूर्यास्तको दृष्य मनमोहक हुने गर्छ यस क्षेत्रको वृहत विकास र प्रबद्र्धनका लागि विस्तृत परियोजना प्रतिवेदन डिपिआर निर्माण भइरहेको छ । डाँडाको चुचुरोसम्म पुग्नका लागि ढुङ्गाको सिँढी निर्माणको काम गाउँपालिकाबाट हुँदैछ ।

### १६. चनौटे ढुंगा

केराबारी गाउँपालिकादेखि लामिटार हुँदै करिब ११ किलोमिटर यात्रापछि यो ठाउँमा पुग्न सकिन्छ । पैदल यात्राबाट झण्डै १ घण्टा ४५ मिनेट समय लाग्न सक्छ भने सानो सवारी साधनबाट १ घण्टाको यात्रापछि पुग्न सकिन्छ । यो केराबारी गाउँपालिकाको वडा नं ४ मा पर्दछ । चुरे क्षेत्रभन्दा केही माथिल्लो क्षेत्रमा पर्ने यो स्थानमा प्राकृतिक रुपमा मनोरम भएको हुँदा पर्यटकीय गतिविधि बढ्न सक्ने सम्भावना बढी छ । करिब ४ फिटको उचाई र १० धुर क्षेत्रफलमा फैलिएको यो चनौटे ढुंगाको क्षेत्रलाई अझै सुन्दर र आकर्षक बनाउन सकिन्छ । यो ठाउँमा देवीथान समेत छ । वरिपरि प्राकृतिक रुपमा मनोरम रहेको साथै जैविक विविधता र जंगली बन्यजन्तुहरू अध्ययन अवलोकनको सम्भावना छ । यहि चनौटे ढुङगाको नामबाट साविक याङ्शिला गाविसको नाम राखिएको हो भन्ने भनाई समेत रहेको छ ।

**१७. सिक्टी सामुदायिक पदमार्ग**

राजारानी सिक्टी सामुदायिक पदमार्ग केराबारी गाउँपालिकाको वडा नं ५ को पश्चिम क्षेत्रमा पर्दछ । गाउँपालिकाको केन्द्र केराबारी बजारबाट वडा नं ६ र ७ हुँदै करिब १० किलोमिटर पश्चिम उत्तरमा पर्दछ । धरान उपमहानरपालिका वडा नं ६ बाट पैदल २ घण्टाको दुरीमा यो स्थान पर्दछ । केराबारी गाउँपालिकाको वडा नं ५ को पश्चिमी क्षत्रमा रहेको राजारानी गाउँको उत्तर पट्टिको राटमाटे डाँडाबाट तराइको र धरानको अवलोकनसंगै पश्चिमको राजारानी सामुदायिक वनको दृश्यावलोकन गर्न सकिन्छ राजारानी हुँदै धरान, इटहरी, विराटनगरका पदयात्रीहरूलाई यस क्षेत्रले आकर्षित गर्न सक्ने प्रवल सम्भावना देखिन्छ । शरिरलाई व्यायामको माध्यमले सन्तुलित राख्न साथै प्रकृतिको सामिप्यता प्राप्त गर्नका लागि सहरी क्षेत्रमा बसोबास गर्ने मानिसहरूका लागि पदयात्रामा निस्कने उपयुक्त स्थान हो ।

**१८. राजारानी धार्मिक पर्यटकीय क्षेत्र**

यो धार्मिक क्षेत्र केराबारी गाउँपालिकाको केन्द्र देखी करिब १० किलोमिटर पश्चिम उत्तरमा पर्दछ । यहाँ पुग्नका लागि वडा नं ६ र ७ हुँदै धरान उपमहानगरपालिकाको ६ नम्बर वडाबाट पायक पर्दछ । यो क्षेत्र केराबारी गाउँपालिका वडा नं ५ मा पर्छ । परापूर्वकालमा राजारानीको बसोबास भएकाले यस ठाउँको नाम राजारानी रहेको भनाई छ । चुरे क्षेत्रको डाँडाको टाकुरामा थपक्क बसेको यो ठाउँ प्राकृतिक एवँ साँस्कृतिक रुपमा निकै सुन्दर छ ।

लिम्बु जातिको बाहुल्य रहेको यो ठाउँमा अन्य जातजातिको समेत समिश्रण रहेको छ । मनोरम, शान्त, चिसो हावापानी र प्राकृतिक सौन्दर्यले भरिपूर्ण हुनुका साथै जंगली जीवजन्तुहरू मृग,हरिण, मयुर, बाँदर र विभिन्न चराचुरुङगीहरू पाइन्छ । जैविक विविधताले भरिपूर्ण रहेको राजारानी क्षेत्र आफैँमा आकर्षक छ । गाउँपालिकाले यो क्षेत्रमा गत वर्ष सडकको ट्र्याक खोल्ने काम भइरहेको छ । व्यवसायिक कृषि पेशामा अग्रसर यहाँका बासिन्दालाई अर्गानिक खेतीमा आकर्षक गराएर कृषि उपजबाट उच्चतम लाभ लिन सकिने अवस्था छ । यहाँबाट सिक्टी जंगल हुँदै धरान उपमहानगरपालिकासम्मको यात्रा रोमाञ्चक हुन्छ ।

**१९. गोकुलेटार पर्यटकीय क्षेत्र**

गोकुलेटार पर्यटकीय क्षेत्र केराबारी गाउँपालिकाको केन्द्रदेखि २ किलोमिटर पश्चिम ६ र ७ नम्बर वडाको सिमानामा अवस्थित छ । यस स्थानसम्म पुग्नका लागि पैदल १ घण्टा लाग्छ । यो क्षेत्र वडा ६, ७ र १० बाट नजिक पर्ने भएको हुँदा बालबालिकाको लागि खेल्ने पार्कको रुपमा विकसित गर्न सकिन्छ । पार्कको अर्को भागमा विभिन्न जातजातिका धार्मिक र साँस्कृतिक पक्ष झल्कने संरचनाहरू निर्माण गर्न सकिन्छ । यस स्थानमा खेल मैदान पनि छ । यसलाई व्यवस्थित गर्न सकेको खण्डमा विभिन्न प्रकारका खेलकुद प्रतियोगिता आयोजना गर्न सकिन्छ ।

त्यसैगरी बन्यजन्तु र बोट बिरुवाहरूको संरक्षण तथा आरक्ष स्थलको रुपमा विकास गर्न सकिन्छ । चारैतिर हरियाली र बीचमा मैदान भएको यो क्षेत्र रमणीय छ । यस स्थानमा पार्क वा धार्मिक साँस्कृतिक संरचनाहरू निर्माण गर्न सकेमा पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ ।

### २०. हात्ती छाँगा गुफा

केराबारीको केन्द्रबाट उत्तर स्थानमा रहेको छ हात्ती छाँगा गुफा । गाउँपालिकाको वडा न. ५ र ४ हुँदै करिब ६ घण्टाको पैदल यात्रा पछि केराबारी वडा नं १ मा रहेको यो स्थान पुग्न सकिन्छ । धरान-भेडेटार हुँदै रबि सडकको ८ किलोमिटर यात्रा गरेपछि साँगुरीगढी गाउँपालिकाको ओख्रे बजार पुग्न सकिन्छ । यहाँबाट करिब ३० मिनेट पैदल यात्रा गरेपछि यो पर्यटकीय स्थल पुग्न सकिन्छ । जनश्रुति अनुसार पहिले उक्त स्थानबाट हात्ती झरेर मरेको हुनाले हात्ती छाँगा गुफा भनेर नामाकरण गरिएको अग्रजहरूको भनाई छ । यो स्थानमा अझै पनि ओढार जस्ता स-साना दुलाहरू छन् । तिनमा विभिन्न प्रकारका जंगली जनावर बस्ने गरेको पाइन्छ । यो गुफा स्थानीय समुदायको धार्मिक मुल्य र मान्यता संग गासिएको छ ।

पहिले पहिले यस स्थानमा पूजाआजा हुने गरेको पाइन्छ । यसले धार्मिक आस्था राख्ने पर्यटकहरूलाई आकर्षित गर्न सक्ने देखिन्छ भने अर्कोतर्फ गुफा अन्वेषण आफैंमा साहसिक पर्यटनको क्षेत्रमा पर्ने भएकोले अरु खालका पर्यटकका लागि समेत यो स्थान आर्कषण बन्न सक्छ ।

### २१. सातपत्रे सिमसार

केराबारी गाउँपालिकाको दक्षिणी चारकोसे जंगलभित्र वडा नं ९ मा रहेको जंगलभित्र देवीझोडा सिरान पश्चिम सिंहदेवी सामुदायिक वन क्षेत्रमा पर्ने यो स्थान पुग्न करिब ५ किलोमिटर दुरी पार गर्नुपर्छ । पूर्वपश्चिम राजमार्गबाट उत्तर शुक्रपथ सडक हुँदै करिब ६ किलोमिटर दुरीमा पर्दछ । इतिहास केलाउँदा २०१६ सालतिर यस आसपासमा बस्ती विस्तारसंगै २०२२ सालतिर सिंहदेवी मन्दिर स्थापना गरी पुजाआजा गर्न थालेको पाइन्छ । सिंहदेवीको नामबाट नै सिंहदेवी सामुदायिक वनको नाम र वस्तीको नाम देवीझोडा रहन गएको हो ।

यस क्षेत्रमा अनौठो स-साना चुरे पहाडहरू शृंखलाबद्ध भएर रहेका छन् । सातपत्रे अर्थात पत्रैपत्र जस्तो आकारका देखिने खोल्सी सहितको भूबनोट यहाँको मुख्य विषेशता हो । यसको अवलोकन र अध्ययन गर्नु महत्वपूर्ण हुन सक्छ । जैविक विविधता र प्राकृतिक रुपमा जंगल क्षेत्रमा रहेको यो ठाउँ भिन्न प्रकारको गन्तव्य स्थान बनाउन सकिने देखिन्छ । विभिन्न वनस्पति र चराचुरुङगीको बासस्थान रहेको यस क्षेत्रमा बँदेल, हरिण, मृग, बाह्रसिंहे, गोहोरो, सालक, मयूर, दुम्सी, धनेश आदि पाइन्छ ।

### गाउँपालिकाको अन्तर सम्बन्ध

केराबारी गाउँपालिका र यहाँका निवासीको अन्तर सम्बन्ध विशेषगरी छिमेकी न.पा./गा.पा. र बजारहरूसँग रहेको देखिन्छ । यसको अन्तर सम्बन्ध ज्यादा मात्रामा लेटाङ, सुन्दरहरैंचा, धरान र बेलबारीसँग रहेको छ । खोर्साने–केराबारी, केराबारी- पानबारी हुँदै–धरान, इटहरी-बेलबारी –केराबारी सडकले यहाँका गाउँहरूलाई जोड्ने काम गरेको छ । यहाँका मानिसहरू दैनिक रोजगारीको लागि विराटनगर, इटहरी, धरान, बेलबारी र अन्य आसपासका बजारतर्फ पनि जाने गर्दछन् । यस ठाउँमा उत्पादित कृषिजन्य र पशुजन्य वस्तुहरूको बिक्री वितरण गर्नुका साथै श्रमिकहरूको आपूर्ती धरान र अन्य

पालिकाको बजारमा गरि आएको छ । यसका अलावा सिमावर्ती गाउँ र स्थानीय बजारहरूमा पनि कृषि उत्पादनहरू बेचबिखन हुने प्रशस्त संभावना रहेको छ ।
पशुपंक्षीको खरीद बिक्रीको लागि यस भेगमा स्थानीय बजारहरू पनि लाग्ने गरेका छन् । गाउँपालिकालाई चाहिने अन्य कृषि सामग्री र खाद्य सामग्री लगायत दैनिक आवश्यकताका वस्तुहरूको आयात मूलतः धरान उपमहानगरपालिका र अन्य पालिकाबाट हुने गरेको पाइन्छ । यस बाहेक केराबारी गाउँपालिकाको अन्तरसम्बन्ध सीमावर्ती लेटाङ बजारसम्म पनि रहेको पाइन्छ ।

**भौगोलिक स्वरूपः**

केराबारी मोरङको उत्तर पश्चिमी भागमा पर्ने गाउँपालिका हो । धनकुटा र सुनसरी जिल्लासँग समेत सिमाना जोडिएको यस गाउँपालिकाको उत्तरतर्फ पहाडी भाग छ । यसको दक्षिणी भाग भने केही तराई र भाबर क्षेत्रमा पर्दछ । यसको जमिनको ढाल दक्षिणतर्फ भिरालो परेर गएको छ । यस गाउँपालिकाको दक्षिणी भागमा चारकोशे झाडीको अवस्थिति छ भने यसको बीचबीचमा पनि पहाडी भागमा वनजंगल रहेको पाइन्छ । तसर्थ वन सम्पदाका दृष्टिले यो गाउँपालिका निकै सम्पन्न छ । यस गाउँपालिकाबाट थुप्रै खोलानाला उत्पत्ति भएर बगेका छन् । यहाँको जमिनको ढाल दक्षिणतिर फर्किएको हुनाले यसको पहाडी भागबाट उत्पत्ति भएका खोलानाला सवै दक्षिणतिर बग्ने गरेका छन् । यस गाउँपालिकामा पहाड, भाबर र तराई जस्ता तीनवटै स्वरूप पाइन्छन् । यसैगरी यस भेगमा चुरेको अवशेष पनि पाइने हुनाले केराबारी गाउँपालिका भौगोलिक रूपमा विविधताले भरपुर छ ।

| **गाउँपालिकाको नाम** | | **केराबारी गाउँपालिका** | |
|---|---|---|---|
| क | **गाउँपालिकाको स्थापना** | २०७३ फागुन २७ गते | |
| ख | **क्षेत्रफल** | २१९।८३ वर्गकिलोमिटर | |
| ग | **राजनैतिक तथा प्रशासनिक सिमाना** | पूर्व | लेटाङ नगरपालिका |
| | | पश्चिम | सुनसरी जिल्ला |
| | | उत्तर | धनकुटा जिल्ला |
| | | दक्षिण | सुन्दरहरैचा नगरपालिका |
| घ | **राजनैतिक, प्रशासनिक बिभाजन** | **सङ्घीय प्रदेश कोशी** | |
| | | विकाश क्षेत्र | पूर्वाञ्चल |
| | | अञ्चल | कोशी |
| | | जिल्ला | मोरङ |
| | | जिल्ला सदरमुकाम | विराटनगर |
| | | जम्मा वडा सङ्ख्या | १० |

| | | | |
|---|---|---|---|
| | | वडा कार्यालय सङ्ख्या | १० |
| ङ | **भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल** | | |
| १ | भौगोलिक अवस्था | धेरै पहाड थोरै तराई | |
| २ | क्षेत्रफल | २१९.८३ वर्गकिलोमिटर | |
| ३ | कृषियोग्य जमिन | ९८४८ हेक्टर | |
| ४ | कृषि क्षेत्र | ६५ प्रतिशत | |
| ५ | कृषि क्षेत्र | ३५ प्रतिशत | |
| ६ | समुन्द्र सतह देखि उचाई | ७५ देखि २,४१० मिटर | |
| ७ | तापक्रम | १२ देखि ३८ डिग्री सेल्सियस | |
| ८ | औशत वर्षा | १,६५० मिलिमिटर | |
| च | **जनसङ्ख्या** | | |
| ९ | | २०६८ साल | २०७८ साल |
| | कुल परिवार सङ्ख्या | ७,०२० | ८,५७३ |
| १० | कुल जनसङ्ख्या | ३०,९०८ | ३४,५०४ जना |
| ११ | महिला | १६,७६५ | १८०८९ |
| १२ | पुरुष | १४१४३ | १६४१५ |
| १३ | लैङ्गिक अनुपात | ९०.७५ | |
| छ | **शैक्षिक स्थिति** | | |
| १४ | कुल साक्षरता | ८१.१ प्रतिशत | |
| १५ | पुरुष | ८६.८ प्रतिशत | |
| १६ | महिला | ६७ प्रतिशत | |
| | **घर तथा अन्य विविध अवस्था** | | |
| १७ | जस्ता, टिन।च्यादर भएका घर | ७,६६७ घर (८९.४%) | |
| १८ | सिमेन्ट ढलान भएको घर | ७५५ घर (८.८%) | |
| १९ | खर, पराल, छ्वाली भएको घर | ७४ घर (०.९%) | |
| २० | टायल, खपटा, झिँगटी भएको घर | ५३ घर (०.६%) | |
| २१ | ढुङ्गा, स्लेट, भएका घर | ०.१% | |
| | **विद्यालय** | | |
| २२ | संस्थागत विद्यालय | ७ वटा | |
| २३ | सामुदायिक विद्यालयहरू | ३८ वटा | |
| २४ | बालविकास केन्द्र | ४८ वटा | |
| २५ | सामुदायिक सिकाइ केन्द्र | २ वटा | |
| २६ | पुस्तकालय | १ वटा | |
| २७ | प्राविधिकधार सञ्चालित विद्यालय | १ वटा (मच्छिन्द्र मा.वि.मा पशु विज्ञान) | |

| | | |
|---|---|---|
| २८ | क्याम्पस | १ वटा |
| ञ | **प्रमुख ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू** | |
| २९ | जेफाले भ्यूटावर तथा होमस्टे | केराबारी-२, सिंहदेवी |
| ३० | तोप थुम्की किल्ला | केराबारी ४, चिउरी भन्ज्याङ्ग |
| ३१ | तामा झरना | केराबारी ४, चिउरी भन्ज्याङ्ग |
| ३२ | कोर्ना झरना | केराबारी १, पाटीगाउँ |
| ३३ | ओख्रे भ्यूटावर | केराबारी-४, ओख्रे, याङ्शिला |

**ङ) वडा विभाजन**

केराबारी गाउँपालिका मोरङको उत्तरपश्चिममा रहेको गाउँपालिका हो । यस गाउँपालिकाको उत्तरी भाग केही पूर्वतिर घुम्रिएको छ । यसको दक्षिणी भागमा पनि पूर्वतिरबाट एउटा सानो चोसो निस्किएको छ । यसको अवस्थिति निम्नानुसारको छ ।

| नयाँ वडाहरू | समावेश भएका साविक गा.वि.स. | साविक वडा नं. | केन्द्र |
|---|---|---|---|
| १ | पाटी गा.वि.स.वडा नं. १-९ | केराबारी वडा नं १ | |
| २ | सिंहदेवी गा.वि.स वडा नं. १-९ | केराबारी वडा नं २ | |
| ३ | लेटाङ भोगटेनी न.पा.१ र केराबारी वडा नं. ४ | केराबारी वडा नं. ३ | |
| ४ | याङ्शिला गा.वि.स.१-४, ६, ७ | केराबारी वडा नं ४ | |
| ५ | याङ्शिला गा.वि.स.वडा नं. ५ र ८ | केराबारी वडा नं ५ | |
| ६ | याङ्शिला गा.वि.स. वडा नं ९ र केराबारी ७ | केराबारी वडा नं ६ | |
| ७ | केराबारी गा.वि.स. वडा नं. ६ र ८ | केराबारी वडा नं ७ | |
| ८ | केराबारी गा.वि.स. वडा नं. २ र ५ | केराबारी वडा नं ८ | |
| ९ | केराबारी गा.वि.स. वडा नं. ९ | केराबारी वडा नं ९ | |
| १० | केराबारी गा.वि.स. वडा नं. १ र ३ | केराबारी वडा नं १० | |

# अनुसूची - १८ को १

**१. सामाजिक परीक्षणको पृष्ठभूमी**

समृद्ध, आधुनिक, शान्त र न्यायपूर्ण नेपालको निर्माण गर्ने संकल्प सहित सिर्जना गरिएका ऐन, नियम, कानुन र कार्यविधि सहित संचालित स्थानीय तहरूलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार  स्थानीय तहहरूलाई स्थानीय जनताका लागि आवश्यक सेवा सुविधाहरू व्यवस्थित

र प्रभावकारी तरिकाबाट स्थानीय स्तरमा नै उपलब्ध गराउन सक्ने अधिकार दिएको छ । नेपाल सरकारले स्थानीय तहलाई दिने वित्तिय समानिकरण तथा ससर्त अनुदान सहितको एकमुस्ट बजेट भौतिक, सामाजिक र आर्थिक विकासको लागि केन्द्रित गर्ने कुरामा विशेष जोड दिदै आएको छ । स्थानीय तहमा जाने बजेट त्यहाँ रहेका सम्पूर्ण आवस्यकताहरूलाई समेट्ने गरी ठूलो बजेट स्थानीय तहमा प्राप्त भएको छ ।

यसले स्थानीय तहलाई पूर्ण जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंगको सबै भन्दा नजिकको "घरको सरकार भनेकै स्थानीय सरकार हो" । जसमा मुलत गाउँपालिकाले नागरिकहरूको दुःख बेदनाअनि मर्महरूलाई नजिकबाट नियालेर सोही विषय बस्तुसँग साक्षात्कार भई काम गर्ने भएबाट नागरिकहरूका आशा र अपेक्षा बढि नै हुन्छन् भने यसको दायित्व समेत सोही रुपमा बढ्ने अबश्यम्भावी देखिन्छ । स्थानीय तह तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राही प्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरू अवलम्बन गर्दै आएको छ । स्थानीय स्तरमा भए गरेका काम कारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण विधि एक हो । समग्र पालिकाले वर्ष गरिएका लगनीबाट के-कति उपलव्धी भयो र आगामी वर्ष कस्ता कदम चाल्दा विकास प्रभावकारी बनाउन सकिन्छ भन्ने महत्वपूर्ण कसिको रुपमा सामाजिक परीक्षणलाई लिन सकिन्छ । यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ लाई आधार मानी गरिएको छ । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सरोकारवाला सहितको उपस्थितिमा प्रस्तुत गरिएको छ ।

छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकद्धारा अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा राजश्व परामर्श समिति, न्यायिक समिति, योजना अनुगमन समिति, कार्यपालिका र गाउँपरिषद्मा समेत पेश गर्न अनुरोध गरिन्छ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणात्मक प्रभाव सम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण नै सामाजिक परिक्षण प्रतिवेदन सामाजिक परिक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्नमा केराबारी गाउँपालिकालाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ भन्ने हामीले अपेक्षा गरेका छौं । र यस एकता मिडिया प्रा. लि. ले केराबारी गाउँपालिकाको आ.व. २०८१/०८२ को सामाजिक परीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छ ।

# अनुसूची - १८ को २

**२. सामाजिक परीक्षणको उद्‌देश्य**

यस केराबारी गाउँपालिकाको नीति तथा कार्यक्रमले सामाजिक उत्तरदायित्व पुरा भए नभएको अवस्थाको विश्लेषण गर्नु नै सामाजिक परीक्षणको प्रमुख उद्‌देश्य हो । जसबाट गाउँपालिकाले समाजमा पुऱ्याएको योगदान र सम्पादन गरेका कामको मूल्याङ्कन गरिन्छ । उल्लेखित उद्‌देश्यका अलावा यस गाउँपालिकाको सामाजिक परीक्षण गर्नुका अन्य उद्‌देश्यहरू निम्न बमोजिम रहेका छन् ।

- निर्वाचित जनप्रतिनिधी र जनताको बिचमा विकास र समृद्धि लाई आत्मासाथ गरी कसरी अगाडि बढ्न सकिन्छ र जनताले सहज रुपमा कसरी सेवा प्राप्त गर्न सक्दछन् भन्ने सुझाव सेवा प्रदायकलाई प्राप्त हुनेछ ।
- गाउँपालिकाले निर्वाह गरेको सामाजिक जिम्मेवारीको मूल्याङ्कन गर्ने ।
- गाउँपालिकालाई नागरिक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी, सुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने साथै समुन्नत केराबारी गाउँपालिका निर्माणको सामाजिक फाइदाको समिक्षा गर्ने ।

**३. सामाजिक परीक्षण अध्ययनको विधि**

सकेसम्म परिमाणात्मक तथ्याङ्क र आवस्यकता अनुसार थप गुणात्मक तथ्याङ्कको प्रयोग तथा अध्ययन विश्लेषण गरी सामाजिक कार्य सम्पादन स्थितिको मूल्याङ्कनका साथै सामाजिक योगदान बढाउन अँगाल्नु पर्ने उपायहरूको समेत सुझाव उल्लेख गरी प्रतिवेदन तयार गरिएको छ । सारभूत रुपमा गर्नु पर्ने धेरै कामहरू भएको र नागरिकहरूको गाउँपालिका प्रतिको अपेक्षा समेत अत्यधिक बढ्दो रहेको परिस्थितिको संयोजनलाई समायोजन गर्नु पर्ने कुराको चुनौतिका बिचमा केराबारी गाउँपालिकाका मुख्य विषयलाई आधार लिई गाउँपालिकाले सामाजिक दायित्व निर्वाह गर्नु पर्ने विषयमा केन्द्रीत रही सामाजिक परीक्षण विधि अगाडी बढाईएको अवस्था छ । जस अन्तर्गत देहायका विधिलाई उपयोग गरिएको छ ।

- वडाका प्रतिनिधि तथा कर्मचारीहरूसंगको छलफल ।
- विषयगत शाखाका प्रमुखहरूसंगको छलफल तथा अन्तरक्रिया ।
- कार्यालय अभिलेख जाँच ।
- सर्वेक्षण तथा सूचना संकलन
- सरोकारवाला र मुख्य सूचनादाता सँगको अन्तरक्रिया ।
- उपलब्धि, परिणाम र प्रभाव आदि सूचकको आधारमा मूल्याङ्कन ।
- उपभोक्ता समिति र उपभोक्ता संगको छलफल ।
- जननिर्वाचितहरूसंग समूह छलफलको आयोजना ।
- अन्तरवार्ता ।

### ४. सामाजिक परीक्षण अध्ययनको सीमा

सामाजिक परीक्षण निर्देशिका अनुसार सामाजिक परीक्षणको विधी अनुशरण गर्नु पर्ने देखिए पनि यस परीक्षण प्रतिवेदन तयार गर्ने क्रम सम्म आईपुग्दा तर्कसंगत पेश गरिने आधारहरूका रुपमा आधारित भई कार्यालय अभिलेखको जाँच गरिएको, मुख्य सूचनादाता सँग अन्तरवार्ता लिईएको र लक्षित सरोकारवालासँगको अन्तरक्रियाको आधार लिईएको छ । नीति निर्माणको चरणमा रहेको अवस्थामा सामाजिक परीक्षण आधारभूत अवयवहरूको अध्ययन गर्नु परेको कारणवाट यसमा केही सिमितता रहेको हुन सक्ने कुरालाई स्वीकार गरिएको छ ।

### ५. सामाजिक परीक्षणको आधार

केराबारी गाउँपालिकाको कार्य सम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्य प्रभावको लेखाजोखा गर्न गरिएको यो सामाजिक परीक्षणको आधार देहाय बमोजिम गरिएको छ ।

- केराबारी गाउँपालिकाको नीति रणनीति र आगामी कार्यक्षेत्र र सो को प्रभावकारिता ।
- योजना, कार्यक्रम र वजेट व्यवस्थापन ।
- वातावरण संरक्षण र दीगो विकासमा गाउँपालिकाले खेलेको भूमिका ।
- सेवाग्राहीको हितएवम् नागरिक मैत्री सेवा प्रवाहमा गाउँपालिकाको भूमिका ।
- गाउँपालिकाको कार्यक्षेत्र सो को अनुगमन र मूल्यांकन ।
- महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, एकल महिला, विपन्न एवं पिछडा वर्ग, समुदायको हितका लागि गाउँपालिकाले खेलेको भूमिका ।
- केराबारी गाउँपालिका कार्यालयको संगठन संरचना ।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु , सहकारी, उद्योग, पर्यटन, कला, संस्कृति संरक्षण र विकासमा गाउँपालिकाले दिएको योगदान ।
- केराबारी गाउँपालिकाको सामाजिक योगदान ।
- सरकारी एवम् गैह्र सरकारी, निजीक्षेत्र, नागरिक समाज प्रतिको दायित्व निर्वाह ।

**६. सामाजिक परीक्षणको क्रममा वडा र वडा समितिसंगको बैठक तथा योजना अनुगमन छलफल कार्यक्रमको विवरणः**

| मिति : | स्थान | कार्यक्रमको विवरण | समय |
|---|---|---|---|
| २०८२।१२।११ | केराबारी गाउँपालिका वडा नं. ३ कार्यालय | जनप्रतिनिधि तथा कर्मचारीहरूसँग गत आ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको छलफल, अन्तरक्रिया तथा अनुगमन । | १ घण्टा |
| २०८२।१२।११ | केराबारी गाउँपालिका वडा न. ८ कार्यालय | जनप्रतिनिधि तथा कर्मचारीहरूसँग गत आ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको छलफल, अन्तरक्रिया तथा अनुगमन । | १ घण्टा |
| २०८२।१२।११ | केराबारी गाउँपालिका वडा नं. १० कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूसँग गत आ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | १ घण्टा |
| २०८२।१२।१५ | केराबारी गाउँपालिका वडा नं. ५ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरू संग गत आ.व. मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | १ घण्टा |
| २०८२।१२।१५ | केराबारी गाउँपालिका वडा नं. ६ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरू संग गत आ.व. मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | १ घण्टा |
| २०८२।१२।१५ | केराबारी गाउँपालिका वडा नं. ७ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरू संग गत आ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | १ घण्टा |

| | | | |
|---|---|---|---|
| २०८२।१२।१५ | केराबारी गाउँपालिका वडा नं. ९ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरू संग गत आ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | १ घण्टा |
| २०८३।०२।१२ | केराबारी गाउँपालिकाको कार्यालय | पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरू तथा विभिन्न शाखा र फाँटका प्रमुखहरूसंगको छलफल तथा अन्तरक्रिया सम्पन्न । | |

दफा-९ को (उपदफा-४ बमोजिम)

१. सामाजिक परीक्षणको बृहत छलफल सत्र

क) स्थान, केराबारी गाउँपालिकाको सभाहल

ख) समय, दिउँसो १२ बजेदेखि

ग) अध्यक्षता, गाउँपालिका अध्यक्ष

घ) प्रस्तुति, सामाजिक परीक्षकबाट

ङ) उपस्थित, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष प्रमुख प्रशासकिय अधिकृत, विषयगत शाखाका प्रमुखहरू, वडा अध्यक्षहरू कार्यपालिका सदस्यहरू, र सरोकारवालाहरू

**२. सामाजिक परीक्षण कार्य सञ्चालन विधि, प्रक्रिया तथा समय**

क, सामाजिक परीक्षण भेला कार्यक्रम शुरु गर्नु भन्दा पहिले उपस्थिति पुस्तिका खडा गरिएको छ ।

ख, कार्यक्रमलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार पारि आपसी सहमतिमा सञ्चालन भएको छ ।

ग, केराबारी गाउँपालिकाको वडा वडामा गई निर्वाचित जनप्रतिनिध र कर्मचारीहरू संग छलफल तथा अन्तरक्रिया गरी योजना तथा कार्यक्रमको बारेमा छलफल गरिएको छ र छलफलमा भएको विवरण राखी सहभागि पुस्तिका खडा गरिएको छ ।

घ, विभिन्न शाखा प्रमुखहरूसंग विषय बस्तु संग सम्बन्धित रहेर छलफल र अन्तरक्रिया गरिएको छ

ङ, विभिन्न वडाका वडा सचिवहरू संग छलफल र अन्तरक्रिया गरिएको छ ।

च, छलफल पश्चात योजना स्थल पुगेर नै सम्पन्न योजनाहरूको अनुगमन गरिएको छ ।

छ, सामाजिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिताबारे सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराइएको छ ।

ज, सहजकर्ताले मसौदा विवरण भेलामा प्रस्तुत गरेको छ मसौदा विवरण प्रस्तुत भै सकेपछि सहभागीहरूलाई आफ्नो बिचार राख्ने अवसर दिइयो ।

झ, सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझाव माथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य भएका पक्षहरूलाई जवाफ दिन लगाइएको थियो ।

ञ, सहभागीहरूबाट प्राप्त भएका प्रतिक्रिया तथा सुझावहरू अभिलेख गरिएको छ ।

## अनुसूचि - १७

### सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित, आयोजक, सहजकर्ता तथा सहभागिहरूले पालना गर्नुपर्ने आचार संहिता

१. विषयवस्तु मात्र केन्द्रित रही छलफल गर्ने ।

२. तथ्याङ्क र सूचनाको आधारमा रही विचार राख्ने ।

३. निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।

४. सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवादन गर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने ।

५. ब्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।

६. सहभागिहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।

७. समाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुरा राख्ने ।

८. बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।

९. आफ्ना कुरालाई छोटकरीमा स्पष्ट रुपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।

## केराबारी गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि क्षेत्रगत नीति तथा कार्यक्रम

**क) पूर्वाधार विकासका नीतिहरु :**

१. उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुमा लागत सहभागितालाई विशिष्टिकरण गरी निरन्तरता दिईनेछ ।
२. उपभोक्ता समितिका पदाधिकारीहरुलाई वडा तहमा योजना सञ्चालन अभिमुखिकरण सहित योजना सम्झौता गर्ने व्यवस्था मिलाईनेछ ।
३. स्थानीय दररेटलाई भूगोलको सापेक्षतामा पुनरावलोकन गरिनेछ ।
४. श्रममुलक योजनाहरुमा खरिद दवानी बाहेकका काम स्थानीय श्रमदानबाट सम्पन्न गर्ने नीति लिईनेछ
५. केराबारीको व्यवसायिक क्षेत्रमा ड्रेनदेखि ड्रेनसम्म कालोपत्रे, फुटपाथमा सडकबत्ती र सडक्र डिभाईडर सहित बजारको सुन्दरीकरण योजनालाई सम्पन्न गरिनेछ ।
६. केराबारी गाउँपालिकामा रंगशाला तथा एक बडा एक खेलमैदानको विकासमा जोड दिईनेछ ।
७. बडाबाट पालिका केन्द्रमा जोड्ने सडकलाई विशेष प्राथमिकता दिईनेछ साथै अधुरा तथा बहुवर्षे योजनाहरुलाई उच्च प्राथमिकतामा राखि सञ्चालन गरिनेछ ।
८. केरावारी बजार क्षेत्रमा सार्वजनिक शौचालय तथा बसपार्क निर्माणका लागि विशेष पहल गरिनेछ ।
९. पालिकाका बाँकी रहेका वडाहरुमा वडा कार्यालय भवन निर्माणलाई विशेष प्राथमिकता दिईनेछ ।
१०. पुवार्वाधार विकासका योजनाहरुको लागत अनुमान गर्दा अनिवार्य रुपमा सरोकावालाहरु संग स्थलगत भेला, छलफल गरीने छ ।
११. ठुला प्रकृतिका पूर्वाधारजन्य आयोजनाहरुको अनिवार्य पूर्व सम्भाव्यता अध्ययन / वातावरण प्रभाव मूल्यांकन तथा डि.पि.आर. तयार गरिनेछ ।
१२. सडक निर्माण गर्दा व्यवसायिक क्षेत्रमा ढल निकास, अन्य मैदान क्षेत्रमा एजिङ र पहाडी क्षेत्रमा भित्ता तर्फ ड्रेन सहित पक्की संरचना निर्माण गर्दै लगिनेछ ।
१३. वर्षायाम (जेष्ठ, असार र साउन) मा पहाडी क्षेत्रमा माटो काट्ने र ट्र्याक खोल्ने काम पूर्ण रुपमा बन्द गरिनेछ ।
१४. बजारक्षेत्रका भित्री बाटाहरुमा पेवल ब्लकबाट बाटोको सौन्दर्यकरणलाई गर्दै लगिने छ ।
१५. सडक पुगेका, बस्ती विकास भएका क्षेत्रहरु जोड्ने खोलानदीमा पक्की तथा झोलुङ्गेपुल निर्माणमा जोड दिईनेछ साथै अन्तरपालिका जोड्ने यस्ता संरचनाहरुको निर्माणमा सम्बन्धित पालिकासंग समेत साझेदारीको नीति लिईनेछ ।

१६. संघीय तथा प्रादेशिक सरकारबाट सञ्चालित योजनाहरु यथासिघ्र सम्पन्न गर्न विशेष पहल गरिनेछ
१७. सिंचाईको दिगो व्यवस्थापनका लागि उपभोक्तासँग साझेदारीको नीति अवलम्बन गरी एकिकृत सिंचाई प्रणालीमा जोड दिईनेछ ।
१८. सडक क्षेत्रभित्र परेका विद्युतका पोलहरु हटाई सडक सुरक्षा र सवारी दुर्घटनालाई न्युनिकरण गरिनेछ

१९. सञ्चारमा सहज पहुंच स्थापित गर्ने आवश्यक स्थानहरुमा टावर निर्माणका लागि विशेष पहल गरिनेछ।

२०. खानेपानी तथा सिंचाईका मुहानहरु संरक्षण गरी शहरी खानेपानी आयोजना मार्फत खानेपानीको दिगो व्यवस्थापमा जोड दिईनेछ ।

**ख) सामाजिक विकास सम्बन्धी नीति**

**ख.१ शिक्षा, युवा तथा खेलकुद :**

२१. शिक्षक व्यवस्थापन तथा भाषा शिक्षक अनुदानलाई निरन्तरता दिईने छ ।

२२. केराबारीमा सञ्चालित खदम क्याम्पसको सुदृढिकरणका लागि शैक्षिक अनुदानको व्यवस्था मिलाई संकाय थपगर्न आवश्यक पहल समेत गरिनेछ ।

२३. सामुदायिक विद्यालयका प्र.अ. हरुलाई थप जिम्मेवार बनाउन प्रोत्साहन भत्ताको व्यवस्था मिलाईने छ ।

२४. शैक्षिक संस्थाहरुलाई क्रमशः बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।

२५. शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धि कार्यबिधि कार्यान्वयन गरी विद्यार्थी संख्या कम भएका साथै भौगोलिक रुपमा एक आपसमा नजिक रहेका विद्यालयहरुलाई विद्यालय नक्साङ्कन र सम्भाव्यता अध्ययन समेतको आधारमा कक्षा वा तह घटाउने, एक आपसमा समायोजन गर्ने कार्यलाई जोड दिइनेछ ।

२६. पहाडी भेगमा आवासीय र समथर भुभागमा यातायातको सुविधा सहित क्रमशः ठूला विद्यालय बिग स्कुल सञ्चालन गर्ने  नीति लिइनेछ ।

२७. न्यून शिक्षक दरबन्दी भएका तथा संघीय/प्रदेश सरकारबाट शिक्षक अनुदान प्राप्त नगरेका कक्षा १२ सम्म सञ्चालित विद्यालयहरुलाई शिक्षक अनुदानबापत रकम उपलब्ध गराइनेछ ।

२८. विद्यालय सञ्चालनको लागि दियो स्रोतको सुनिश्चितता भएमा मात्र नयाँ विधालयहरु स्थापना र कक्षा चपको लागि अनुमति प्रदान गरिनेछ ।

२९. विद्यालयको नियमित अनुगमनलाई प्रभावकारी चनाउन पालिका स्तरमा गाउँ शिक्षा समिति र बडा स्तरमा बहा शिक्षा समितिलाई पप सक्रिय बनाउँदै लगिनेछ।

३०. पालिका अध्यक्षकप फुटबल, भलिवल प्रतियोगिता लगायतका अन्य खेलकुद कार्यकमाहरु सजालन गरिने छ ।

३१. स्थानीय भाषा, लिपि, संस्कृतिको संरक्षण र सम्बर्धन गर्दै लगिनेछ । स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक/पठन सामग्री तयार गरी कार्यान्वयन गरिनेछ ।

३२. "एक बडा, एक खेलमैदान निर्माणको कार्य क्रमशःअधि बढाइनेछ । पालिकाको खेलमैदान स्तरोन्नती गरिनेछ साथै खेल क्षेत्रको संस्थागत र दिगो विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

३३. विद्यालयहरुको निरन्तर अनुगमन/सुपरिवेक्षण गरिनुको साथै कार्य सम्पादन सूचकको आधारमा विद्यालय, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने नीति लिइनेछ ।

३४. शिक्षक तथा विद्यालय कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ

३५. विद्यार्थीहरुले बीचैमा विद्यालय छोड्ने दर कम गर्न तथा सिकाइप्रति रुची जागरण गर्नुको साथै भविष्यमा अध्ययन गर्ने क्षेत्र छनौटमा सहयोग समेत गर्नको लागि विद्यार्थीहरुको लागि वृत्ति, परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. अनाथ असहाय र जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।

३७. बालकक्षा सहजकर्ता र विद्यालय कर्मचारीलाई नेपाल सरकारले उपलब्ध गराएको पारिश्रमिक थप गरी न्युनतम पारिश्रमिक पाउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

**ख.२ स्वास्थ्य**

३८. पालिकाका सबै स्वास्थ्य संस्थाहरुबाट आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवालाई निरन्तरता दिईनेछ

३९. अध्यक्षसँग जेष्ठ नागरिक तथा अशक्त अपाङ्गता भएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचारलाई निरन्तरता दिईनेछ

४०. गर्भवती आमाहरुलाई संस्थागत तथा सुरक्षित प्रसुती गराउन उपाध्यक्षसंग सुरक्षित सुत्केरी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४१. पालिका अस्पतालबाट संचालन हुने सेवालाई थप प्रभावकारी बनाउन आवश्यक उपकराको प्रवन्ध मिलाउनका साथै स्वास्थ्य विमा फार्मेसीलाई व्यवस्थित गरी डिसेन्टरहरु गाउँघर क्लिनिक तथा खोप केन्द्रहरुलाई थप व्यवस्थित गर्दै अगिनेछ ।

४२. बर्थिङ सेन्टरहरुमा निःशुल्क **Maternity care Unit** सञ्चालनमा ल्याई आमा र नवजात शिशुको स्वास्थ्य सुरक्षाको प्रबन्धलाई निरन्तरता दिईनेछ ।

४३. स्वास्थ्य बिमा कार्यकमलाई सबै नागरिकको पहुँचमा पु-याउनका लागि हाम्रो स्वास्थ्य हाम्रो बीमा, जटील रोगको छैन सिमा भन्ने नाराका साथ स्वास्थ्य बिमा कार्यकमलाई विशेष जोड दिईने छ ।

४४. क्षयरोगमुक्त पालिका अभियानलाई निरन्तरता दिईनेछ ।

४५. केराबारी गाउँपालिकालाई ५ वर्ष भित्र कुपोषण शुन्य गाउँपालिका बनाउनकालागी पोषला मैत्री स्थानीय तह तथा सेवा विस्तार कार्यकमलाई निरन्तरता दिईनेछ ।

४६. शारीरिक तथा मानसिक स्वास्थ्यलाई सुदृढ गर्न योग तथा ध्यान शिविरहरु संवालन गरीनेछ ।

४७. बालबालिकाहरुलाई दिईने नियमित खोप कार्यकमलाई थप व्यवस्थित गर्दै पूर्ण खोप सुनिधित भएको पालिका घोषणा गरीनेछ ।

४८. पालिका अस्पतालबाट आँखा तथा कानको उपचार सेवा सञ्चालन गरिने छ ।

४९. पोषण मैत्री स्थानीय तह तथा सेवा विस्तार कार्यक्रमलाई प्रभावकारी बनाउन पालन गरे दुरुस्त, बच्चा हुन्छ तन्दुरुस्त भन्ने नाराका साथ कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५०. लागु औषध दुर्व्यसनी विरुद्द निरोधात्मक र उपचारात्मक उपायहरुको अवलम्बन गरिनेछ । यसका लागि दक्ष जनशक्ति र साधन सम्पन्न साझेदारहरुसंग सहकार्य गरिनेछ ।

५१. स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु गरी नागरिकको स्वास्थ्य सम्बन्धि चेतना वृद्धि गरिने छ ।

**ख.३- लैङ्गिक समानता माजिक सुरक्षा र समावेशिकरण**

५२. पर्यटन विकासका लागि होमस्टे सञ्चालन तथा व्यवस्थापन सम्बन्धि सिप विकास तालिम सञ्चालन गरिने छ ।

५३. महिलाहरुको नेतृत्व विकास तथा क्षमता अभिवृद्दी गर्न उद्घोषण, माईन्युट लेखन र लेखा सम्बन्धि तालिम सञ्चालन गरीने छ ।

५४. समाजमा विद्यमान कुरीति, लैङ्गिक हिंसा, विभेद, छुवाछुत जस्ता पछौटेपनलाई न्युनीकरण गर्न ठोस कार्यक्रमहरु ल्याईने छ ।

५५. केराबारी गाउँपालिकालाई २०८३ साल चैत्र महिना भित्र वालमैत्री स्थानीय शासन युक्त पालिका घोषणाका लागि सूचकमा आधारीत कार्यक्रमहरु सञ्चालन गरिने छ ।

५६. ज्येष्ठ नागरिकहरु हाम्रा अभिभावक हुन भन्ने भनाईलाई साकार पार्न जेष्ठ नागरिक सम्मान कार्यक्रम आयोजना गरिने छ ।

५७. सैड़गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि कार्यक्रम सालन गरिने छ ।

५८. अपाङ्गारा भएका व्याक्ति एवम् जेष्ठ नागरिकहरुको जबस्था पारिवारिक हेरचाह अध्ययन गर्नको लागि अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

५९. नैज्ञगिक हिंसामा परेका महिला, बालबालिकाको सुरक्षाका लागि विभिन्न कोषहरुको व्यवस्था गरीनेछ

**ख.४- खानेपानी तथा सरसफाई**

६०. स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि पहाडी क्षेत्रमा श्रोत मुहान संरक्षण, वृक्षारोपण तथा रिजर्व पोखरी निर्माण गरी खानेपानीको आपुर्तीको व्यवस्था मिलाईने छ ।

६१. पहाडी भेगमा आवश्यकतानुसार मुहान संरक्षण, टंकी निर्माण, मर्मत तथा पाईप विस्तार क्रमशः गर्दै लगिनेछ ।

६२. शहरी खानेपानी आयोजनालाई सम्पन्न गर्न विशेष जोड दिईने छ ।

६३. गाउँपालिकाभित्र रहेका खानेपानी उपभोक्ता समितिहरुलाई एकिकृत गरिनेछ ।

६४. फोहरमैला व्यवस्थापनका लागि फोहरको बर्गिकरण, संकलन, डम्पिङ, पुनः प्रयोग तथा विसर्जनलाई दिगो व्यवस्थापन गर्दै लगिनेछ ।

६५. फोहरमैला संकलन तथा व्यवस्थापन सेवालाई विस्तार गरिनेछ ।

**ग) आर्थिक विकास सम्बन्धी नीति**

**ग.१. कृषि तथा सहकारी :**

६६. बड़ा स्तर सम्म बिस्तार भएका कृषि सेवाकेन्द्रलाई थप प्रभावकारी र गतिशिल बनाईनेछ ।

६७. केराबारी बजारमा कृषि बजार संचालन तथा साप्ताहिक हाट बजारहरुलाई थप व्यवस्थित गरिनेछ ।

६८. वन क्षेत्रलाई कृषि उत्पादनसँग जोड्न स्थानीय सामुदायीक वन उपभोक्ता समुहहरु र वन डिभिजन कार्यालयहरुसंगको साझेदारीमा कृषि वन कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।

६९. नमुनाको रुपमा सुरु गरिएको एक टोल विकास एकअसल कृषि अभ्यास कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

७०. संघीय सरकारको समन्वयमा पहिचान भएका वास्तविक किसानहरुलाई किसान परिचयपत्र वितरण गरिनेछ ।

७१. केराबारी गौउपालिका स्तरमा स्थापना भएको माटी परिक्षण प्रयोगशालालाई पूर्णत संचालन गरी हरेक किसानको खेतवारीको माटो परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

७२. किसान तथा उधमी जागरणका लागी कृषि मेला प्रदर्शनी, उत्कृष्ट उद्यमी तथा कृषक पुरस्कार लगायत विभिन्न कृषक समुह विच हाजिरी जवाफ प्रतियोगिता कार्यकमलाई निरन्तरता दिईनेछ।

७३. संधीय सरकारसँग समन्य गरी धान बाली तथा रखरखेती प्रवर्द्धन कार्यकमलाइ निरन्तरता दिइनेछ

७४ विभिन्न तरकारीका विउविजनहरु तथा कृषि उत्पादन सामाग्रीहरु, औजार उपकरणहर किसानहरु संगको लागत साझेदारीमा वितरण गरिनेछ ।

७५. सम्भाव्य क्षेत्रमा फलफुल बगैचाको स्थापना तथा व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

७६. विभिन्न तरकारीका विउविजन, कृषिऔजार तथा उपकरणहरु किसानसँगको लागत साझेदारीमा बितरण गरिनेछ ।

७७. फलफुल बगैचाको स्थापना तथा व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ।

७८. रैथाने बाली प्रवर्दन कार्यक्रम मार्फत निजि सहकारी/ कृषक समुह साझेदारीमा बाली प्रशोधन तथा प्याकेजिङ गरि बजारिकरण गर्न प्रोत्साहन गरिनेछ ।

७९. बाली बिमा कार्यकमलाई प्रभावकारी बनाउन सम्बन्धित बिमा कम्पनीसँग समन्वय गरिनेछ ।

८०. कृषि उद्यम प्रवर्धन गर्न उद्यमीलाई सहकारीहरु मार्फत निचित ऋणमा व्याजमा अनुदान कार्यक्रम पाईलट प्रोजक्टको रुपमा संचालन गरिनेछ ।

८१. गाउँपालिकामा निर्माणाधिन प्राङ्गारिक मल कारखाना सञ्चालन गरी विभिन्न शक्तिवर्धकमल तथा रोग निरोधक जैविक विषाधिहरुको उत्पादन गरी किसान स्तरसम्म पुन्याईने छ ।

८२. कृषि उत्पादनको सम्भावना भएका टोल विकास संस्थामा कम्तीमा १ टोल विकास १ कृषक समुह गठन गरी कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. कृषिका समग्र कार्यकमहरु, वडा स्तरबाट कृषि क्षेत्र भनी तोकिएका क्षेत्रहरुमा विशेष लक्षित गरी संचालन गरिने नीति लिईनेछ ।

८४. सम्भावना भएका सहकारी संस्थाहरुको एकिकरण कार्यलाई निरन्तरता दिईनेछ ।

८५. कृषि जन्य वस्तुको मुल्य श्रृङ्खलामा सहकारी संस्थालाई परिचालन गरिने छ. कृषि उत्पादन सामाग्रीहरु सहज उपलब्धता तथा उत्पादित सामाग्रीहरुको बजारिकरण सहकारी मार्फत गरिनेछ ।

८६. सहकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुका साथै सहकारी संस्थाहरुको अनुगमनको कार्यलाई नियमितता गरिनेछ ।

८७. सार्वजनिक जग्गाको पहिचान गरि सोको अभिलेखिकरण, संरक्षण तथा सदुपयोग नीति अवलम्बन गरिनेछ ।

**ग.२. पशुपन्छी तथा मत्स्य ।**

८८. पशुपंक्षीपालक किसानाहरुलाई पशुमा लाग्ने रोगको निशुल्क चेकजाँच तथा औषधी वितरण कार्यलाई विशेष जोड दिईनेछ

८९. व्यवसायिक रुपमा पशुपालन गर्न चाहने वा गरिरहेका किसानहरुलाई आवश्यक तालिमको व्यवस्था गरिने छ ।

९०. दुग्ध तथा दुग्धजन्य पदार्थको सहज विकी वितरणका लागि खरिद तथा विकी गर्ने सहकारीलाई लागत साझेदारीमा सामाग्रीहरु वितरण गरीनेछ ।

९१. पशुपंक्षीको प्रकोप नियन्त्रण र रोगधामका लागि खोप कार्यकमलाई निरन्तरता दिईनेछ ।

९२. सडक गल्लीमा रहेका छाडा भुस्याहा कुकुरहरुको विगविगीलाई नियन्त्रण गर्न कुकुर बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

९३. पशुको उन्नत नश्ल सुधारका लागि कृतिम गर्भाधान प्रबर्धन कार्यकम सञ्चालन गरिने छ ।

९४. कृषकहरुलाई लागत साझेदारीमा मोटर सहितको चापकटर वितरण गरिने आधुनिक पशुपालनलाई प्रवर्धन गरीने छ ।

९५. रोगी तथा कुपोशित पशुहरुलाई निःशुल्क औषधी, भिटामिन तथा मिनरल्स बितरण गर्ने पशुस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरीने छ ।

९६. पशुपालक कृषकहरुलाई पशु बीमा सम्बन्धि चेतनामुलक कार्यक्रम सञ्चालन गरी पशु विमाकात्तागि अभिप्रेरित गरिनेछ ।

९७. किसान तथा कृषि सहकारी संस्थाहरु संग लागत साझेदारीमा गाई-भैसी, बाख्रा पालन कार्यक्रम सचालन गरिने छ ।

९८. व्यवसायिक कुखुरा पालन प्रबर्धन कार्यक्रम सञ्चालन गरी पालिकालाई कुखुराको मासु तथा अण्डामा आत्मनिर्भर बनाउन जोड दिईने छ ।

**ग.३. उद्‌यम विकास :**

९९. सम्भाव्य लघु उद्‌यमी पहिचान गरी उद्‌यमशीलता विकास तालिम संचालन गरिनेछ ।

१००, लघुउद्‌यमीले छनोट गर्न चाहेको उद्‌यमको व्यवसायिक सम्भाव्यताका आधारमा योजना बनाउन सहजीकरण गरिनेछ ।

१०१. लघु उद्‌यमीहरुलाई प्रविधि हस्तान्तरण साथै व्यवसायिक कर्जाका लागि स्थानीय बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी उत्पादित वस्तुको बजारीकरणमा सहजीकरण गरिनेछ ।

१०२ उद्‌यम विकास कार्यक्रमलाई विशाखा र वडाका कार्यमिक समन्व गरी कार्यान्वयन गरिनेछ ।

**ग. ४ राजश्व :**

१०३. राजस्व व्यवस्थित गर्न करदाता शिक्षा कार्यकम संचालन गरिनेछ ।

१०४. गाउँपालिकाको भू-उपयोग योजना अनुसार करको दर र दायरामा पुनरावलोकन तथा विस्तार गरी समयानुकुल बनाईनेछ

१०५. बजार अनुगमनलाईनियमित गरी राजस्व सङलनको कार्यलाई प्रभावकारी बनाईनेछ ।
१०६. राजस्व सङ्कलनलाई अनलाईन प्रणालीमा आवद्ध गरिनेछ ।
१०७. आन्तरिक स्रोत परिचालनमा नयाँ सम्भावनाहरुको खोजी र उपयोग गरिनेछ ।

**ग.५ पर्यटन :**

१०८. गाउँपालिकाको पर्यटनविकासको गुरुयोजना अनुसार क्रमशः लगानी गरी स्थानीय जार्थीक विकासमा जोड दिईनाइ ।
१०९. पालिका भित्रका पर्यटीय क्षेत्रहरु जोड्ने पदमार्गको पहिचान र कमशः विकास गरिनेछ ।
११०. स्थानीय कला, संस्कृति र साहित्यको संरक्षणर विकासमा जोड दिइनेछ ।
१११. पर्यटन क्षेत्र र यसको पूर्वाधार विकासका लागि स्थानीय संघ, संस्था, समुदायका साथै प्रदेश र संघीय सरकारसंग सहकार्य गरिनेछ ।

**ग.६ रोजगार :**

११२. प्रधानमन्त्री रोजगार कार्यकम मार्फत विकास आयोजनाहरु समेत सञ्चालन गर्न आवश्यक औजार तथा सामाग्री खरिदको प्रवन्ध मिलाईने छ ।
११३. सामुदायिक विकासका लागि युवा परिचालन गरी श्रम संस्कृतिको विकासमा जोड दिइनेछ ।
११४. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजीक्षेत्रसंग सहकार्य र समन्वय गरिनेछ
११५. विकास योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिनेछ ।
११६. वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति र परिवारको सामाजिक तथा आर्थीक पुनः एकिकरण कार्यकम मार्फत मनोसामाजिक स्वास्थ्य, सामाजिक अन्तरघोलन तथा आर्थीक रुपमा आत्मनिर्भर बनाउने कार्यक्रमहरु सञ्चालन गरीने छ ।
११७. "श्रमको सम्मान, राष्ट्रको अभियान" भन्ने नारालाई आत्मसाथ गर्दै कामको सम्मान गर्ने परिपाटीको विकासमा जोड दिइनेछ ।
११८. सामाजिक विभेदीकरणमा परेका र लक्षित वर्ग केन्द्रीत कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
११९. वैदेशिकरोजगारीमा जान चाहने व्यक्तिहरुका लागि सूचना सम्प्रेषण गर्ने तवा स्थानीय तहवाट श्रम स्वीकृती गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
१२०. रोजगारीका सम्भावहरुको खोजी गरी युवा बेरोजगारको संख्यामा न्यूनीकरण गर्दै लगिनेछ ।

**घ) वातावरण तथा विपद व्यवस्थापनः**

१२१. पुरे क्षेत्रको संरक्षण तथा विकासका साथै नदीजन्य पदार्थ आई.ई.ई भएका खोलाक्षेत्र बाहेकका स्थानहरुमा उत्खनन गर्न रोक लगाईनेछ ।
१२२. नदीजन्य पदार्थको अवैध उत्खनन् र चोरी निकासीलाई निरुत्साहित गर्न सहयोग गर्ने व्यक्ति या संस्थालाई पुरस्कृत/प्रोत्साहित गरिनेछ ।
१२३. केराबारी गाउँपालिकाको विपद व्यवस्थापन तथा जलवायु उत्थानगिल योजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

१२४. वैकल्पिक उर्जालाई प्रोत्साहन गरिनेछ, ग्रामिण बढ़तीकरणको विस्तार गर्ने कार्यलाइ निरन्तरता दिइनेछ। विद्युत विस्तार नभएका बडा, टोल तथा बस्तीहरुमा विद्युत विस्तार गर्न आवश्यक पहल गरिने छ ।

१२५. विपदमा परेकाहरुको उद्दार, राहत, पुनस्थापना र पुनर्निमाणको कार्यलाई सरोकार पक्षहरुसंग समन्वय गरी प्राथमिकतासाथ अघि बढाइनेछ

१२६. जल उत्पन्न प्रकोप नियन्त्रण गर्न वायो इन्जिनियरिङ प्रविधिबाट बाढी पहिरो नियन्त्रण गरिनुका साथै रुख जोगाऔं, विरुवा रोपौ भन्ने अभियान मार्फत वृक्षारोपण कार्यक्रम सन्चालन गरिनेछ ।

**ङ) संस्थागत क्षमता विकास, सेवा प्रवाह र सुशासन :**

१२७. केराबारी गाउँपालिकाको डिजिटल प्रोफायल तयार गरीने छ ।

१२८. आर्थिक तथा प्रशासनीक चुस्तता सहित सुशासन कायम गर्न गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका कार्यान्वयनमा ल्याईने छ ।

१२९. गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र जनउत्तरदायी बनाउनुका साथै सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण जस्ता कार्यक्रमहरु मार्फत जनताको गुनासो सुनुवाइ र उचित सम्बोधनको व्यवस्था मिलाईने छ ।

१३०. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि कार्यक्रमहरु सन्चालन गरिनेछ ।

१३१. टोलविकास समितिहरुलाई विकास निर्माण तथा सामाजिक क्रियाकलापहरुमा सक्रिय गराईनेछ ।

१३२. कार्यालयमा कार्यबोझको तथा कर्मचारीको संख्यालाई सन्तुलनमा राख तथा गाउँपालिकाको चालु खर्चलाई नियन्त्रण गर्न संगठन तथा व्यबस्थापन सर्वेक्षण (O&M) गरीने छ ।

१३३. ई-हाजिरीलाई गाउँपालिका अन्तरगर्तका निकाय तथा संस्थाहरुमा क्रमशः विस्तार गर्दै लगिनेछ ।

१३४. कर्मचारी तथा जनप्रतिनिधहरुको सुरक्षालाई ध्यान दिँदै पहिलो चरणमा गाउँपालिकाको नाममा रहेका सवारी साधनहरु ट्रयाकिङ गर्न जिपिएस जडान गरिनेछ ।

१३५. पुराना प्रशासनिक कागजातहरुलाई डिजिटाईजेसन गरिनेछ। पुराना अभिलेख संकलन गरी अभिलेखालय स्थापना गरिनेछ।

१३६. कालोबजारी र नाफाखोरीको अन्त्य साथै आपूर्ति सहजताका लागि स्थानीय प्रशासनसँगको सहकार्यमा आवधिकरुपमा बजार अनुगमन गरिनेछ साथै अवैधानिक रुपमा सञ्चालित व्यवसायलाई कानुनी दायरामा ल्याइनेछ ।

१३७. स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्ने विषयहरुमा कार्य सम्पादन गर्न आवश्यक कानुनहरु निर्माण गर्दै लगिनेछ ।

१३८. गाउँपालिका क्षेत्रमा सञ्चालित योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सशक्त बनाईनेछ ।

१३९. शुन्य वेरुजुको नीति अवलम्बन गरिने छ । महालेखापरिक्षकले औल्याएका वेरुजुहरु सिघ्र फछ्र्योटको व्यवस्था मिलाइनेछ

१४०. स्थानीय तहमा पारदर्शीतार सुशासनको प्रत्याभुति दिलाउन सूचना प्रणालीलाई व्यवस्थित गर्न विद्युतिय सुशासनमा जोड दिईनेछ ।

## आर्थिक वर्ष २०७९/०८० को वार्षिक वास्तविक आय-व्ययको समिक्षात्मक टिप्पणी

गत आर्थिक वर्षको कुल जम्मा रु. ७४ करोड ४७ लाख २ हजार आय रहेको र व्यय तर्फ जम्मा खर्च रु. ५६ करोड २२ लाख २४ हजार रुपैयाँ रहेको छ ।

## केराबारी गाउँपालिकाको चालु आ.व. को आय व्ययको समिक्षा

गाउँपालिकाको चालु आ.व.का लागि वित्तिय समानिकरण अनुदान अन्तर्गत रु. ११ करोड ३५ लाख ७५ हजार, संघीय राजश्व बाँडफाँड रु. ५ करोड ५२ लाख ९७ हजार, संघीय शसर्त अनुदान रु. २२ करोड ४२ लाख ८७ हजार, संघीय समपुरक अनुदान रु. १५ लाख, संघीय विशेष अनुदान रु. ३० लाख, प्रदेश सरकार अनुदान तथा राजश्व बाँडफाँडबाट रु. ३४ लाख ५३ हजार, प्रदेश समपुरक अनुदान रु.३३ लाख, प्रदेश वित्तिय समानिकरण अनुदान रु. ७० लाख ६४ हजार, प्रदेश शसर्त अनुदान रु. २३ लाख ९५ हजार, स्थानीय राजश्व बाँडफाँड रु. २ करोड २८ लाख ५६ हजार र आन्तरिक आय रु. १ करोड २३ लाख १४ हजार तथा बैंक मौज्दात रु. १० करोड गरी कुल बजेट रु. ५५ करोड ६० लाख ४२ हजार रहेको छ ।

चालु वर्षमा चालु खर्चमा कुल बजेट रु. ४१ करोड ६७ लाख ८३ हजार विनियोजन भएकोमा रु.३० करोड ६५ लाख १४ हजार अर्थात ७३.५४ प्रतिशत रकम खर्च भएको छ । त्यस्तै चालु वर्षमा पूँजिगत खर्चमा कुल बजेट रु. ३६ करोड ९१ लाख ५ हजार विनियोजित भएकोमा रु. १३ करोड ९२ लाख ३४ हजार अर्थात ३७.७२ प्रतिशत रकम खर्च भएको छ । अधिकांश योजनाहरू सञ्चालन भई भौतिक रुपमा सम्पन्न भएको तथा सो को भूक्तानी हुन बाँकी रहेकोले वित्तिय प्रगती आउन बाँकी रहेको छ । साथै एघारौं गाउँसभाबाट स्थानीय राजश्व बाँडफाँड श्रोतबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू राजश्व संकलनमा आएको कमीले गर्दा सम्झौता हुन नसकेको कारण प्रगती प्रतिशत कम देखिन्छ ।

चालु आ.व. मा श्रोतमा आएको न्युनताका बावजुत पर्याप्त कामहरू सम्पन्न भएका छन् ।

१. केराबारी गाउँपालिकाको बजारक्षेत्र अन्तर्गत वडा नम्बर ८ को रोटेपिङबाट वडा नम्बर १० को असारे पैनीसम्म कालोपत्रेको काम सम्पन्न भएको छ ।
२. केराबारी गाउँपालिका वडा नम्बर १० हाटखोलामा सुविधा सम्पन्न कृषि उपज सङ्कलन तथा भण्डारण कक्ष निर्माणका लागि बहुबर्षिय योजनाको रुपमा टेण्डर प्रकृया अगाडी बढाइएको छ ।

## आगामी आर्थिक वर्षको राजश्व तथा व्ययको अनुमान

आगामी आ.व. मा आन्तरिक आयबाट रु ३ करोड ५० लाख, संघिय सरकारबाट अनुदान जम्मा रु ३३ करोड ६९ लाख ८० हजार, प्रदेश सरकारबाट अनुदान जम्मा २ करोड २३ लाख ५४ हजार, राजस्व वाडफाँड जम्मा रु १८ करोड ५१ लाख ५२ हजार, बैंक मौज्दात ५ करोड २२ लाख ६९ हजार, लागत सहभागिता १० लाख तथा जिल्ला समन्वय समितिबाट रु १ करोड २५ लाख, सामाजिक सुरक्षा १३ करोड, दहत्तर वहत्तर शुल्क (स्थानीय राजश्च

बाँडफाँड वाट ७ करोड ८७ लाख २४ हजार र मालपोतबाट राजश्च बाँडफाड (स्थानीय राजश्व बाँडफाँड) २ करोड ९७ लाख गरि ८६ करोड ७८ लाख ५९ हजार आय अनुमान गरिएको छ ।

यस्तै कुल आय अनुमान ८६ करोड ७८ लाख ५९ हजार बाट कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ १२ करोड ९४ लाख ८० हजार, संघीय शशर्त अनुदान चालु तर्फ १९ करोड ७६ लाख, संधीय शशर्त अनुदान पुँजीगत तर्फ ६१ लाख, संघीय विशेष अनुदान चालु तर्फ ५० लाख, प्रदेश शशर्त तर्फ ५५ लाख २५ हजार, सामाजिक सुरक्षा तर्फ १३ करोड, लागत सहभागिता तर्फ १० लाख, वडा सिलिङ तर्फ ५ करोड ५० लाख, विषयगत शाखा तर्फ ४ करोड ६० लाख ७४ हजार तथा बहुवर्षिय योजना तर्फ १० करोड ४ लाख ८० हजार, क्रमागत योजनातर्फ ६२ लाख, विभिन्न कोषहरु (समपूरक कोष, विपद व्यवस्थापन कोष र मर्मत कोष) का लागि १ करोड ७० लाख, र बाँकि रकम अन्य गाउँपालिकास्तरीय योजना तथा कार्यक्रमहरुमा विनियोजन गरिएको छ जसलाइ अनुसुचिमा संलग्न गरिएको छ ।

- आगामी आ.व. का लागि बहुवर्षे र क्रमागत योजनामा १० करोड ६६ लाख ८० हजार विनियोजन गरिएको छ ।
- संरचनाको स्थिरताका लागि सडकहरुमा ड्रेन र इजिइ गर्नका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ ।
- अध्यक्षसंग जेष्ठ नागरिक कार्यक्रमको निरन्तरताका लागि रु दश लाख विनियोजन गरिएको छ ।
- खेलकुदको विकासका लागि राष्ट्रपति रनिङ सिल्ड र पालिका स्तरिय खेलकुदका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ ।
- केराबारी गाउपालिकाको पर्यटन गुरुयोजना निर्माण गर्नका लागि रु पन्ध्र लाख विनियोजन गरिएको
- केराबारी गाउँपालिका वडा नं.१० मा कृषि उपज संकलन र भन्डारण केन्द्र निर्माणका लागि बजेट विनियोजन गरिएको छ ।
- उपाध्यक्षसंग सुरक्षित सुत्केरी कार्यक्रमको निरन्तरताका लागि वजेट विनियोजन गरिएको छ ।
- केराबारी गाउँपालिकाको केन्द्रको सौन्दर्यकरणका लागि बजार क्षेत्र कालोपत्रे कार्यका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ ।

## अनुसूची - १४ को ५ सँग सम्बन्धित
## सामाजिक जिम्मेवारी तथा कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ का प्रयास | आ.व. ०८१/०८२ का उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य क्षेत्र** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायातको पहुँच भएको घरधुरी संख्या । | स्वास्थ्य चौकी ३, शहरी स्वास्थ्य केन्द्र १, आधारभूत स्वास्थ्य केन्द र पालिका अस्पताल १ सञ्चालनमा ल्याइएको । सर्पदंश उपचार केन्द्र १ सञ्चालनमा रहेको । वडा नं. १, २, ३ र ४ का केहि बस्तीमा पहुँच नपुगेको देखिन्छ । | केराबारी गाउँपालिकामा स्वास्थ्य चौकी ३, शहरी स्वास्थ्य केन्द्र १, सामुदायिक इकाई १, आधारभूत स्वास्थ्य केन्द ५, वर्थिङ सेन्टर ४ र पालिका अस्पताल १ सञ्चालनमा ल्याइएको । सर्पदंश उपचार केन्द्र १ सञ्चालनमा रहेको सडक पूर्वाधार नभएका वडाका स्वास्थ्य संस्थाहरूसम्म पूर्वाधार निर्माणका कार्य गरिएको । पूर्वाधार भएका स्वास्थ्य संस्थाहरूमा मर्मत सम्भारको कार्य भएको । पालिकाको वडा नं. १, २, ३ र ४ का केहि बस्तीमा पहुँच नपुगेको देखिन्छ त्यसका लागि गाउँघर क्लिनिक, स्वास्थ्य शिबिर मार्फत सेवा दिइएको । जेष्ठ नागरिकहरुलाई वर्षको २ पटक घरमै स्वास्थ्य जाँच सेवा सञ्चालन गरिएको । | वडा नं. २ को सामितेन, फाइवा पुछार र वडा नं. १ को सेल्लेङ्का लगभग ३०० जति घरधुरी तथा अन्य वडाका केही घरधुरी बाहेक एक घण्टाभित्र स्वास्थ्य संस्थामा पुग्ने अवस्था रहेको । |
| ५ बर्ष मुनिका बालबालिकाहरूको शिशु मृत्युदर/बालमृत्यु दर (प्रतिहजार जीवित जन्ममा) प्रतिशत | २ जना शिशुको मृत्यु भएको । ०.०७% मातृ मृत्यु १ जना रहेको । | संस्थागत सुत्केरी गराउन नियमित गर्भजाँच सेवा सबै स्वास्थ्उ सस्थाबाट सेवा प्रवाह गरिएको ।<br>सुरक्षित प्रसूतिका लागि BEOC Monitoring क्लिनिकल अपडेट गरी सुत्केरी तथा नव शिशुलाई न्यानो झोला बितरण जस्ता कार्यक्रम सञ्चालन गरिएको ।<br>जन्म पश्चात सुत्केरी आमा तथा नव शिशुको जाँच पड्ताल कार्य गरिएको ।<br>नियमित खोप कार्यक्रम सञ्चालन गरिएको ।<br>पोषण सम्बन्धि कार्यक्रम सञ्चालन गरी कुपोषि तथा अति शिघ्र कुपोषित बालबालिकाको स्वास्थ्योपचार सेवा प्रदान गरिएको । भिटामिन ए लगायतका राष्ट्रिय | एक आर्थिक वर्षभरिमा १ जना शिशुको मृत्यु भएको । मातृमृत्यू दर न्युन बनाउन सफल भएको । कुपोषणको दर घटेको । पोषणका कार्यक्रम मार्फत वालवालिकाको शारिरीक तथा मानसिक विकासमा सुधार आएको देखिन्छ । न्यून तौल भएका शिशुहरूको जन्ममा कमि आएको । |

| | | | |
|---|---|---|---|
| | | अभियानमा बालबालिकालाई सरिक गराइएको । नियमित ब्रिद्दी अनुगमन गरिएको । पि.एन.सि. घरभेट गरिएको । | |
| खोपमा पहुँच भएको जनसंख्या (एक) बर्ष मुनिका बालबालिकाको आधारमा | बि.सि.जि. ८४%, रोटा प्रथम ७६% रोटा दोश्रो ८०%, पोलियो दोश्रो ८१% तेश्रो ७९%, एफ.आइ.पि.भि. प्रथम ७८%, दोश्रो ७८%, पि.सि.भि. प्रथम ७६%, दोश्रो ८२% तेश्रो ८३%, डि.पि.टि.-हेपाटाइटिस बि प्रथम ७६%, दोश्रो ८२%,, तेश्रो ८०% , दादुरा-रुबेला प्रथम ८४%, दोश्रो ९२% जे.इ. ८८%, टि. डि. दोश्रो र टि.डि दोश्रो प्लस ५९%। | केराबारी गाउँपालिकाका सम्पूर्ण टोल तथा बस्तीमा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम्सेविका परिचालन गरी खोज र खोपको नीतिअनुसार छुट भएका बच्चाहरूको खोजी गरी खोपाउने कार्य गरिएको । २२ वटा खोप केन्द्रबाट नियमित खोप प्रदान गरिएको । ड्रप आउट (एउटा खोप लगाएका र थप खोपका लागि सम्पर्कमा नआएका बच्चाहरूको खोजी गरि खोप लगाइएको । | बि.सि.जि. ३४४ जना, रोटा प्रथम ३८१ जना, रोटा दोश्रो ३८९ जना पोलियो पहिलो ३८३ पोलियो दोश्रो ३८६, तेश्रो ३८५, एफ.आइ.पि.भि. प्रथम ३८३, दोश्रो ४२२, पि.सि.भि. प्रथम ३८३, दोश्रो ३८८, तेश्रो ४१८, डि.पि.टि.-हेपाटाइटिस बि प्रथम ३८३, दोश्रो ३८६,, तेश्रो ३८४, दादुरा-रुबेला प्रथम ४२३, दोश्रो ४६१ जे.इ. ४७३, टि. डि. दोश्रो १५२ र टि.डि दोश्रो प्लस ११८ जना ।<br>खोप तर्फका कार्यक्रमहरू प्रभावकारी देखिएको । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या /प्रतिशतमा | २८७ जना ।<br>प्रथम भिजिट ३८%<br>चौथो भिजिट ५१%<br>प्रोटोकल आठौं ३४% | सबै स्वास्थ्य सस्थाबाट गर्भवति जाँच सेवा सञ्चालन गरिएको । प्रथम भिजिट ४३३ जना । चौथो भिजिट २१३ । प्रोटोकल आठौं १९२ जना ।<br>पि.एन.सि. भिजिट - २१६ जना ।<br>स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयम् सेविकाहरूबाट टोल बस्तीका घरहरूमा गर्भवती जाँचको बारेमा जनचेतना फैलाईएको स्वास्थ्य सस्थाबाट नियमित गर्भवती महिलालाई फोलिक एसिड, आईरन, क्याल्सियम वितरण गरिएको । | गर्भवती जाँच गराउनुपर्छ भन्ने सोचको विकास भएको । मातृ मृत्युदरमा कमि आएको गर्भपतन हुने समस्या कम भएको । घरमा नै प्रसुति गराई हुने जोखिममा सुधार आएको । शिशु मृत्युदरमा कमी आएको ।<br>आमा सुरक्षा कार्यक्रम सफल भएको । |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गरिएका | ४ वटा वर्थिङ सेन्टरबाट ८१ जना | ४ वटा वर्थिङ सेन्टरबाट निरन्तर सेवा प्रवाह भइरहेको । प्रोटेबल भिडियो एक्सरे मेसिन | केराबारी गाउँपालिका अन्तर्गतका ४ वटा वर्थिङ सेन्टरबाट ७६ जना र |

| | | | |
|---|---|---|---|
| महिलाको संख्या /प्रतिशतमा | संस्थागत सुत्केरी भएका । | खरिद गरी गर्भवती महिलाहरूको जाँच कार्य गरिएको ।<br>२ वटा ल्याव बाट गर्भवती आमाहरूको जाँच पड्तालको काम भएको ।<br>आमा सुरक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको । | बाहृय प्रशुतिगृहबाट १४० जना संस्थागत सुत्केरी भएका । दक्ष प्रसुतिकर्मीबाट सुत्केरी गराउने महिलाको संख्यामा वृद्धि भएको । घरमा नै सुत्केरी गराउने आमाहरूमा कमि आएको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | नागरिकको चेतनामा बृद्धि भएका कारण घरघरमा शौचालय निर्माण र प्रयोग भएको । फिल्टर गरेर मात्र पानी पिउनुपर्छ भन्ने सोचका कार्यक्रम सञ्चालन भएका । | गाउँघर क्लिनिक र स्वास्थ्य संस्थाको रेकर्ड अनुसार झाडापखालाका बिरामी ९४ जना भेटिएको । नागरिकको चेतनामा बृद्धि भएका कारण घरघरमा शौचालय निर्माण र प्रयोग भएको । फिल्टर गरेर मात्र पानी पिउनुपर्छ भन्ने सोचका कार्यक्रम सञ्चालन भएका । | स्वास्थ्य तथा सरसफाई प्रति बढ्दो चेतनाको कारण यस रोगका कारण मृत्यु हुनेको संख्या नभेटीएको । |
| **शिक्षा क्षेत्र** | | | |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **आ.व. २०८०।०८१** | **आ.व. ०८१।०८२ का प्रयास** | **आ.व. ०८१।०८२ का उपलब्धि** |
| आधा घण्टा भित्र आधारभूत विद्यालय नपुग्ने बालबालिकाको संख्या | ३८ वटा सामुदायिक विद्यालय, ४१ वटा विद्यालयस्तरका बालबिकास केन्द्र, ७ वटा समुदाय स्तरका बालबिकास केन्द्र, २८ वटा आधारभूत तहका विद्यालय सम्म पुग्ने सडक पूर्वाधार, आवस्यक भवनका लागि लगानी गरिएको । | ३८ वटा सामुदायिक विद्यालय, ४२ वटा विद्यालयस्तरका बालबिकास केन्द्र, ६ वटा समुदाय स्तरका बालबिकास केन्द्र, १ क्याम्पस, २ वटा सामुदायिक सिकाई केन्द्र र २८ वटा आधारभूत तहका विद्यालयसम्म पुग्ने सडक पूर्वाधार, आवस्यक भवनका लागि लगानी गरिएको ।<br>बालबिकास केन्द्रहरूलाई सक्रिय बनाइएको । | वडा नं. १, २, ३ र ४ का केहि बस्तीका विद्यालय जाने उमेर समूहका विद्यार्थी मध्ये १०% बालबालिकाहरू आधा घण्टाभित्र विद्यालयको पहुँचमा पुग्न असमर्थ रहेका छन् ।<br>आवस्यक स्थानमा बालविकास केन्द्र सञ्चालन गरिएको ।<br>गत वर्षको भन्दा पहँुचमा बृद्धि भएको । |
| बाल शिक्षामा खुद भर्नादर | वालविकास केन्दमा ८५ प्रतिशत | १ वटा बालबिकास केन्द्र थप गरिएको । वालविकास केन्दमा ९३ प्रतिशत वालशिक्षामा भर्ना भएका । स.का.हरूलाई तालिमको | बालबालिकाको शिक्षामा पहुँच ब्रिद्धि गर्न बालबिकास केन्द्र थप गर्दै |

| | | | |
|---|---|---|---|
| | वालशिक्षामा भर्ना भएका । | व्यवस्था गरिएको । वडा कार्यालय, प्र.अ. व्यवस्थापन समितिको बैठक तथा छलफलका कार्यक्रम सञ्चालन गरिएको । विद्यालय मार्फत अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिएको ।<br>दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको ।<br>खेल सामग्री वितरण गरिएको । | लगिएको । वालशिक्षामा भर्ना दर बढेको । बाँकी रहेका बालबालिकाहरू आधारभूत विद्यालयमा सिधै कक्षा १ मा भर्ना भएका । अभिभावकमा आएको चेतना सुधारका कारण । |
| आधारभूत विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत । | आधारभूत विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका नरहेको । | दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको शैक्षिक सामग्री वितरण कार्यक्रम गरिएको।<br>विद्यालय मार्फत अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिएको । | केराबारी गाउँपालिकाका विद्यालय जाने उमेर समूहका बालबालिकाको विद्यालयको पहुँच नभएका कारण विद्यालय जानबाट वञ्चित नभएको देखिन्छ । |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | ३८ वटा सामुदायिक विद्यालय, पालिका भित्रका संस्थागत विद्यालय, मण्टेश्वरीहरूमा विद्यालय भर्ना अभियान, अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिएको । | ३८ वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालयमा गरी ९७% कक्षा १ मा खुद भर्नादर रहेको । जसमा छात्रा १७८ र छात्र १८२ गरी जम्मा ३६० जना ।<br>३८ वटा सामुदायिक विद्यालय, पालिका भित्रका संस्थागत विद्यालय, मण्टेश्वरीहरूमा विद्यालय भर्ना अभियान, अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिएको ।<br>दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको ।<br>निःशुल्क पाठ्पुस्तक, शैक्षिक सामग्रीको व्यवस्था गरिएको । | कक्षा १ को भर्नादरमा सुधार आएको । |
| आधारभूत तहमा कक्षा छोड्ने/ कक्षा दोहोऱ्याउने / कक्षा उत्तीर्ण हुने दर | कक्षा छोड्ने दर ०.५, दोहोऱ्याउने १% भन्दा कम र उत्तिर्ण दर ९७% रहेको । | शैक्षिक सामग्री वितरण, छात्रवृत्ति वितरण गरिएको । दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको । तालिम प्राप्त शिक्षकको व्यवस्था भएको ।<br>शिक्षण सिकाई मूल्याङ्कन हुने गरेको । | कक्षा छोड्ने दर १.९७ प्रतिशत । दोहऱ्याउने १% भन्दा कम। उत्तिर्ण दर ९५% रहेको । आधारभूत तहमा कक्षा छोड्ने दर न्यून संख्यामा झार्न सफल रहेको । कक्षा दोहोर्याउने दर कम रहेको |

| | | | |
|---|---|---|---|
| | | | र कक्षा उत्तीर्ण दर सकरात्मक रहेको । |
| आधारभूत तहमा तालिम प्राप्त शिक्षक संख्या । | आधारभूत तहमा आवश्यक तालिम प्राप्त जनशक्ति रहेको । | केराबारी गाउँपालिकाका सामुदायिक विद्यालयका शिक्षकहरूले शैक्षिक तथा सेवाकालीन तालिम लिएका, प्रविधिमा आधारभूत आवश्यक तालिमहरू दिइएको, बाल मनोविज्ञानकेन्द्रित शिक्षण सिकाइको विधि अपनाउने कार्यक्रम गरिएका । शिक्षक अवलोकन भ्रमण, मासिक बैठकका कार्यक्रमहरू गरिएका । | आधारभूत तहमा तालिम प्राप्त शिक्षक शतप्रतिशत । सिकाइका आधारभूत सिद्धान्तहरूलाई आत्मसात गर्दै आवस्यकताका आधारमा तालिम हुने गरेको देखिन्छ |
| प्रतिकक्षा कोठा विद्यार्थी संख्या । | तराई क्षेत्रका माध्यमिक विद्यालयहरूमा विद्यार्थीको चाप बढी रहेको र पहाडका केही विद्यालयमा विद्यार्थीको चाप कम रहेको । प्रति कक्षा कोठा समग्रमा २१ जना विद्यार्थी रहेका । | पहाडी इलाकाका आंशिक विद्यालयहरूमा विद्यार्थी संख्या न्यून रहेको जसका लागि विद्यालय सुधारका क्रियाकलाप गरिएको, विद्यालयसम्म पहुँच वृद्धि गर्न सडक पूर्वाधार पुल कल्भर्ट निर्माणकार्य गरिएको । तराईका बढी विद्यार्थी भएका विद्यालयमा आवश्यक भौतिक कक्षाहरू प्रविधिमैत्री साधनहरूको व्यवस्था गरिएको । विद्यालयमा विद्यार्थीको आकर्षण गर्न आईसीटी ल्याब, खेलकुद कार्यक्रम, विद्यार्थी सिकाइका क्रियाकलापहरू, इन्टरनेटको व्यवस्था, शौचालय तथा पानीको प्रबन्ध गर्ने कार्य भएको । | पहाड र तराईको विकटताको अवस्थालाई हेरी कक्षा कोठासम्म विद्यार्थी ल्याउन दिवा खाजा कार्यक्रम, शैक्षिक सामग्री, प्रविधिमैत्री विद्यालय, सडक पूर्वाधार, भौतिक निर्माण, पुस्तकालय, खेलमैदान, छात्रवृत्ति कार्यक्रम, वक्तृत्वकला, वादविवाद जस्ता अतिरिक्त कार्यक्रममार्फत् कक्षा कोठामा विद्यार्थीको चाप वृद्धिको कार्य भएको । |
| स्थानीय तहबाट सहयोग भएका विद्यालय संख्या | केराबारी गाउँपालिकाले विद्यालयको अवस्थालाई हेरी आवश्यक सहयोग गरेको देखिन्छ । | केराबारी गाउँपालिकाका केही विद्यालयका आवश्यक कक्षा कोठा निर्माण गरिएको, लैगिक मैत्री शौचालय निर्माण गरिएको, खेलकुदका कार्यक्रम तथा सामग्री वितरण, खेल मैदान निर्माण, विद्यालयको कम्पाउण्ड वाल निर्माण । इन्टरनेटको व्यवस्था गरिएको, विद्यालयमा आवश्यक विद्युत, पंखा जडान, डेक्स, बेन्च निर्माण, शैक्षिक बोर्ड वितरण, कम्प्युटर खरिद तथा मर्मत । विद्यालयको पहुँचका लागि सडक निर्माण, विद्यालयमा रङरोगनजस्ता कार्यहरू गरिएको | केराबारी गाउँपालिकाले पहाड, तराईका विद्यालयको विकासका लागि पूर्वाधार तथा शैक्षिक र अतिरिक्त क्रियाकलापमा आवश्यकताका आधारमा स्थानीय तहले सहयोग गर्दै गरेको पाइयो । |

| | | | |
|---|---|---|---|
| दलित बालबालिकाको शिक्षामा पहुँच | क) केराबारी गाउँपालिकाले आधारभूत तह कक्षा १ देखि ८ सम्मका छात्रा १६२७ तथा छात्र २५६ जनालाई छात्रवृत्ति प्रदान गरिएको ।<br>ख) माध्यमिक तह कक्षा ९ देखी १२ सम्मका छात्रा तथा छात्रलाई अनिर्वाय विषयका पाठ्यपुस्तक वापतको रकम विद्यालयका नाममा निकासा गर्ने गरिएको । | कक्षा १ देखि ५ सम्मका ९१५ छात्राले रु. ४०० का दरले गैरआवासिय वालिका छात्रावृत्ति प्राप्त गरेका तथा दलित छात्रवृत्ति कक्षा १-५ सम्मका १४५ जना छात्रले प्राप्त गरेका छात्र जनालाई छात्रावृति प्रदान गरिएको ।<br>अपाङ्ग छात्रवृत्ति १९ जनाले प्राप्त गरेका ।<br>विपन्न लक्षित छात्रवृत्ति कक्षा ६ का १० जना र कक्षा ९ का १९ जनालाई प्रदान गरिएको ।<br>ख) माध्यमिक तह कक्षा ९ देखी १२ सम्मका छात्रा तथा छात्रलाई अनिर्वाय विषयका पाठ्यपुस्तक वापतको रकम विद्यालयका नाममा निकासा गर्ने गरिएको । | दलित बालबालिकाको शिक्षामा पहुँच वृद्धि हुँदै गएको । दलित नै भएका कारण विद्यालयको पठनपाठनबाट वञ्चित हुने अवस्था नरहेको ग्रामीण सर्भेक्षणबाट देखाउँछ । |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | पानीका मुहान संरक्षण अन्तर्गत इन्टेक निर्माण कार्य गरिएको । मुहानबाट समुदायसम्मका लागि पाइप लाइन विस्तार कार्य गरिएको ।<br>पुराना ट्याङ्की मर्मत तथा नयाँ ट्यांकी निर्माणका कार्य गरिएको । | व्यक्तिगत धाराबाट पानी खाने ८०.२८%, सार्वजनिक धाराबाट पानी खाने १८.१७% र खोला वा कुवाबाट पानी खाने १.५६% घरधुरी रहेका । पानीका मुहान संरक्षणअन्तर्गत इन्टेक निर्माण कार्य गरिएको ।<br>मुहानबाट समुदायसम्मका लागि पाइप लाइन विस्तार कार्य गरिएको ।<br>पुराना ट्याङ्की मर्मत तथा नयाँ ट्यांकी निर्माणका कार्य गरिएको । | सुधारका कार्य भएको । |
| शौचालय भएको विद्यालय संख्या वा प्रतिशत | विद्यालयमा शौचालय निर्माण भएका । | सबै विद्यालयमा शौचालय निर्माण भएका । केही शौचालय मर्मत र केहीमा पानीको व्यवस्था गरिएको । | विद्यालयमा शौचालय निर्माण भएका । |

| | | | |
|---|---|---|---|
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय संख्या | केराबारीका आधारभूत विद्यालयमा खानेपानीको सुविधामा पहुँच भएको । | विद्यालयलाई चाहिने आवश्यक खानेपानीको विस्तार संगैं उचित बजेटको समेत क्रमागत रुपमा व्यवस्थापन भएको । खानेपानी सुविधाका लागि फिल्टरसहितका सामग्री राख्ने कार्य प्रारम्भ भएको । | ९५% भन्दा माथि आधारभूत विद्यालयहरू खानेपानीको पहुँचमा रहेका, शुद्ध पिउने पानीका लागि फिल्टर लगायतका आवश्यक सामग्री पालिकाबाट प्रदान गर्ने कार्य हुँदै आएको । |
| शौचालय भएको परिवार संख्या/ | सबै घरमा शौचालय निर्माण भई पहिले नै खुला दिसामुक्त पालिका घोषणा भएको । | सबै घरहरूमा शौचालय निर्माण कार्य सम्पन्न भई बाहिर शौच गर्न हुँदैन भन्ने चेतना विकास भएको । केही घरहरूमा एउटै शौचालयलाई साझा प्रयोगका कारण केही प्रतिशत शौचालय तलमाथि भएको देख्न सकिन्छ । हालसम्म बाहिर शौच गर्ने नागरिकको संख्या शून्य रहेको छ । | ९८% परिवारमा शौचालय निर्माण गरिएको । केराबारी गाउँपालिकामा एक घर एक शौचालय अभियानअन्तर्गत पहिले नै शौचालय निर्माण भई प्रयोगमा आएको देख्न सकिन्छ । |
| सुधारिएको चुलो भएको परिवार संख्या | पहाडी तथा तराईका इलाकाका केही घरहरूमा बायोग्यास प्लान्टबाट खाना पकाउने र केही घरहरूले सिलिण्डर प्रयोग गरेको देखिन्छ । | केराबारी गाउँपालिकाका ग्रामीण भेगमा अहिले पनि दाउरा बालेरै जीविकोपार्जन भइरहेको हुँदा अनुदानका कार्यक्रमबाट गोबरग्यास प्लान्ट निर्माण, एलपी ग्यासको प्रयोगमा वृद्धि भएको देखिन्छ । पालिकाबाट समेत बायोग्यास प्रवद्र्धनमा विशेष साझेदारीका कार्यत्रक्रम भएको छ । | केही प्रतिशत ले दाउरा प्रयोग गरेको भए पनि बहुसंख्यक परिवार धुवाँको जोखिमबाट टाढा रहेको देखिन्छ । |
| **महिला, बालबालिका तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | बाल विवाह विरुद्धको सचेतनामूलक अभियान सञ्चालन गरिएको । | बाल विवाह विरुद्धको सचेतनामूलक अभियान सञ्चालन गरिएको । बाल सञ्जाल गठन, परिचालन र व्यवस्थापन तालिम सञ्चालन गरिएको । स्वास्थ्य सस्थाबाट विद्यालयमा बाल बिबाह सम्बन्धि स्वास्थ्य परामर्श, विद्यालयमा छलफल, कक्षाकोठा छलफलका कार्यक्रम नियमित भईरहेको । | विभिन्न कार्यक्रममार्फत् बालबिवाह गर्नुहुन्न भन्ने समुदायमा सोच वृद्धि भएका कारण बाल विवाहको सङ्ख्यामा कुनै रेकर्ड नभेटिएको । |
| सामाजिक बिकृति र विसङ्गति | विभिन्न दिवस, छुवाछुत अन्त्यका विविध कार्यक्रम सञ्चालन गरिएको । | अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, जातीय विभेद न्यूनीकरणका लागि छुवाछुत उन्मूलन कार्यक्रम, विपन्न महिलाहरूका लागि व्वस्थापन खर्च अनुदान, लैङगिक हिंसा बिरुद्ध महिला मन्च, अन्तराष्ट्रिय महिला | सामाजिक विकृतिमा चेतनास्तर वृद्धि हुँदै गएको देखिन्छ । समुदायको चेतनास्तर वृद्धि भई सामाजिक |

| | | | |
|---|---|---|---|
| | | दिवस, सभा समारोह, गोष्ठीका कार्यक्रमहरू सञ्चालन गरिएको । | विकृतिका विरुद्ध आफैँले आवाज उठाउन सक्ने समुदायको विकास भएको देखिन्छ । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | अपाङ्गता भएका ४७९ जनालाई प्रमाणपत्र वितरण, विद्यालयका २,४७० विद्यार्थीलाई लागू औषध दुव्र्यसन सम्बन्धी सचेतनामुलक कार्यक्रम, अन्तरराष्ट्रिय अपाङ्गता दिवसका अवसरमा ६० जना अति विपन्न अपाङ्गता भएका व्यक्तिलाई न्यानो कपडा वितरण गरिएको । | अपाङ्गता परिचयपत्र वितरणका लागि घुम्ती शिविर सञ्चालन गरी अपाङ्गता भएका ५८१ जनालाई प्रमाणपत्र वितरण, ३४औँ अन्तरराष्ट्रिय जेष्ठ नागरिक दिवशका अवसरमा जेष्ठ नागरिकलाई सम्मान, अपाङ्गता भएका ३ जनालाई सहायक सामग्री वितरण । महिलालाई महिला हक अधिकार सम्बन्धी कानुनी सचेतनामूलक कार्यक्रम गरिएको । समाजमा रहेका एकल महिला, अपाङ्गता, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जातिलाई सामाजिक सुरक्षाको माध्यमबाट साथै स्वास्थ्यउपचार लगायतका कार्यक्रमबाट सरकारको अनुभूति दिलाउन सफल भएको । जेष्ठ नागरिक घरघर उपचार कार्यक्रम सञ्चालन गरिएको । | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बालबालिका, पिछडिएको क्षेत्रमा विशेष कार्यक्रमहरू सञ्चालन गर्ने कार्य प्रारम्भ भएको । |
| **जनचेतना तथा गरिबी निवारण** | | | |
| बालश्रमको अवस्था | विद्यालयस्तरीय बाल क्लब गठन, वडा स्तरीय बाल सञ्जाल गठन, बाल क्लब सक्रिय भएका कारण बाल श्रमको अवस्था तथ्याङ्कमा नभएको देखिन्छ । | वडाको तथ्याङ्क सङ्कलनका क्रममा बालश्रम रेकर्ड नभेटिएको । विद्यालयस्तरीय बाल क्लब, वडा स्तरीय १० वटा बाल सञ्जाल, पालिका स्तरीय १ बाल सञ्जाल गठन तथा परिचालन भएको । विद्यालयका बालबालिकाका लागि लागूऔषध दुव्र्यसनविरुद्धको कार्यक्रम, बाल क्लब तथा बाल सञ्जाल गठन तथा व्यवस्थापनसम्बन्धी कार्यक्रम गरिएको । | बालबालिका क्षेत्रका कार्यक्रममार्फत् चेतना अभिवृद्धि भई बालश्रमको अवस्थामा गुणात्मक सुधार आएको देखिन्छ । |
| बाल क्लवहरूको अवस्था | बाल क्लब गठन तथा विस्तार भएको । | विद्यालयस्तरीय बाल क्लब गठन, वडा स्तरीय १० वटा र पालिकास्तरीय १ बाल सञ्जाल गठन, व्यवस्थापन कार्यक्रम सम्पन्न भएको, बाल विवाह विरुद्धका सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका । | बाल क्लब तथा बाल सञ्जालहरू सक्रिय अवस्थामा रहँदा बालबालिकाको क्षेत्रका कार्यक्रम प्रभावकारी रहेका |

| | | | |
|---|---|---|---|
| महिला हिंसा | महिला हिंसाका घटना न्यूनीकरणका लागि विभिन्न खाले कार्यक्रम भएका । | मानव बेचबिखन विरुद्धको कार्यक्रम गरिएको । महिलाहरूसँगको शुभकामना आदानप्रदान कार्यक्रम गरिएको । ११५ औं अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा ६० जनालाई महिला हक अधिकार सम्बन्धी सचेतनामुलक कार्यक्रम गरिएको । महिला हिँसा बिरुद्धका अन्तराष्ट्रिय दिवस, सभा, गोष्ठी र सेमीनार सञ्चालन गरिएको । | महिला हिंसाका घटनाहरूमा महिलाहरूले खुलेर आफ्नो हक र अधिकारको बारेमा बाहिर ल्याउने बानीको विकास भएको । अन्याय सहन हुन्न भन्ने सोचको विकास भएको । |
| रोजगारीको अबस्था | ४६९ जना सूचिकृत भएका, जसमा पुरुष ३३५ र महिला १३४ जना । सूचिकृत भएका मध्ये ९७ जनालाई ८ वटा योजनामा कुल ४,१९४ दिनको रोजगारी दिइएको । | केराबारी गाउँपालिकामा ५१६ जना सूचिकृत भएका । सूचिकृत भएका मध्ये ७७ जनालाई १४ वटा आयोजनामा औषत ५१ दिनको रोजगारी दिइएको । जसबाट सामान्य जीवनयापनमा सहजता भएको । कृषि, पशुपालन र नगदेबालीमा अवस्यक प्रविधि वितरण गरिएको । उन्नत बालीका बिउ, कृत्रिम गर्भाधारणका कार्यक्रम सञ्चालन गरिएको । | बेरोजगारीको सूचीकृत गर्दै रोजगारीका सम्भावनाहरू खोज्ने कार्य प्रारम्भ भएको । काम खोजी गर्ने बानीको विकास भएको । |
| स्वरोजगारका प्रयासहरू | सूचिकृत भएका ४६९ जना मध्ये पुरुष ३३५ र महिला १३४ जना रहेका । सूचिकृत भएका मध्ये ६० पुरुष र ३७ महिला गरी ९७ जनालाई नेपाल सरकारका ६ वटा र विश्व बैंकका २ वटा गरी ८ वटा आयोजनामा कुल ४,१९४ दिनको रोजगारी दिइएको। | केराबारी गाउँपालिकाका ५१६ जना सूचिकृत भएका । सूचिकृत भएका मध्ये ७७ जनालाई १४ वटा आयोजनामा औषत ५१ दिनको रोजगारी दिइएको । जसबाट सामान्य जीवनयापनमा सहजता भएको । पालिका भित्र रोजगार शाखा स्थापना गरी प्रधानमन्त्री रोजगार कार्यक्रम, विभिन्न शिपमूलक तालिमहरू प्रदान गरिएको । कृषि तथा पशु क्षेत्रका कार्यक्रममा अनुदानको व्यवस्था गरिएको । सीपमूलक तालिमको व्यवस्था गरिएको । ७५% अनुदानमा ५२ वटा पावर स्प्रे, १६ वटा मिनि टिलर, ड्याङ बनाउने हाते औजार १९ वटा वितरण भएको । किसान सूचिकरण कार्यक्रम सम्पन्न गरिएको । | केराबारी गाउँपालिकाले आफ्ना बेरोजगार नागरिकलाई सूचीकृतको माध्यमबाट उनीहरूसँगको सम्भावना खोजी गरी क्षमताअनुसारका विभिन्न आयोजनामा रोजगारी दिने कार्य प्रारम्भ हुनु । कृषि तथा पशुपंक्षीको क्षेमा अनुदान वितरण हुनु । |
| गरिवी निवारणका प्रयासहरू | बेरोजगारहरूको सूचीकृत गरी रोजगारीका अवसरमा जोड्ने कार्य भएको । विभिन्न अनुदानका कार्यक्रममार्फत् | कृषि तथा पशुपन्छी क्षेत्रमा विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गरिएको । विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिएको । ५१६ जना सूचिकृत भएका मध्ये ७७ जनालाई १४ वटा आयोजनामा औषत ५१ दिनको रोजगारी दिइएको । जसबाट सामान्य जीवनयापनमा सहजता भएको । | गरिबी निवारणका प्रयासहरूमा स्वरोजगार बन्ने तालिम देखि प्रविधि र आयोजनाहरूमा रोजगारीकाका कार्य गरिएको । |

| | | | |
|---|---|---|---|
| | गरिबी न्यूनीकरण गर्ने कार्य प्रारम्भ भएको । | भौतिक, सामाजिक, आर्थिक स्तरउन्नती गरी नागरिकलाई स्वरोजगार उन्मुख बनाई प्रगतिदर उच्च बनाउने लक्ष्य नै रहेको । ७५% अनुदानमा ५२ वटा पावर स्प्रे, १६ वटा मिनि टिलर, ड्याङ बनाउने हाते औजार १९ वटा वितरण भएको । | |
| सामाजिक परिचालन | सामाजिक परिचालनमा विभिन्न क्षेत्र समेटिएको । अपाङ्गता रोकथाम, स्वरोजगारमूलक तालिमका लागि सामाजिक परिचालकहरू समुदायमा कार्य गरिरहेका । | स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयम्सेविका, अपाङ्गता रोकथाम तथा पुनरुथापनामा सि.बि.आर सहजकर्ताको माध्यमद्धारा समुदायमा काम भइरहेको । महिला तथा बालबालिका हेर्ने गरी शाखा व्यवस्थापन गरिएको । केराबारीको समग्र क्षेत्र निर्माणका लागि समुदायदेखि पालिकास्तरसम्म सबैले आआफ्ना क्षेत्रका समुदायको विकासका लागि विभिन्न कार्यक्रममार्फत् योजनाहरू समेट्दै कार्य भएको देखिन्छ । | दलित, पिछडिएको क्षेत्र र विपन्न समुदायले क्रमशः आफ्नो अधिकारका लागि समुदायसँग नेतृत्व तहसम्म आउने खालको परिपाटीको विकासको प्रारम्भ भएको । |
| वातावरण सुधारका प्रयासहरू | वातावरण सुधारका प्रयासहरूमा ठूला योजना समावेश गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कार्यको प्रारम्भ भएको । | चुरे क्षेत्रको विकास, प्राकृतिक स्रोत उत्खनन तथा विक्री वितरणका लागि वातावरणीय प्रभाव मूल्याङ्कन हुने गरेको देखिन्छ । जंगलको संरक्षणका लागि सामुदायिक वनहरूसँग आपसी समन्वय गरी काम भएको देखिन्छ । विभिन्न ठाउँमा वृक्षरोपणका कार्यक्रम गरिएको । फोहोरमैला संकलन तथा व्यवस्थापनका कार्य भएको । | वातावरण सुधार र प्राकृतिक स्रोतको संरक्षण र जगेर्ना गर्न आवश्यक नीति तथा योजनाहरू निर्माण भएको देखिन्छ । जलवायु उत्थानशील योजना निर्माण भएको देखिन्छ । |
| एच.आइ.भि र एड्स | सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक परामर्श र एचआइभी संक्रमणसम्बन्धी स्क्रिनिङको कार्य भएको । | सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक परामर्श र एचआइभी संक्रमणसम्बन्धी स्क्रिनिङको कार्य भएको । शङ्ङ्कास्पद केश भेटिए रेकर्ड गिरएको | सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक परामर्श र एचआइभी संक्रमणसम्बन्धी स्क्रिनिङको कार्य भएको । |
| **विकासमा समान सहभागिता सेवाहरूमा पहुँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | पहाडी इलाकाका वडा नम्बर १, २, ३, ४ का केही बस्तीबाट एक | केराबारी गाउँपालिकाको पहाडी इलाकाबाट उत्पादित वस्तुहरू स्थानीय बजारसम्म पुग्न आवश्यक बाटो निर्माण, पुल कल्भर्ट निर्माणको कार्यलाई प्राथमिकता दिई कार्य गरेको देखिन्छ | वडाका केही बिकट बस्तीबाहेक स्थानीय बजारमा सामग्री ल्याई |

| | | | |
|---|---|---|---|
| | घण्टाभन्दा बढी लाग्ने गर्दछ । | । स्थानीय बजारलाई प्रवद्र्धन गर्न टहरा निर्माणका कार्य भएको । ग्रामीण कृषि सडकहरू बिस्तार भएको, निर्माण भइसकेका सडकहरूको स्तरोन्नति गर्ने कार्य भइरहेको । वडा नं. १० को हाट खोला, वडा नं. ९ को भलुवा, वडा नं. ५ को प्रगती चोक, वडा नं. ६ को डालेपुल, वडा नं. २ बिहिबारेमा सामान्य हाट बजार लाग्ने र स्थानीय कृषि उपज बिक्री हुने देखिन्छ । | बेचबिखन गर्न सक्ने अवस्था देखिन्छ । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | पहाडी इलकाका केही विकट बस्तीबाहेक कृषि सेवा केन्द्र जान एक घण्टाको दूरीको पहुँचमा रहेको छ । | स्थानीय उत्पादन र कृषकहरूको रोगबालीलाई मध्यनजर गर्दै वडाहरूबाट नै कृषि प्राविधिकहरूको सेवा किसानसम्म पुर्याई महामारीजन्य रोग कीराको व्यवस्थापन र मौसमी कीराको व्यवस्थापन, उन्नत बीउ, मलखादको उचित परामर्श किसानहरूलाई प्राविधिकहरूबाट दिने कार्य भइरुहेको । वडा नं. १ र २ मा सेवा केन्द्र सञ्चालनमा ही सेवा प्रवाह भईरहेको । वडा नं. ४ मा कृषि सेवाकेन्द्र भएर पनि जनशक्ती नभएको । | सेवा केन्द्रभन्दा पालिकामा शाखा र कृषकहरूको घरदैलो प्राविधिक सेवा उपलब्ध गराउने कार्य प्रारम्भ भएको । |
| भौगोलिक क्षेत्र, महिला, पिछडीएका तथा सीमान्तकृत वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विषेश अवसरहरू | आदिवासी, जनजाति, महिला, ज्येष्ठ नागरिक, अपांगता, पिछडिएको समुदाय, बालबालिका लक्षित कार्यक्रम सञ्चालन भएको । | शिक्षाको पहुँच वृद्धि गर्न बालबालिकालाई विद्यालयमा पठनपाठन गर्न छात्रवृत्तिको ब्यवस्था गरेको । ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएकालाई सामाजिक सुरक्षा कोषमा समेटिएको । दलित, सीमान्तकृत र लक्षित वर्गका लागि बजेट नीति तथा कार्यक्रम समावेश भएको । बालबालिकाको अधिकारका लागि बाल क्लव, बाल सञ्जाल गठन गरी कार्यक्रम गरिएको । अपाङ्गताका लागि मिलिजुली समुह गठन, जेष्ठ नागरिकका लागि घरघरमा स्वास्थ्य उपचार सेवाका कार्यक्रम, विपन्नलाई स्वास्थ्य बिमा सहयोग कार्यक्रम सञ्चालन गरिएको । | सबै क्षेत्र समेटिएको कार्यक्रमहरू पालिकाले सञ्चालन गरेको देखिन्छ । |
| **जनशक्ति** | | | |
| जनशक्ति विकासमा भएका प्रयासहरू | प्रमुख प्रशासकीय अधिकृत १, लेखा अधिकृत २, शिक्षा शाखा अधिकृत १, अधिकृत आठौं १, अधिकृत सातौं १, अधिकृत स्तर छैठौ. ७, सूचना प्रविधि अधिकृत- १, रोजगार संयोजक १, सहायक पाँचौं -७, इन्जिनियर- २, सव इन्जिनियर- ६, कृषि स्नातक १, एम.आइ.एस. | | आवस्यकता अनुसार लोक सेवा आयोगले पदपूर्ति गर्दै गरेको । |

| | | | |
|---|---|---|---|
| | अपरेटर- १, उजुरी प्रसाशक १, खा.पा.स.टे.- १, रोजगार परामर्शकर्ता १, परिवार परामर्शकर्ता १, सहायक चौथो २, सहायक कम्प्युटर अपरेटर-२, ना.प्रा.स २, अमिन-१, ना.प्र.स्वा. प्रा. १, अ. सव इन्जिनियर ४, अहेव १, स्वकिय सचिव १, सहायक चौथो २, रोजगार सहायक १, सामाजिक परिचालक १, उ.बि.स. २, अ.स.ई. -६<br>हलुका सवारी चालक- ३, सुरक्षा गार्ड-३, कार्यालय सहयोगी- २, स्विपर- २ जना लगायत आवस्यक जनशक्ति रहेको । | | |
| नीति तथा कार्यक्रमहरू | स्थानीय सरकार सञ्चालन ऐनमा भएका र निर्माण गर्नुपर्ने ऐन, नियम, कानुन, कार्यविधि, नीति, बजेट तथा कार्यक्रमहरू समाबेश भएको । | क) पूर्वाधार विकासका नीतिहरू<br>ख) सामाजिक विकास सम्बन्धी नीति<br>शिक्षा, युवा तथा खेलकुद, २) स्वास्थ्य<br>लैङ्गिक समानता, सामाजिक सुरक्षा र समावेशिकरण, खानेपानी तथा सरसफाई<br>आर्थिक विकास सम्बन्धी नीति<br>कृषि तथा सहकारी,<br>पशुपन्छी तथा मत्स्य, उद्यम विकास,<br>राजश्व, पर्यटन, रोजगार,<br>वातावरण तथा विपद व्यवस्थापन<br>संस्थागत क्षमता विकास, सेवा प्रवाह र सुशासन । | |
| भौतिक अवस्था | स्वास्थ्य संस्था, वडा भवन पालिका कार्यालय निर्माणाधीन अवस्थामा रहेको । भवन मर्मत सुधार, जेनेरेटर व्यवस्थापन, विद्युत सुधार, सडक यातायातका कामहरू क्रमशः भइरहेको | पहाडी इलाकाका स्वास्थ्य संस्थाहरूको भौतिक सम्रचना मर्मत, ल्याव सेवा, वर्थिङ् सेन्टर व्यवस्थापनमा कार्य भएको । सडक कालोपत्रे ४८.१६ कि.मि., सडक ग्राभेल १२५.५ कि.मि., कच्ची सडक ३७५.७५ कि.मि. निर्माण गरिएको । १० वटा पुल, १ नगर अस्पताल, ३ स्वास्थ्य चौकी, ८ अन्य स्वास्थ्य केन्द्र, ६ वटा विद्यालय भवन, १ पालिका भवन आवस्यकताका आधारमा निर्माण तथा मर्मत गरिएको । १ वटा कृषि उपज संकलन केन्द्र निर्माण गरिएको । वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयसम्म जान आवश्यक पहुँच मार्ग, सडक निर्माण, स्तरोन्नतिका कार्य तीव्र गतिमा भइरहेको । पालिका भवन निर्माणको अन्तिम चरणमा आई कार्य प्रारम्भ गर्ने | भौतिक पूर्वाधारतर्फ विद्यालयमा विज्ञान प्रयोगशाला, लैङ्गिकमैत्री शौचालय, स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर, पालिका, कृषि उत्पादन बिक्री केन्द्रसम्म जानका लागि आवश्यक सडक निर्माणका कार्यमा काम भएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| | | अवस्थामा आएको । ४ वटा बर्थिङ सेन्टरबाट सेवा प्रवाह भइरहेको । बाह्रै महिना पहाड र तराईका गाउँमा सहज यातायातको पहुँच स्थापित गर्न सक्रिय रुपमा सडक निर्माणका काम भइरहेको । | |
| समन्वय र सहकार्यका प्रयासहरू | प्रदेश सरकार, संघीय सरकार, एनजीओ आइएनजीओ र विकासका साझेदार आम नागरिकसँग समन्वय र सहकार्य भइरहेको । | नेपाल सरकार, प्रदेश सरकार, अन्तर स्थानीय तह, एनजीओ, आईएनजीओ, सञ्चार गृह र विकास निर्माणका साझेदार आम नागरिकसँग आपसी समन्वय र सहकार्यमा काम भएको देखिन्छ । प्रदेश स्तरीय कृषि बजार निर्माण, संघीय सरकारमार्फत् ठूला पूर्वाधार निर्माणका ऐन नियम तथा कानुन संग राम्ररी समन्वय भइरहेको साथै छिमेकी पालिकाहरूसंग र सम्पूर्ण वडा र साझेदार संघसंस्था संग समन्वय र सहकार्यमा काम भएको देखिन्छ । | केराबारी गाउँपालिकाले समन्वय र सहकार्यमा विशेष पहलकदमी गरी विभिन्न खाले कार्यक्रमहरू भएको देखिन्छ । |
| **कृषि शाखा** | | | |
| सामाजिक जिम्मेवारीको क्षेत्र | **०८०।०८१ को लक्ष्य** | **०८१।०८२ का प्रयासहरू** | **०८१।०८२ का उपलब्धी** |
| सहकारी खेती साना सिचाई तथा मल विउ ढुवानी । | सहकारीले किसानलाई चाहिने आवश्यक मल बिऊ कृषकहरूलाई उपलब्ध गराउँदै आएका छन् । | किसानलाई चाहिने आवश्यक मल ६ वटा सहकारी मार्फत बिक्रि वितरण भइरहेको । प्रविधि हस्तान्तरणका कार्यक्रमहरू भएको । सुन्तला खेती सिँचाइका लागि ३८०० मिटर पाइप वितरण गरिएको । कफि खेती सिँचाइका लागि ४,५८० मिटर पाइप वितरण । केरा खेती सिँचाइका लागि २५२० मिटर पाइप वितरण । | उन्नत बीउमार्फत् उत्पादन वृद्धि भएको । सिंचाइको क्षेत्र बृद्धि भएको । अन्य परम्परागत उत्पादन भन्दा प्रति हेक्टरमा बढी उत्पादन भएको । आधुनिक कृषि फर्ममा रुपान्तरण गरिएको |
| नगदे बाली | अम्लिसो, अदुवा, केरा, कफी खेतीप्रति किसानहरू आकर्षित भएको देखिन्छ । | केराको बिरुवा ४,०००, कागतीको १५००, कफिको १२०० बिरुवा, सुन्तलाको बिरुवा २,६०० वटा वितरण गरिएको । पहाडी इलाकामा अम्लिसो, खोँचहरूका केरा, केही ठाउँमा कफी खेती अदुवा किबी खेतीप्रति किसानहरू आकर्षित भएका । ६ हेक्टरमा कफि खेती गरिएको । किबि खेतीका लागि ४ वटा टहरा निर्माण । ३ वटा प्लास्टिक ड्रम वितरण गरिएको । | पछिल्लो समय नगदे बालीप्रति किसानहरू व्यावसायिक उत्पादप्रति आकर्षित भएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| तरकारी तथा बाली विकास कार्यक्रम | स्थानीय स्तरबाटै बालिको पहिचान गर्न सुरुवात गर्ने । | व्यवसायिक तथा बेमौसमी तरकारी खेती विकास कार्यक्रम अन्तर्गत ७५% अनुदानमा ७४ वटा प्लास्टिक टनेल र मल्चिङ ७८ वटा वितरण । बाली प्रवर्धन अन्तर्गत वर्षे धानको बिउ ४,६५५ केजी र चैते धानको १,००० केजी बिउ वितरण । | केराबारीका तरकारी उत्पादन क्षेत्रहरू विशेष पकेट कार्यक्रम सञ्चालन भएका । पछिल्लो समय तरकारी खेतीप्रति किसानहरू आकर्षित भएका । |
| माटो परिक्षण तथा सेवा सुधार कार्यक्रम | केराबारी गाउँपालिकामा माटो. सुधारका लागि आफैँ प्राङ्गारिक मल र फोहरबाट विशेष प्रकारको मल बनाउन कार्यक्रम सञ्चालन गरिएको । भित्र मौसम र ठाउँअनुसार उत्पादन बृद्धि गर्ने उद्धेश्यले भकारो सुधार लगायतका कार्यक्रमहरू भएको । | पालिकाभरिबाट २२८ वटा माटोको नमूना परीक्षण भएको । माटो परीक्षण सम्बन्धी जनचेतनामूलक कार्यक्रमबाट विभिन्न १० स्थानमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएका । जसबाट २८८ जना कृषक लाभान्वित भएका ।<br>केराबारी गाउँपालिकामा माटो. सुधारका लागि आफैँ प्राङ्गारिक मल र फोहरबाट विशेष प्रकारको मल बनाउन कार्यक्रम सञ्चालन गरिएको । माटो परीक्षण ल्यावका लागि आवस्यक रिएजेन्ट खरिद भई ल्याव सञ्चालन भइरहेको । असल कृषि अभ्यास कार्यक्रमलाई निरन्तरता । वडा नं. १ र २ मा गरी जम्मा ७८ जना सहभागी भएका । प्लास्टिक ५० थान, ड्रम १०० थान र ५० केजी सख्खर वितरण, केराबारी गाउँपालिकाबाट उत्पादित झोल मल ५० बोतल वितरण गरिएको । | माटो सुधारका लागि आफ्नै प्राङ्गारिक मल उत्पादन कार्य कार्य प्रारम्भ भएको । केराबारी गाउँपालिकाका मौसम सुहाउँदा ठाउँमा कस्ता बाली लगाउन सकिन्छ भन्ने उद्देश्यले माटो सुधार तथा परीक्षणका काम भएको देखिन्छ । |
| कृषिप्रसार कार्यक्रम | सीप विकास तालिम क्षमता विकास एवं कृषि प्रसार कार्यक्रम सञ्चालन । | २ स्थानमा बाली शिबिर सञ्चालन । सीप विकास तालिम, रोगकीरा व्यवस्थापन सम्बन्धी कृषककै कार्यस्थलमा नमूना परीक्षण, महामारीजन्य कृषि तालिम साथै प्रचार प्रसार लगायतका कार्यक्रमहरू सञ्चालन गरिएको । किसान सूचिकरण अन्तर्गत तथ्याङ्क संकलन तथा प्रिन्ट गर्नका लागि १ वटा ट्यावलेट र १ वटा कलर प्रिन्टर खरिद गरिएको । | कृषि प्रति युवाहरूको आकर्षण बढेको । |
| **स्थानीय तहको पशु सेवा सम्बन्धि** | | | |

| | | | |
|---|---|---|---|
| पशु विकास कार्यक्रम | उन्न्त जातका पशुहरू वृद्धि गर्न भैंसी १५, गाई २९५, बाख्रा १० र बंगुर ५ गरी जम्मा ३२५ पशुहरूमा कृतिम गर्भाधान गरिएको । गर्भपरिक्षण, बन्ध्याकरण, गोबर परीक्षण गरिएको । | केराबारी गाउँपालिकामा उन्न्त जातका पशुहरू वृद्धि गर्न भैंसी ४६, गाई ६१४, गरी जम्मा ६६० पशुहरूमा कृतिम गर्भाधान गरिएको । बाख्रा प्रवद्र्धन कार्यक्रमबाट ४१६ कृषक तथा २१,४६१ पशुपंक्षी लाभान्वित भएका । काउ लिफ्टर मेसिन ४ वटा वितरण गरिएको । मझौला साइजको कास्ट्रेशन मेसिन ४ वटा खरिद । गाई प्रवद्र्धन कार्यक्रम ५०% अनुदानमा वडा नं. ९ का २ वटा फर्मका लागि ५ गाई खरिद गरी वितरण गरिएको । | केराबारी गाउँपालिकाका पुराना पशुहरूलाई व्यावसायिक उत्पादन दिने उद्‌देश्यका साथ पशु विकास कार्यक्रम मार्फत ग्रामिण भेगका नागरिकको जीवनस्तरमा परिवर्तन आएको । |
| पशु स्वास्थ्य कार्यक्रम | खोरेत ६,०००, लम्पीस्किन १,३५०, एच.एस.बि.क्यु. ११,००, स्वाइन फिवर १,,५००, पि.पि.आर. ३१,४०० र रानिखेत १,५००, रेविज भ्याक्सिन १४८ डोज लगाइएको । पशु स्वास्थ्य शिविरबाट वडा नं २, ३ र ९ का ४१६ जना कृषकहरूका २१,४६१ पशुको उपचार गरिएको । | केराबारी गाउँपालिकाभित्र पशु वस्तुमा देखिने महामारी जन्य तथा मौसमी रोगहरूको रोकथामका लागि खोरेत ६,०००, लम्पीस्किन १,५००, एच.एस.बि.क्यु. ११,०००, स्वाइन फिवर ११,०००, पि.पि.आर. ३५,००० र रानिखेत १५००, रेविज भ्याक्सिन ३५६ डोज लगाइएको । पशु स्वास्थ्य शिविरबाट वडा नं २, ३ र ९ का ४१६ जना कृषकहरूका २१,४६१ पशुको उपचार गरिएको । मौषमी रोगहरूको नियन्त्रण तथा व्यवस्थापनका लागि चाहिने आवस्यक औषधी उपचारको व्यवस्था गरिएको। | ६७,००० बढी पशुपन्छीको उपचार गरिएको । पशुलाई देखिने जटिल तथा सामान्य रोगहरूको समाधानका लागि पहल भएको । |
| पशु आहारा सेवा | घाँस १,७६३ केजी. र वर्षिम घाँस १,८१७ के.जी. वितरण गरिएको । उन्नत जातका घाँसका बिउहरू, बहुबर्षे घाँसका बिरुवाहरू वितरण गरि दुध तथा मासु उत्पादन बृद्धि भएको । १२ जना कृषकलाई च्यापकटर वितरण गरिएको । | उन्नत जातको जै घाँस १०८० केजी. र वर्षिम घाँसको बिउ १५०८ के.जी. निशुल्क वितरण गरिएको । जसबाट १४६८ जना कसषक लाभान्वित भएका । उन्नत जातका घाँसका बिउहरू, बहुबर्षे घाँसका बिरुवाहरू वितरण गरिएको । दुध तथा मासु उत्पादनमा बृद्धि भएको। ७५% अनुदानमा १७ जना कृषकलाई च्याफकटर वितरण गरिएको । | पोषिलो तथा उन्नत जातका घाँसका बीउ तथा खाद्य पोषक तत्त भरिएको खाद्यवस्तुबाट मात्र व्यवस्थित उत्पादन गर्न सकिन्छ भन्ने सोचको विकास भएको । |

| | | | |
|---|---|---|---|
| पशु स्वास्थ्य नियमन कार्यक्रम । | केराबारी गाउँपालिकाभित्र रहेका गोरु, बोका र बंगुर गरी ५६८ पशुमा बन्ध्याकरण गरिएको । ६५ वटा पशुको गोबर परीक्षण गरिएको । | केराबारी गाउँपालिकाभित्र रहेका ५३ पशुहरुको गर्भपरिक्षण, २७२ पशुहरुमा बन्ध्याकरण र १९६ गोबर परीक्षण गरिएको । स्थलगत तालिम सञ्चालन गरिएको ।<br>पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमनका कार्यक्रमहरू सञ्चालन गरिएको । | केराबारी गाउँपालिकाभित्रका सबै पशुहरू निरोगीका साथ रहनुपर्छ भन्ने मान्यताअनुरुप बेलाबेलामा प्राविधिक कर्मचारीबाट ग्रामीण सर्भेक्षणको कार्य भइरहेको । पालिकाले आफ्नो नीति कार्यक्रममा नै प्राथमिकताका साथ उठान गरेको । |
| पशु सेवा प्रसार कार्यक्रम | पशु व्यवसायबाट पनि प्रसस्त आम्दानी लिन सकिन्छ भन्ने सोचको विकास भएको । व्यावसायिक पशु फर्महरू व्यवस्थित रुपमा सञ्चालनको सुरुवात भएको<br>खोर सुधार तथा नस्ल सुधार कार्यक्रम सञ्चालन गरिएको । | पशु व्यवसायबाट पनि प्रसस्त आम्दानी लिन सकिन्छ भन्ने सोचको विकास भएको ।<br>व्यावसायिक पशु फर्महरू व्यवस्थित रुपमा सञ्चालनको सुरुवात भएको ।<br>खोर सुधार कार्यक्रम सञ्चालन गरिएको ।<br>नस्ल सुधार कार्यक्रम सञ्चालन गरिएको ।<br>माहामारीजन्य रोगहरू बिरुद्धको प्रचारात्मक कार्यक्रमहरू सञ्चालन गरिएको । | पोषिलो घाँस, स्वस्थ आहारा र सहज व्यवस्थापनबाट मात्र उपयुक्त उत्पादन लिन सकिन्छ भन्ने चेतनामा सुधार आएको पशु क्षेत्रका कार्यक्रमबाट स्वरोजगार निमार्ण हुनुका साथै आय आर्जनमा बृद्धि भएको । |

## पञ्जिकरण शाखा

| वडा न. | जम्मा | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | बिबाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता सङ्ख्या | सदस्यको सङख्या | दर्ता सङ्ख्या | सदस्यको सङख्या | |
| १ | २९ | २२ | ५१ | १५ | १४ | २९ | ५ | २४ | ३ | ७ | १४ | ४३ | १२६ |
| २ | २४ | १३ | ३७ | १८ | १० | २८ | ५ | २३ | ३ | ५ | १० | २९ | १०६ |
| ३ | १६ | २७ | ४३ | १४ | ५ | १९ | ६ | २१ | १२ | २७ | ६ | ९ | १०७ |
| ४ | २१ | २९ | ५० | ७ | ११ | १८ | ४ | १५ | - | - | २ | ३५ | ९९ |
| ५ | २८ | २८ | ५६ | १६ | ९ | २५ | १० | १८ | २५ | ६६ | १३ | ३६ | १४७ |
| ६ | ३० | २५ | ५५ | १३ | १४ | २७ | ७ | ४३ | २४ | ५९ | १३ | २६ | १६९ |
| ७ | २८ | २८ | ५६ | १२ | २० | ३२ | ७ | २८ | ३४ | ११३ | १४ | ३० | १७१ |
| ८ | १८ | १८ | ३६ | १२ | ९ | २१ | ४ | २२ | १५ | ४३ | ११ | ३९ | १०९ |
| ९ | ३८ | ४४ | ८२ | २३ | १५ | ३८ | १४ | ४५ | २९ | ६८ | १९ | ५३ | २२७ |
| १० | १५ | ९ | २४ | ७ | ११ | १८ | ७ | १६ | २१ | ५३ | १५ | ३४ | १०१ |
| जम्मा | २४७ | २४३ | ४९० | १३७ | ११८ | २५५ | ६९ | २५५ | १६६ | ४४१ | १२७ | ३३४ | १३६२ |

## सामाजिक सुरक्षा भत्ता

| **लक्षित समूह** | **पहिलो त्रैमासिक** | **दोश्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **जम्मा सङ्ख्या** |
|---|---|---|---|---|---|
| | जम्मा कायम सङ्ख्या | जम्मा कायम सङ्ख्या | जम्मा कायम सङ्ख्या | जम्मा कायम सङ्ख्या | |
| अन्य जेष्ठ नागरिक भत्ता | २२५३ | २२४७ | २२४८ | २२८० | २२८० |
| जेष्ठ नागरिक भत्ता दलित भत्ता | १५५ | १५७ | १५९ | १६२ | १६२ |
| जेष्ठ नागरिक एकल महिला भत्ता | २९० | २९३ | २९४ | २९५ | २९५ |
| विधवा भत्ता | ३५८ | ३६७ | ३८१ | ३९२ | ३९२ |
| पूर्ण अपाङ्गता भत्ता | ९० | ९० | ८९ | ८९ | ८९ |
| अति अशक्त अपाङ्गता भत्ता | २२० | २१९ | २१७ | २२० | २२० |
| दलित बालबालिका भत्ता | २४४ | २३९ | २४५ | २४२ | २४२ |
| जम्मा | ३६१० | ३६१२ | ३६३३ | ३६८० | ३६८० |

## घर नक्सा शाखा

| क्र स. | निवेदन परेका | नयाँ बन्दै गरेका | निर्माण सम्पन्न भएका | नामसारी | अभिलेखिकरण भएका |
|---|---|---|---|---|---|
| १ | ४० वटा | १८ वटा | २ वटा | २ वटा | २२ वटा |

## न्यायिक समिति

| क्र.स. | दर्ता भएका | मिलापत्र भएका | फछ्र्यौट भएका | प्रक्रियामा रहेका |
|---|---|---|---|---|
| १ | १२ वटा | १ वटा | ९ वटा | २ वटा |

## सहकारी शाखा

| क्र.स. | मल | बोरा | मार्फत | कैफियत |
|---|---|---|---|---|
| १ | युरिया | ११,९०० बोरा | सहकारी | कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनबाट २१ पटक मलको कोटा आएको । ६ वटा सहकारी मार्फत पालिकाबासीहरुलाई मलको सहज आपूर्ती गरिएको । |
| २ | डिएपि | ७,२९० बोरा | सहकारी | |
| ३ | पोटास | ४२० बोरा | सहकारी | |
| ४ | | | | |

कोपोमिसमा बिबरण भरेका सहकारी २१ वटा र बिबरण नभरेका सहकारी ५ वटा रहेका छन् ।

## राजश्व शाखा

| क्र.स. | राजश्व शीर्षक | रकम रु. |
|---|---|---|
| १ | सम्पत्ती कर | १,८१९।२२ |
| २ | भूमिकर / मालपोत | २०,११७।६५ |
| ३ | बहाल कर | १,४३,९५३।४४ |
| १४ | बहाल बिटौरी कर | ६९,७६,८१५। |
| ५ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५७,१२,०३०। |
| ६ | व्यवसायले भूक्तानी गर्ने | ८,५००। |
| ७ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ७,४८,४२८। |
| ८ | अन्य सेवा शुल्कतथा बिक्री | १,४१,९००। |
| ९ | न्यायीक दस्तुर | १,९००। |
| १० | परिक्षा शुल्क | ३०,८००। |
| ११ | अन्य प्रशासनिक शुल्क | १,२०,९८५। |
| १२ | नक्सा पास दस्तुर | ९,४३,११७। |
| १३ | सिफारिस दस्तुर | ११,४२०। |
| १४ | अन्य दस्तुर | ९२,६३१। |

| | | |
|---|---|---|
| १५ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | ४७,७५०। |
| १६ | विद्युत सम्बन्धी दस्तुर | ५,००,०००। |
| १७ | प्रशासनिक दण्ड जरिवाना र जफत | १४,४२,७९३।६४ |
| १८ | अन्य राजश्व | २३,७४,४५३।९४ |
| १९ | व्यवसाय कर | २,९०,५९५।३८ |
| २० | बेरुजु | ५,७०,०३४।३६ |
| २१ | विज्ञापन कर | ३,२८१।७९ |
| २२ | दहत्तर बहत्तर शुल्क | ११,६०,६५,४५१।४० |
| **कुल जम्मा** | | **१३,६२,४८,७७६।८२** |

## अनुसूची - १५

**केराबारी गाउँपालिका मोरङको आर्थिक वर्ष २०८१/०८२ को सामाजिक परीक्षण प्रतिवेदन**

**(बृहत सभामा प्रस्तुत गरिएको)**

**विषयगत शाखा (क) स्वास्थ्य शाखा**

**पालिका स्तरीय नीति**

- पालिकाका सबै स्वास्थ्य संस्थाहरुबाट आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवालाई निरन्तरता दिईनेछ ।
- अध्यक्षसंग जेष्ठ नागरिक तथा अशक्त अपाङ्गता भएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचारलाई निरन्तरता दिईनेछ ।
- गर्भवती आमाहरुलाई संस्थागत तथा सुरक्षित प्रसुती गराउन उपाध्यक्षसंग सुरक्षित सुत्केरी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पालिका अस्पतालवाट सञ्चालन हुने सेवालाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्ति व्यवस्थापन, उपकरणको प्रवन्ध मिलाउनका साथै स्वास्थ्य विमा फार्मेसीलाई व्यवस्थित गरी बर्थिङ सेन्टरहरु र गाउँघर क्लिनिक तथा खोप केन्द्रहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- सबै बर्थिङ सेन्टरहरुमा निःशुल्क Maternity care Unit सञ्चालनमा ल्याई आमा र नवजात शिशुको स्वास्थ्य सुरक्षाको प्रवन्ध मिलाइनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई सबै नागरिकको पहुँचमा पुर्याउनका लागि हाम्रो स्वास्थ्य हाम्रो बीमा, जटिल रोगको छैन सिमा भन्ने नाराका साथ विपन्न नागरिक स्वास्थ्य बिमा प्रवर्द्धन कार्यक्रम संचालन गरीने छ ।
- केराबारी गाउँपालिकालाई क्षयरोगमुक्त बनाउन प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- केराबारी गाउँपालिकालाई ५ वर्ष भित्र कुपोषण शुन्य गाउँपालिका बनाउनका लागी पोषण मैत्री स्थानीय तह तथा सेवा बिस्तार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- शारीरिक तथा मानसिक स्वास्थ्यलाई सुदृढ गर्न योग तथा ध्यान शिविरहरु सञ्चालन गरीनेछ ।
- बालबालिकाहरुलाई दिईने नियमित खोप कार्यक्रमलाई थप व्यबस्थित गर्दै पुर्ण खोप सुनिश्चित भएको पालिका घोषणा गरीनेछ ।
- अधारभूत मानसिक स्वास्थ्य सेवा प्रदान गर्न पालिका अस्पतालबाट मनोविमर्श सेवा सञ्चालन गरिने छ ।

- ❖ पोषण मैत्री स्थानीय तह तथा सेवा विस्तार कार्यक्रमलाई प्रभावकारी वनाउन **पालन गरे दुरुस्त , बच्चा हुन्छ तन्दुरुस्त** भन्ने नाराका साथ कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- ❖ लागू औषध दुर्व्यसनी विरुद्‌ध निरोधात्मक र उपचारात्मक उपायहरुको अवलम्बन गरिनेछ । यसका लागि दक्ष जनशक्ति र साधन सम्पन्न साझेदारहरुसंग सहकार्य गरिनेछ ।

## गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरणः

| सञ्चालित कार्यक्रम /आयोजना | लक्ष्य | उपलब्धी |
|---|---|---|
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य। | • सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत मातृ मृत्युदर शून्य बनाउने ।<br>• महिला स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम् सेविका परिचालन गर्ने ।<br>• गर्भ जाँच सेवा घरदैलोसम्म पुर्याउने । र संस्थागत सुत्केरीलाई सुधार गर्ने । | सबै स्वास्थ्य सस्थामा गर्भवती जाँच सेवा साथै आईरन, क्याल्सियम, फोलिक एसिड चक्की नियमित वितरण । पोषिलो खाना सम्बन्धि परामर्श, सुत्केरी जाँच सेवा सञ्चालन गरिएको । गर्भजाँच सेवालाई तल्लो तहसम्म पुर्याउन घुम्ती भिडियो एक्सरे सेवा, प्रोटोकल गर्भजाँच सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरिएको<br>सुरक्षित सुत्केरीका लागि ४ वटा बर्थिङ सेन्टर सञ्चालन गरी सेवा प्रवाह भइरहेको ।<br>घरमै सुत्केरी गराउनेको संख्या न्यून अवस्थामा पुर्याउन सफल रहेको । |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | स्वास्थ्य केन्द्रहरूलाई स्तरोन्नती गर्ने ।<br>वर्थिङ सेन्टर सञ्चालन गर्ने ।<br>प्रयोगशाला सञ्चालन गर्ने ।<br>परिवार योजना सि.पि.आर. गर्ने । | महिलाहरुको भि.आइ.ए परीक्षण गरी पाठेघर सम्बन्धी समस्याको जाँच तथा थर्मोकोगुलेटरद्वारा उपचार सेवा सञ्चालन गरिएको । वडा नं. १, २, ५, ६, ९ र पालिका अस्पताल गरी ६ वटा स्वास्थ्य संस्थामा ल्याब सेवा सञ्चालनमा ल्याएको । पहाडी इलाकाका पाटी गाउँ, सिंहदेवीमा पुराना संरचना रहेका स्वास्व्थ्य संस्थाहरूलाई समुदायको स्वास्थ्यप्रति उत्तरदायी बनाउँदै आवश्यक स्वास्थ्यकर्मी र भौतिक संरचना र मर्मतसम्भारको कार्य गरी नागरिकहरूप्रति आधारभूत स्वास्थ्य उपचार सेवा प्रदान गर्न सफल भएको । स्वास्थ्य संस्थासँग सडक पहुँच पुर्याउन सडक निर्माण, पुल, कल्भर्ट निर्माणको कार्य भएको । पहुँच टाढा रहेको ठाउँहरूमा गाउँघर क्लिनिक कार्यक्रमहरू सञ्चालन गरिएको । ४ वटा स्वास्थ्य चौकी मध्ये एउटालाई एम.बि.बि.एस डा.सहितको पालिका अस्पताल सञ्चालनमा आएको । परिवार नियोजनका |

| | | |
|---|---|---|
| | | कार्यक्रमहरू सबै स्वास्थ्य संस्थाबाट परामर्श लगायत कार्य भएको । |
| क्षयरोग नियन्त्रण कार्यक्रम | क्षयरोगीको खोजपड्ताल कार्य गर्ने ।<br>क्षयरोगलाई नियन्त्रण गर्ने । | क्षयरोगमुक्त पालिका बनाउन कार्यक्रम सञ्चालन भइरहेका ।<br>खकार जाँचका लागि स्वास्थ्य संस्थामा ल्याब सेवा सञ्चालन गरी क्षयरोगका बिरामीहरूको खकार जाँचपड्ताल गर्ने कार्य प्रभावकारी रुपमा भएको । |
| परिवार कल्याण कार्यक्रम | पोषण कार्यक्रम सञ्चालन गर्ने ।<br>परिवार नियोजन सेवा प्रभावकारी रुपमा सञ्चालन गर्ने ।<br>सबै स्वास्थ्य संस्थाबाट परिवार नियोजनका साधन उपलब्ध गराउने । | खोज र खोपको नीति अनुरुप घरधुरी सर्भेक्षणको क्रममा कम तौल भएका र कुपोषित बालबालिकाको खोज पढ्ताल गरी कम तौल भएका र कुपोषित बालबालिकाहरूलाई पोषण खाद्य सामग्री वितरण गरिएको ।<br>परिवार नियोजनका साधन प्रयोग गर्नेको संख्यामा बढोत्तरी भएको । परिवार नियोजनका साधन प्रयोग गर्ने सोचमा विकास भएको । |
| एकीकृत बाल तथा स्वास्थ्य पोषण कार्यक्रम। | • पोषणमैत्री स्थानीय तह बनाउने । | बालभिटा कार्यक्रम, भिटामिन ए कार्यक्रम, न्यानो झोला कार्यक्रम र पोषण कार्यक्रम मार्फत बालबालिकाहरूको जीवनस्तरमा परिर्वतन आएको केराबारी गाउँपालिकाका सबै वडाहरूमा बालबालिकाको पोषणको अवस्था विश्लेषण गर्न विद्यालय, स्वास्थ्य संस्था, गाउँघर क्लिनिकमा बालबालिकाको तौल लिने कार्य र उनीहरूको अवस्थाको विश्लेषण गर्ने कार्य नियमित रुपमा भएको । जन्मपश्चात् हुने ७ दिनभित्रको पी.एन.सी भिजिटमा जन्मदोष भए नभएको र उसको पोषणको अवस्थाबारे स्वास्थ्यकर्मीहरू घरदैलोसम्म पुग्ने कार्य भएको । |
| अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | • जन्मबाट नै हुने अपाङ्गता शुन्य बनाउने । | फोलिक एसिड चक्की वितरण, ए.एन.सी, पि.एन.सि कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनमा रहेको । कुष्ठरोग खोजपड्ताल कार्यक्रम भएको । अपाङ्गता भएकाहरूलाई सहायक सामग्री वितरण, स्वास्थ्य उपचार सेवा प्रदान । ग्रामीण अल्ट्रा साउण्ड सञ्चालन गरिएको । |
| अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली कार्यक्रम । | पालिका स्तरको अस्पतालको संरचना व्यवस्थित गर्ने ।<br>चौमासिक एवं वार्षिक समीक्षा गर्ने । | पालिका अस्पतालको भवन निर्माणका लागि पहल भइरहेको । एम.बि.बि.एस डाक्टर सहितको अस्पताल सेवा, ६ वटा स्वास्थ्य संस्थामा ल्याब |

| | | |
|---|---|---|
| | | सेवा, ४ वटा बर्थिङ सेन्टर सञ्चालनमा आई निरन्तर सेवा प्रवाह भइरहेको । खोप, गर्भजाँच लगायतका तथ्याङ्कहरू स्वास्थ्यतर्फका सूचना प्रणालीमा प्रबिष्ट भएको । वार्षिक समिक्षा भएको । |
| राष्ट्रिय, स्वास्थ्य, शिक्षा, सूचना तथा संचार कार्यक्रम | • स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br>• अनलाईन डाटा इन्ट्रिको व्यवस्था गर्ने । | विभिन्न तालिम, गोष्ठी, समीक्षा कार्ययोजनाका कार्यक्रम सञ्चालन गरिएको । स्वास्थ्य क्षेत्रसँग सम्बन्धित स्वास्थ्य सरोकारका सूचनाहरू सञ्चारमाध्यम, वेबसाइट मार्फत् प्रवाह गर्ने गरिएको । अनलाइन डाटा सिस्टमका लागि सबै स्वास्थ्य संस्थामा इन्टरनेटको पहुँच रहेको । |
| उपचारात्मक सेवा कार्यक्रम | स्वास्थ्य चौकी तथा सबै वडाका स्वास्थ्य केन्द्रबाट आधारभूत देखि उपचारात्मक एम.बि.बि.एस डाक्टर सहितको ओ पि.डी. सञ्चालन गर्ने । | स्वास्थ्य चौकी तथा सबै वडाका स्वास्थ्य केन्द्रबाट आधारभूतदेखि उपचारात्मक एम.बि.बि.एस डाक्टर सहितको ओ पि.डी. सञ्चालन गर्ने । |
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई आवश्यकता अनुसारको खोप, एस बी ए, जस्ता विभिन्न तालिमहरूमा पालिका, जिल्ला, प्रदेश र संघीय कार्यक्रमहरूमा सहभागिता जनाई दक्ष जनशक्ति र पुनर्ताजगी तालिम सञ्चालन गर्ने तथा सहभागिता जनाउने कार्य भएको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका स्वास्थ्य क्षेत्रका मुख्यमुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

- पोषण प्रोफाइल निर्माण गरिएको ।
- आयोडिनयुक्त नुनको प्रयोगको घरधुरी सर्वेक्षण गरिएको । एक घर एक शौचालय र एक घर एक खानेपानीको धारा घरधुरी सर्वेक्षण गरिएको ।
- सधैं आयोडिन नुन खाने ७०.२% घरधुरी, कहिलेकाहिँ आयोडिन नुन खाने १६.१३% घरधुरी, कहिल्यै आयोडिन नुन नखाने १३.१७% घरधुरी रहेका । व्यवस्थित शौचालय भएको घरधुरी ८०.२५%, खाल्डे शौचालय भएको घरधुरी १७.०६%, र शौचालय नभएको घरधुरी २.६९% रहेका । व्यक्तिगत धाराबाट पानी खाने ८०.२८%, सार्वजनिक धाराबाट पानी खाने १८.१७% र खोला वा कुवाबाट पानी खाने १.५६% घरधुरी रहेका ।
- केराबारी गाउँपालिकाले घरधुरी सर्भेक्षण गरी खोज र खोपको नीतिअनुरुप पूर्ण खोप सुनिश्चित गाउँपालिका बनाउन विभिन्न चरणका कार्यक्रम सञ्चालन गरी खोप तर्फका कार्यक्रमहरू प्रभावकारी बनाउन सफल रहेको
- गर्भजाँच सेवा, संस्थागत सुत्केरी कार्यक्रममार्फत् आमा तथा बच्चा सुरक्षा कार्यक्रम प्रभावकारी भएको ।
- पालिका स्तरिय अस्पतालबाट उपचारात्मक सेवा प्रदान गरिएको ।

- स्वास्थ्य संस्थाहरूलाई सुदृढीकरण गर्दै सहयोगात्मक एवं व्यवस्थापकीय क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरिएको ।
- सुरक्षित सुत्केरीका लागि बर्थिङ सेन्टर स्थापना आवस्यकताको आधारमा थप गरिएको ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याउने कार्यको नीतिगत रुपमा व्यवस्था भएको । वडाहरूमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना भई निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चितता भएको
- अपाङ्गता रोकथाम, पोषण, सुरक्षित मातृत्व कार्यक्रम, परिवार कल्याण कार्यक्रमको प्रभावकारी सञ्चालन ।
- सबै स्वास्थ्य संस्थाहरूको सेवालाई प्रविधिमार्फत् राष्ट्रिय तथा प्रदेशस्तरीय डाटा सिस्टममा व्यवस्थापन गर्ने कार्य भएको ।
- पहाडी इलाकाका स्वास्थ्य संस्थाहरूलाई व्यवस्थित गरी नागरिकहरूको आधारभूत उपचारको पहुँचमा वृद्धि गराउन सफल भएको ।

## सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीक क्षेत्र | सूचकसहित कामको विवरण |
|---|---|
| ५ बर्ष मुनीका बालबालिकाले खोप प्राप्त अवस्था । | केराबारी गाउँपालिकाका २२ वटा खोप केन्द्र, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मीबाट बिसिजीदेखि पाँच वर्षसम्मका सबै खोपहरू प्राप्त गरे नगरेको घरधुरी सर्भेक्षण गरी खोपाउने कार्य सम्पन्न गरी पूर्ण खोप सुनिश्चित पालिका घोषणा भएको । |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या । | केराबारी गाउँपालिकामा स्वास्थ्य चौकी ३, शहरी स्वास्थ्य केन्द्र १, सामुदायिक इकाई १, आधारभूत स्वास्थ्य केन्द ५, वर्थिङ सेन्टर ४ र पालिका अस्पताल १ सञ्चालनमा ल्याइएको । सर्पदंश उपचार केन्द्र १ सञ्चालनमा रहेको । |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनिका बालबालिकाको आधारमा । | बि.सि.जि. ३४४ जना, रोटा प्रथम ३८१ जना, रोटा दोश्रो ३८९ जना, पोलियो पहिलो ३८३ जना, पोलियो दोश्रो  ३८६, तेश्रो  ३८५, एफ.आइ.पि.भि. प्रथम ३८३, दोश्रो ४२२, पि.सि.भि. प्रथम ३८३, दोश्रो ३८८, तेश्रो ४१८, डि.पि.टि.-हेपाटाइटिस बि प्रथम ३८३, दोश्रो ३८६ जना, तेश्रो ३८४ जना, दादुरा-रुबेला प्रथम ४२३ जना, दोश्रो ४६१ जना, जे.इ. ४७३ जना, टि. डि. दोश्रो १५२ जना र टि.डि दोश्रो प्लस ११८ जना । खोप तर्फका कार्यक्रमहरू पूर्ण रुपमा प्रभावकारी देखिएको । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या ( प्रतिशतमा) । | सबै स्वास्थ्य संस्थाबाट गर्भवति जाँच सेवा उपलव्ध गराइएको । प्रथम भिजिट  ४३३ जना । चौथो भिजिट २१३ । प्रोटोकल आठौं १९२ जना । स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयम् सेविकाहरूबाट टोल बस्तीका  घरहरूमा गर्भवती जाँचको बारेमा जनचेतना फैलाईएको । सि.बि.आर सहजकर्ता तथा स्वास्थ्यकर्मी मार्फत गर्भवती महिलालाई फोलिक एसिड वितरण गरिएको । |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गरिएका महिलाको संख्या | स्वास्थ्यकर्मीहरूबाट समयमै सुरक्षित जन्मका लागि आवश्यक ठाउँ छनोटको वातावरण बनाइएको । पालिकामा सञ्चालित बर्थिङ सेन्टरबाट ७६ जना आमाहरूले बच्चा जन्माउने कार्य भएको । अन्य आमाहरूबाट |

| | |
|---|---|
| | विराटनगरका ठूला अस्पताल, धरान, आम्दा अस्पतालसम्म गई सुरक्षित सुत्केरी गराउने कार्य भएको ।<br>घरमा सुत्केरी गराउने क्रम न्युन रहेको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | • केराबारी गाउँपालिकाका कुनै पनि बस्तीमा झाडापखालाका कारण मृत्यु हुनेको संख्या नभेटिएको । पानी तथा खानेकुराबाट सर्ने रोगहरूको विषयमा समुदाय स्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम् सेविकाहरूबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको । |

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

- भौगोलिक विकटताका कारण कार्यक्रमहरु सञ्चालन गर्न कठिनाई रहेको ।
- समुदायमा जनचेतना पुऱ्याउँदा पुऱ्याउँदै पनि केहि समुदायमा चेतनास्तरमा कमि रहेको ।
- केराबारीका पहाडी वडाहरूमा रहेका स्वास्थ्य संस्थाहरूको भौतिक संरचना, स्वास्थ्यकर्मी परिचालनको अवस्था, समुदायले हेर्ने दृष्टिकोणका कारण लामो समयदेखि जीर्ण अवस्थामा रहेका स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह गतिशील बनाउन कठिनाइ भएको ।
- केराबारी पहाड, तराई, चुरे, खोलाधार मिलेर बनेको गाउँपालिका हो । पहाडी वडाहरूमा रहेका टाढाटाढा छरिएर रहेका बस्तीहरूमा यातायातको पहुँच सबै ठाउँमा पुग्न सकेको छैन । जसका कारण स्वास्थ्यको आधारभूत सेवा सबै ठाउँमा समान ढंगले पुर्याउन कठिनाइ रहेको छ ।
- जटिल समस्या आएपछि मात्र स्वास्थ्य जाँच गराउने बानीका कारण चेतनामा सुधार ल्याउन केहि कठीनाई रहेको ।
- पहाड, तराई, खोला र बसाइको जटिलता रहेका कारण स्वास्थ्यका जनशक्तिको व्यवस्थापन गर्ने कुरामा समस्या रहेको छ ।
- वर्षातको समयमा पहिरो, खोलाका कारण सहज स्वास्थ्य उपचारमा समस्या रहेको छ ।

**भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदम र सुझावहरू**

- पहाडी इलाकाका स्वास्थ्य संस्थाहरूमा आवाससहितको स्वास्थ्यकर्मी बस्न सक्ने वातावरण मिलाउनुपर्ने आवश्यकता अतिरिक्त समय र केही पारिश्रमिक आकर्षक प्याकेजको कार्यक्रम ल्याई वडा नम्बर १, २ ,३ र ४ लाई दक्ष स्वास्थ्यकर्मी रहने वातावरण बनाउन आवश्यक देखिन्छ ।
- नागरिकहरूको चेतनास्तर वृद्धिका लागि स्वास्थ्य चेतनाका कार्यक्रमहरू वडा नम्बर १, २, ३, र ४ मा विशेष लैजानुपर्ने आवश्यकता देखिन्छ ।
- १ घण्टाभित्र स्वास्थ्यको पहुँचमा नरहेका बस्तीहरूलाई पहुँच स्थापित गर्ने एकीकृत बस्ती विकास योजना ल्याउनुपर्ने देखिन्छ ।

- सरकारी तथा निजी सवै स्वास्थ्य संस्थाहरूको तर्फबाट उपलव्ध गराईएका स्वास्थ्य सेवाहरूलाई समयमै एकीकृत गरी विवरण अध्यावधिक गरी राख्नुपर्ने । जस्तैः संस्थागत सुत्केरीमा बाहिरको तथ्याङ्क समावेश गर्न नसकिने खोपलाई एकीकृत गर्न नसकिने ।
- कार्यक्रम र सेवाको विस्तार भएबमोजिम जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनुपर्ने ।
- स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभुत सेवा लिनको लागि स्थानीय स्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथमिकता दिनु पर्ने ।
- लगानी अनुसारका कार्यक्रम सञ्चालन पश्चात् प्रभावकारी अनुगमनलाई प्राथमिकता दिनुपर्ने ।

**विषयगत शाखा (ख) शिक्षा शाखा**

**पालिका स्तरिय मुख्य नीति**

❖ शिक्षालाई प्रविधिसँग आवद्ध गर्दै गुणस्तरीय शिक्षाको विकासमा जोड दिइनेछ ।

❖ विद्यालयहरुमा प्राविधिक शिक्षाको विकास र विस्तार गर्ने नीति अबलम्बन गरिनेछ ।

❖ केराबारीमा सञ्चालित खदम क्याम्पसमा संकाय थप गर्न आवस्यक पहल गरिनेछ ।

❖ शैक्षिक संस्थाहरुलाई क्रमशः बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।

❖ विद्यार्थी संख्या कम भएका साथै भौगोलिक रुपमा एक आपसमा नजिक रहेका विद्यालयहरुलाई विद्यालय नक्साङ्कन र सम्भाव्यता अध्ययन समेतको आधारमा कक्षा वा तह घटाउने, एक आपसमा समायोजन गर्ने कार्यलाई जोड दिइनेछ ।

❖ सामुदायिक विद्यालयहरु मध्ये भौगोलिक क्षेत्र अनुसार पालिकामा कम्तिमा ६ वटा माध्यमिक विद्यालयहरुलाई क्रमशः नमूना विद्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

❖ शैक्षिक अवस्था अध्ययन कार्यदलको प्रतिवेदनका आधारमा शिक्षकहरुको दरबन्दी मिलान गरी विद्यार्थी संख्याका आधारमा शिक्षक आपूर्तीको व्यवस्था मिलाइनेछ साथै दरवन्दी नभएका विद्यालयहरुमा आवश्यक विषय शिक्षक काजमा खटाइनेछ ।

❖ नमूना विद्यालयहरुमा पहाडी भेगमा आवासीय र समथर भू भागमा यातायातको-सुविधा सहित क्रमशः विद्यालय सञ्चालन गर्दै लगिनेछ ।

❖ विद्यार्थी संख्या र सञ्चालित कक्षाको अनुपातमा न्यून शिक्षक दरबन्दी भएका तथा अंग्रेजी माध्यमबाट पठन पाठन गर्ने विद्यालयहरुलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराइनेछ ।

❖ विद्यालय सञ्चालनको लागि दिगो स्रोतको सुनिश्चितता भएमा मात्र नयाँ विद्यालयहरु स्थापना र कक्षा थपको लागि अनुमति प्रदान गरिनेछ ।

❖ विद्यालयको नियमित अनुगमनलाइ प्रभावकारी बनाउन पालिका स्तरमा पालिका शिक्षा समिति र बडा स्तरमा वडा शिक्षा समितिलाई थप जिम्मेवार बनाउँदै लगिनेछ ।

❖ स्थानीय भाषा, लिपि, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ । स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकपठन सामग्री तयार गरी कार्यान्वयन गरिनेछ ।/

- ❖ एक वडा", एक खेलमैदान निर्माणको कार्य क्रमशः अघि बढाइनेछ । "पालिकाको खेलमैदान स्तरोन्नती गरिनेछ । खेल क्षेत्रको संस्थागत र दिगो विकास गर्ने नीति अबलम्बन गरिनेछ ।
- ❖ राज्यकोषबाट तलव भत्ता लिने जनप्रतिनिधि कर्मचारी साथै सामुदायिक विद्यालयका शिक्षकहरुका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा पढाउन प्रोत्साहित गरिनेछ ।
- ❖ विद्यालयहरुमा शिक्षक दरबन्दीको अभावलाई न्यूनीकरण गर्न शिक्षक बैंक स्थापना वा स्वयंसेवक शिक्षकको व्यवस्था गरिनेछ ।
- ❖ विद्यालयहरुको निरन्तर अनुगमन सुपरिवेक्षण/ गरिनुका साथै कार्यसम्पादन सूचकको आधारमा विद्यालय, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- ❖ शिक्षक तथा विद्यालय कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- ❖ विद्यार्थीहरुले बीचैमा विद्यालय छोड्ने दर कम गर्न तथा सिकाइप्रति रुचि जागरण गर्नुको साथै भविष्यमा अध्ययन गर्ने क्षेत्र छनौटमा सहयोग समेत गर्नको लागि वृत्ति, परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ विद्यालय र समुदायबीच सम्बन्ध सुदृढ गर्न तथा अभिभावकहरुलाई शिक्षाप्रति चिन्तनशील बनाउन अभिभावक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ अनाथअसहाय र जहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्ति उपलब्ध गराइनेछ । /
- ❖ माध्यमिक तह (कक्षा ११ र १२)मा प्रविधियुक्त शिक्षा प्रणालीको विकास गर्दै क्रमशः ई लाईब्रेरीको सञ्चालन गर्दै लगिनेछ ।
- ❖ सबै माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुलाई व्यबहारिक शिक्षा प्रदान गर्न विद्यार्थीको हित", सिकाइसँगै सीप कार्यक्रम लागू गरिने छ ।
- ❖ वालकक्षा सहजकर्ता र विद्यालय कर्मचारीलाइ नेपाल सरकारले उपलब्ध गराएको पारिश्रमिक थप गरी न्युनतम पारिश्रमिक पाउने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।

## गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण

| आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | ✓ बाल कक्षामा बालबालिकाहरुलाई भर्ना गराउने ।<br>✓ विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई सहज विद्यालयको पहुँच स्थापित गर्ने ।<br>✓ आवश्यक पूर्वाधारहरूको व्यवस्था गरिनेछ । | १० वर्षे शैक्षिक योजना निर्माण गरिएको ।<br>शैक्षिक क्यालेण्डर निर्माण तथा कार्यान्वयन गरिएको ।<br>बाल कक्षामा उमेर समूहका सबै बालबालिकाहरु बाल कक्षामा भर्ना भएका । | विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत सन्तोषजनक नतिजा प्राप्त भएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| | शिक्षकहरूलाई एकिकृत पाठ्यक्रममा आधारित तालिमको व्यवस्था गरिनेछ । | केराबारी गाउँपालिकाका विद्यालय जाने उमेरका बालबालिका विद्यालय बाहिर नरहेको । प्रविधिमैत्रि शिक्षाका लागि आइसीटी ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेटको पहुँच बिस्तार गरिएको । समयसापेक्ष भवनको अभावलाई मध्यनजर गर्दै आवश्यक भवन निर्माण, खेलमैदान निर्माणजस्ता कार्यहरु गरिएको । शिक्षकहरुलाई प्रविधिमैत्री तालिम प्रदान गरिएको । जस्तैः ५ दिने आइ.सि.टि. बेश कम्प्युटर तालिम प्रदान गरिएको । | |
| शिक्षा गुणस्तर सुधारका प्रयास | ✓ शिक्षण सिकाई प्रकृयालाई व्यावहारिक बनाउने ।<br>✓ छात्रवृद्धि प्रदान गर्ने ।<br>✓ व्यवस्थापन समितिद्वारा नियमनको व्यवस्था ।<br>✓ प्रविधिमैत्री शिक्षामा जोड दिने । | शिक्षण सिकाई प्रकृयालाई समयसापेक्ष प्रविधिहरूको खोजी गरी व्यावहारिक रुपमा कक्षा कोठामा प्रयोग गरेको देखिन्छ । विद्यार्थीको सिकाइ सुदृढिकरणका लागि कक्षा ५ मा आपुरण कक्षा ४२ दिन, कक्षा ८ र १० मा गणित, विज्ञान र अंग्रेजीका अतिरिक्त कक्षाहरु सञ्चालन गरिएको । शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कन गरिएको । वडा नं. १ मा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएको । | शिक्षा गुणस्तर सुधारका प्रयासहरू समय सापेक्ष सुधार आएको देखिन्छ । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्यमुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

- सञ्चालनमा रहेको प्राविधिक शिक्षालयलाई सुदृढिकरण गर्न आर्थिक सहयोग प्रदान गरिएको ।
- विज्ञान विषय शिक्षणका लागि पालिकास्तरमै छात्रवृत्ति सहितको लगानीको व्यवस्था मिलाइएको ।
- शिक्षालाई सूचना, संचार प्रविधिसंग आवद्ध गर्दै गुणस्तरिय शिक्षाको प्रवद्र्धन गर्ने लक्ष्य सहितको कार्य भएको ।
- स्थानीय भाषा संरक्षण र प्रवद्र्धनका लागि स्थानीय लिम्बु र मगर भाषामा पठनपाठन शुरु गरिएको
- न्यून दरबन्दि भएका विद्यार्थी संख्या धेरै भएका अग्रेजी माध्यमबाट पठनपाठन गर्ने सामुदायिक विद्यालयहरूलाई क्रमिक रुपमा अनुदान प्रदान गर्दै जाने नीति रहेको ।

**सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता**

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचकसहितको कामको विवरण |
|---|---|
| समावेशी शिक्षा | **गाउँपालिकामा रहेका कूल बालबालिका मध्ये**<br>• दलित बालबालिकालाई छात्रवृत्तिको व्यवस्था गरिएको<br>• अपाङ्गता भएका व्यक्ति तथा समुदायले आवश्यक सहयोग गरिएको<br>• आदिबासी जनजाती समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच बढाउन शिक्षामा लक्षित वर्गको सहभागितामा वृद्धि गर्ने उद्देश्यले विभिन्न तहमा छात्रवृत्ति प्रदान गरिएको ।<br>• कक्षा ६ र कक्षा ९ मा विपन्न लक्षित २९ जना विद्यार्थिलाई छात्रवृत्ति प्रदान गरिएको । |
| पहुँच अभिवृद्धि | • दलित छात्रा, तथा लक्षित समूहलाई छात्रवृत्तिको व्यवस्था गरिएको ।<br>• आधारभूत र मा.वि. मा निःशुल्क पाठ्यपुस्तक वितरण गरिएको ।<br>• बालविकास केन्द्र मार्फत् बाल शिक्षा सञ्चालन गरिएको ।<br>• दिवा खाजा कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिएको । |
| समावेशिकरण | • सकारात्मक विभेद र आरक्षणका कारणले शिक्षकहरूको संख्यामा सकारात्मक विभेदको कार्यान्वयन हुँदै गएको ।<br>• अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गरिएको ।<br>• छात्रवृद्धि सहितको निःशुल्क शिक्षा प्रदान गरिएको।<br>• संघीय सरकार तथा स्थानीय तह एवम् गैससको विभिन्न पहलहरूका कारण सबै जातीभाषा धर्म र संस्कृतिका विद्यालय उमेरका बालबालिका विद्यालय जाने वातावरण बनेको । |
| गुणस्तरीय सुधार | • शिक्षालाई सूचना सञ्चार र आजको प्रविधिसंग जोड्दै लाने कार्यको सुरुवात भएको ।<br>• भौतिक रुपमा कक्षा सञ्चालन हुन नसकेका केहि वडामा प्रविधियुक्त शिक्षण विधिबाट सिकाई कार्यको सुरुवात भएको ।<br>• अतिरिक्त शिक्षण सिकाइको शैक्षिक कार्यक्रम सञ्चालन गरिएको । |

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

- विपन्न, दलित र पिछडिएको परिवारका केही बालबालिकामा कक्षा छोड्ने र दोहोर्याउने अवस्थामा रहेको ।
- अपाङ्गता भएका बालबालिकाहरूमा शिक्षाको पहुँच स्थापित गर्न कठिनाई रहेको ।
- विकट पहाडी भू-भागका कारण आधा घण्टाभित्र केही प्रतिशत बालबालिका शिक्षाको पहुँचमा आउन नसक्नु

**भावी कार्यक्रम सञ्चालनको लागि चाल्नु पर्ने कदमहरू र सुझावहरू**

- अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक पहुँच स्थापित गर्ने कार्य गर्नुपर्ने ।

- विद्यालयको दूरी टाढा रहेका विद्यालयलाई बिग विद्यालयको रुपमा सञ्चालन गरी बालबालिकालाई आवाससहितको व्यवस्थापनका लागि आवश्यक कार्य गर्नुपर्ने ।
- एकिकृत बस्ती विकासको अवधारणाका लागि छरिएर रहेको क्षेत्र समेट्नुपर्ने ।

**विषयगत शाखा (ग) कृषि शाखा**

**पालिकास्तरीय मुख्य नीति**

- कृषि प्राविधिक सेवा क्रमशः वडा स्तरसम्म बिस्तार गरिने छ ।
- पालिका स्तरमा कृषि वजार व्यबस्थापन, कृषि उपज संकलन केन्द्र र अन्य आवश्यक ठाउँमा कृषि उपज सङ्कलन डिपो निर्माण गरिदै लगिनेछ।
- साप्ताहिक हाट बजारहरुलाई व्यवस्थित गरिनेछ ।
- वन क्षेत्रलाई कृषि उत्पादनसंग जोड्न कृषि वन कार्यक्रम ल्याईनेछ ।
- नमूनाको रुपमा कार्यक्रम "एक टोल विकास एक असल कृषि अभ्यास" सचालन गरिनेछ ।
- किसानको पहिचान गरी पहिचान भएका किसानहरुलाई किसान परिचयपत्र वितरण गरिनेछ ।
- माटो परीक्षण प्रयोगशालालाई जनशक्तिको व्यवस्थापन गरी पूर्ण क्षमतामा सञ्चालन गरी सेवा प्रदान गरिनेछ ।
- किसान जागरणका लागि कृषि प्रदर्शनी मेला, उत्कृष्ट कृषक तथा कृषि उद्यमीलाइ प्रोत्साहन- गरिनेछ ।
- संघीय सरकारसंग समन्वय गरी धानबाली साथै रबर खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ
- विभिन्न तरकारी र फलफूलका विउविजनहरु तथा कृषि उत्पादन सामाग्रीहरु लागत साझेदारीमा सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको भूउपयोग योजनामा कृषि क्षेत्र भनी तोकिएका क्षेत्रहरुमा कृषिका कार्यक्रमहरु केन्द्रित गरिनेछ ।

**गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण**

| सञ्चालित आयोजना।कार्यक्रम | लक्ष्य | उपलव्धी | कैफियत |
|---|---|---|---|
| प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउने । | • आधुनिक प्रविधि हस्तान्तरण गर्दै उत्पादन बृद्धि गर्ने ।<br>• जोखिम व्यवस्थापनका साथै रोग किरा नियन्त्रणका लागि प्राविधिक सेवा उपलब्ध गराउने । | साझेदारीमा कृषियन्त्र उपकरणहरू अगुवा कृषकलाई वितरण गरी महँगो बन्दै गएको श्रम बजारलाई व्यवस्थापन गर्न सफल भएको । बालिमा देखिने महामारी रोग तथा मौसमी किराहरूको व्यवस्थापन गर्न सफल भई घरदैलोमै प्राविधिकहरु खटिएको उत्पादन बृद्धि भएको । किसानलाई चाहिने आवश्यक मल ६ वटा सहकारी मार्फत बिक्रि वितरण भइरहेको | केराबारी गाउँपालिकामा प्रविधि र प्राविधिक क्षेत्रमा कृषकलाई अनुभूति हुने खालको कार्यको |

| | | | |
|---|---|---|---|
| | | । चैते धान प्रवद्र्धन अन्तर्गत ४ वटा स्यालो ट्युवेल र ४ वटा इलेक्ट्रिक कम्बाइन मिल, २ वटा मिनि टिलर, १८ वटा इलेक्ट्रिक स्प्रे वितरण गरिएको ।<br>कृषि यन्त्रिकरण कार्यक्रम अन्तर्गत ७५% अनुदानमा ५२ वटा पावर स्प्रे, १६ वटा मिनि टिलर, ड्याङ बनाउने हाते औजार १९ वटा वितरण भएको ।<br>प्रविधि हस्तान्तरणका कार्यक्रमहरू भएको । | सुरुवात भएको । |
| बालि बिकास कार्यक्रम | बढी उत्पादन दिने बालिको खोजि गरिने ।<br>धानको बिऊ बितरण गरिएको । | • व्यवसायिक तथा बेमौसमी तरकारी खेती विकास कार्यक्रम अन्तर्गत ७५% अनुदानमा ७४ वटा प्लास्टिक टनेल र मल्चिङ ७८ वटा वितरण, । बाली प्रवर्धन अन्तर्गत वर्षे धानको बिउ ४,६५५ केजी र चैते धानको १,००० केजी बिउ वितरण ।<br>• अनाज, तरकारी तथा फलफूलका बढी उत्पादन दिने बिउको खोजि गरि वितरण गरि उत्पादनमा बृद्धि भएको ।<br>• मौसमी तथा बेमौसमी बालिको खोजि गरि आयआर्जनको बाटो कृषकहरूका लागि निर्माण गरिएको ।<br>• छिटो फल्ने बालिको खोजि गरि उक्त बालि लगाउन उत्प्रेरणा प्रदान गरिएको | कृषकको जीवनस्तरमा सुधार आएको । |
| आईपीएम पाठशाला | कृषकहरुलाई कडा विषादीको सट्टा कम क्षति गर्ने विषादी तथा आफ्नै प्राङ्गारिक मल लगाउन सिफारिश गरिएको । | कृषकहरुलाई कडा विषादीको सट्टा कम क्षति गर्ने विषादी तथा आफ्नै प्राङ्गारिक मल लगाउन सिफारिश गरिएको । | चेतनास्तरमा केही परिवर्तन आएको । |
| कृषि तालिम सञ्चालन गर्ने | मौसमी तथा बेमौसमी नगदे बाली उत्पादन प्रति युवाहरू आकर्षित भएका ।<br>कृषिबाट आत्मनिर्भर बनाउने लक्ष्य रहेको । | २ स्थानमा बाली शिबिर सञ्चालन । सीप विकास तालिम, रोगकीरा व्यवस्थापन सम्बन्धी कृषककै कार्यस्थलमा नमूना परीक्षण, महामारीजन्य कृषि तालिम साथै प्रचार प्रसार लगायतका कार्यक्रमहरू सञ्चालन गरिएको । मौसमी तथा बेमौसमी नगदे बाली उत्पादन प्रति युवाहरू आकर्षित | कृषि प्रति युवाहरूको आकर्षण बढ्दो रहेको । |

| | | | |
|---|---|---|---|
| | | भएका । टोल टोलमा कृषि व्यवसायिक फर्म दर्ता तथा सञ्चालनमा युवा आकर्षित भई आयआर्जनको बाटो खुलेको | |
| कृषि बिमा | सबै वडाका व्यवसायिक कृषि फर्महरूलाई कृषि बिमा गर्नुपर्छ भन्ने सोचको विकास गराउन सफल भएको | • सबै वडाका व्यवसायिक कृषि फर्महरूलाई कृषि बिमा गर्नुपर्छ भन्ने सोचको विकास गराउन सफल भएको । | कृषिमा देखिने जोखिम व्यवस्थापन हुने सम्भावना रहेको |
| अनुदान लक्षित कार्यक्रम | उत्पादन बृद्धि गर्ने ।<br>स्वरोजगार निर्माण गरि आत्मानिर्भर बनाउने ।<br>धानको बिउ यान्त्रिकीकरण, सिंचाइका सामग्री वितरण | व्यवसायिक तथा बेमौसमी तरकारी खेती विकास कार्यक्रम अन्तर्गत ७५% अनुदानमा ७४ वटा प्लास्टिक टनेल र मल्चिङ ७८ वटा वितरण ।<br>कफि खेती सिँचाइका लागि ४,५८० मिटर पाइप वितरण । केरा खेती सिँचाइका लागि २५२० मिटर पाइप वितरण । किवि खेतीका लागि ४ वटा टहरा निर्माण । ३ वटा प्लास्टिक ड्रम वितरण गरिएको ।<br>कृषि यान्त्रिकरण अनुदानका कारण महंगो बन्दै गएको श्रम बजार सरलीकरण गर्न सफल भएको । साथै समयमा नै यान्त्रिक बस्तुको कारण बाली लगाउन सहज भएको<br>बिऊ, बिरुवा, टनेल, अनुदानका कारण कृषकहरू आकर्षित भइ गाउँगाउँमा स्वरोजगार निर्माण गरेको साथै ग्रामिण भेगका आम नागरिकहरू आत्मानिर्भर बन्दै गएको । | युवाहरूको कृषि व्यवसायप्रति आकर्षण बढेको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

- विभिन्न प्रकारका प्राङ्गारिक मद उत्पादन गरी कृषकलाई वितरण गरिएको ।
- १० वटा प्लाष्टिक पोखरी र रिचार्ज पोखरीको निर्माण गरिएको ।
- कृषि वन कार्यधक्रम सञ्चालन गरिएको ।
- ७ जना रिटर्नीहरुलाई उत्कृष्ट सम्मान तथा ७ रिटर्नी परिवारका सदस्यहरुलाई राहतकोष मार्फत सहयोग गरिएको ।
- सबै वडामा किसान सूचिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- पोषण कार्यक्रम र कृषि शाखाको बिचमा सहकार्यका कार्यक्रम गरिएको ।

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

- भौगोलिक विविधताका कारण एकै खालका प्रविधि सम्पूर्ण भूगोलमा उपयुक्त नहुनु ।
- फलफूल तथा तरकारी भण्डारणका लागि चिस्यान केन्द्र सहितको संकलन केन्द्र बिस्तार गर्ने नीतिगत रुपमा व्यवस्था भएपनि कार्यक्रमको शुरुवात हुन नसकेको ।
- बाटो मात्र विकास हो भन्ने सोच जनतामा कायमै रहनु ।
- वडा स्तर बाटै योजना छनोटमा कृषिलाई प्राथमिकतामा नराख्नु ।
- कृषि विमालाई तल्लो तहसम्म पुऱ्याउन नसक्नु ।
- गाउँपालिकाको प्राथमिकतामा कृषि भन्दै गैह्र कृषि क्षेत्र पर्नु ।

**भावी कार्यक्रम सञ्चालनको लागि चाल्नु पर्ने कदमहरू र सुझावहरू**

- नगदे बालीको सम्भावना बोकेको केराबारीमा नगदे बाली उत्पादनमा अनुदान प्रवर्धन कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- पालिकाले तयार गरेका नीति अवसर, बजेट र कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्ने ।
- प्राविधिक जनशक्तिको व्यवस्थापन गरि उत्पादनमुलक र संरक्षणमूलक कृषि प्रणालीलाई जोड दिनुपर्ने
- कृषि उत्पादन र कच्चा पदार्थ संग सम्बन्धित साना र लघु उद्योग व्यावसाय सञ्चालन गरी युवाहरूलाई समेट्नु पर्ने ।
- कृषि बिमालाई थप प्रभावकारी बनाउदै लैजानुपर्ने ।
- कृषकहरूलाई प्रदान गरिने विभिन्न अभिमुखीकरण तालिमहरू थप प्रभावकारी रुपमा अघि सार्नुपर्ने ।
- वडा न. ४ को सेवा केन्द्र जनशक्तिको अभावमा बन्द भएको हुनाले सञ्चालनमा ल्याउनुपर्ने ।

**विषयगत शाखा (घ) पशुपंक्षी शाखा**

**पालिका स्तरीय मुख्य नीतिहरू**

- नश्ल सुधार कार्यक्रम सञ्चालन गरी यस पालिकालाई दुध र मासुमा आत्मनिर्भर गराउन जोड दिइनेछ ।
- सम्पूर्ण पशुहरुको औषधि सहित निःशुल्क उपचारको व्यवस्था मिलाईने छ ।
- पशुपन्छीहरुमा महामारी नियन्त्रणका लागि खोप कार्यक्रम तथा पशु स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- वनजंगल तथा चरिचरणमा पोषिलो र उन्नत जातका घाँसपातका विरुवा लगाउन सामुदायिक वन तथा किसानहरुलाई प्रोत्साहित गरिनेछ ।
- निर्वाहमुखी पशुपालनलाई व्यवसायिक बनाउन पशु पकेटका कार्यक्रम संचालन गरिनेछ ।
- पशुपन्छी व्यवसाय गर्ने निजी व्यवसायी, फर्म तथा कृषक समुहहरुको अनुगमन, निरीक्षण गरी उचित परामर्श सेवा तथा उपचारको व्यवस्था मिलाईनेछ ।
- पशुपालक कृषकहरुलाई पशु बीमा सम्बन्धि चेतनामुलक कार्यक्रम सञ्चालन गरी पशु बिमाका लागि अभिप्रेरित गरिनेछ ।
- हालै देखिएको लम्पी रोगको प्रभावकारी नियन्त्रण गर्नुका साथै अन्य सम्भाव्य संक्रामक रोग नियन्त्रणको लागि विशेष पहल गरिने छ ।

## गत आर्थिक वर्षमा सञ्चालित योजना तथा कार्यक्रमको विवरण

| आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| पशु विकास कार्यक्रम | उन्न्त जातका पशुहरू वृद्धि गर्न भैंसी १५, गाई २९५, बाख्रा १० र बंगुर ५ गरी जम्मा ३२५ पशुहरूमा कृतिम गर्भाधान गरिएको । | केराबारी गाउँपालिकामा उन्न्त जातका पशुहरू वृद्धि गर्न भैंसी ४६, गाई ६१४, गरी जम्मा ६६० पशुहरूमा कृतिम गर्भाधान गरिएको ।<br>बाख्रा प्रवद्र्धन कार्यक्रमबाट ४१६ कृषक तथा २१,४६१ पशुपंक्षी लाभान्वित भएका । काउ लिफ्टर मेसिन ४ वटा वितरण गरिएको । मझौला साइजको कास्ट्रेशन मेसिन ४ वटा खरिद । गाई प्रवद्र्धन कार्यक्रम ५०% अनुदानमा वडा नं. ९ का २ वटा फर्मका लागि ५ गाई खरिद गरी वितरण गरिएको । | उन्नत जातका पशु उत्पादन भएसँगै पशुपालक कृषकहरुको जीवनस्तरमा परिवर्तन आएको । |
| पशु स्वास्थ्य कार्यक्रम | खोरेत ६,०००, लम्पीस्किन १,३५०, एच.एस.बि.क्यु. ११,०००, स्वाइन फिवर १,,५००, पि.पि.आर. ३१,४०० र रानिखेत १,५००, रेविज भ्याक्सिन १४८ डोज खोप लगाइएको । | केराबारी गाउँपालिकाभित्र पशु वस्तुमा देखिने महामारी जन्य तथा मौसमी रोगहरूको रोकथामका साथै खोरेत ६,०००, लम्पीस्किन १,५००, एच.एस.बि.क्यु. ११,०००, स्वाइन फिवर ११,०००, पि.पि.आर. ३५,००० र रानिखेत १५००, रेविज भ्याक्सिन ३५६ डोज लगाइएको ।<br>पशु स्वास्थ्य शिविरबाट वडा नं २, ३ र ९ का ४१६ जना कृषकहरूका २१,४६१ पशुको उपचार गरिएको । पशुमा देखिने विभिन्न रोगहरूको नियन्त्रण तथा व्यवस्थापनका लागि चाहिने आवश्यक औषधी उपचारको व्यवस्था पालिकाबाट गरिएको । | समान्य तथा जटिल रोगहरूको समस्या समाधानका लागि पहल ठूलो पहल भएको । |
| पशु आहारा सेवा | जै घाँस १,७६३ केजी. र वर्षिम घाँस १,८१७ के.जी. वितरण गरिएको । उन्नत जातका घाँसका बिउहरू वितरण गरी दुध तथा मासु उत्पादनमा बृद्धि भएको । १२ जना कृषकलाई च्यापकटर वितरण गरिएको । | • जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भनेजति उत्पादन पाइन्छ, भन्ने उद्‌देश्य राखि जै घाँस १०८० केजी. र वर्षिम घाँसको बिउ १५०८ के.जी. निशुल्क वितरण गरिएको । जसबाट १४६८ जना कसषक लाभान्वित भएका । उन्नत जातका घाँसका बिउहरू, बहुबर्षे घाँसका बिरुवाहरू वितरण गरि दुध तथा मासु उत्पादन बृद्धि भएको । ७५% अनुदानमा १७ जना कृषकलाई च्याफकटर वितरण गरिएको । | उन्नत तथा पोषिलो जातको घाँसबाट हुने फाइदा बारे किसानमा सोचको विकास भएको । |

| | | | |
|---|---|---|---|
| पशु स्वास्थ्य नियमन कार्यक्रम | गाउँपालिकाभित्र रहेका गोरु, बोका र बंगुर गरी ५६८ पशुमा बन्ध्याकरण गरिएको । ६५ वटा पशुको गोबर परीक्षण गरिएको । | केराबारी गाउँपालिकाभित्र रहेका ५३ पशुहरुको गर्भपरिक्षण, २७२ पशुहरुमा बन्ध्याकरण र १९६ गोबर परीक्षण गरिएको । स्थलगत तालिम सञ्चालन गरिएको ।<br>पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमन जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको जसबाट स्वस्थ पशु र स्वस्थ उत्पादनमा क्रमिक सुधार हुँदै गएको । | गाउँपालिकाले आफ्नो नीति कार्यक्रममा नै प्राथमिकताका साथ उठान गरेको । |
| पशु सेवा प्रसार कार्यक्रम | व्यवसायिक पशु फर्महरू व्यवस्थित रुपमा सञ्चालनको सुरुवात भएको ।<br>खोर सुधार, नस्ल सुधार कार्यक्रम सञ्चालन गरिएको महामारीजन्य रोगहरू बिरुद्धको प्रचारात्मक कार्यक्रमहरू सञ्चालन गरिएको । | पशु व्यवसायबाट पनि प्रसस्त आम्दानी लिन सकिन्छ भन्ने सोचको विकास भएको ।<br>व्यावसायिक पशु फर्महरू व्यवस्थित रुपमा सञ्चालनको सुरुवात भएको ।<br>खोर सुधार कार्यक्रम सञ्चालन गरिएको ।<br>नस्ल सुधार कार्यक्रम सञ्चालन गरिएको ।<br>माहामारीजन्य रोगहरू बिरुद्धको प्रचारात्मक कार्यक्रमहरू सञ्चालन गरिएको । | पशुपंक्षी क्षेत्रका कार्यक्रमबाट स्वरोजगार निर्माण हुनुका साथै आय आर्जनमा समेत बृद्धि भएको । |

- **सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**
- नस्ल सुधार गरी बढी उत्पादन दिने पशुहरुको वृद्धि भएको ।
- पोषिलो घाँसका विऊ वितरण गरी पशु आहारामा सुधार गरिएको ।
- सामान्य तथा जटिल रोगहरुको रोकथामका लागि खोप लगाउने तथा औषधि वितरण कार्यलाई पहिलो प्राथमिकतामा राखिएको ।
- पशु प्राविधिकहरुबाट ग्रामिण क्षेत्रमा पशुपालन गर्ने कृषकहरुको पशुमा देखिने रोगको उपचारका लागि घरदैलो सेवा प्रवाह हुनु ।

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

- पहाडी इलाका, चुरे क्षेत्र, भिन्न समुदायको बसेबास रहेको पालिकामा समुदाय अनुसारको पशुपालन भिन्न भिन्न हुने भएकाले आवस्यकताको पहिचान गरी कार्यक्रम ल्याउन आवस्यक देखिन्छ जस्तै ः राई, लिम्बु, मगर समुदायले सुँगुर, बंगुर पाल्ने ।
- भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मात्रामा बजारीकरणको समस्या रहेको ।

- पशुपंक्षी उपचार सेवा दिन चाहेर पनि वर्षादको समयमा पहाडी ईलाकामा सडक यातायातका कारण पशुमा देखिने जटिल तथा सामान्य खाले रोगहरूको चाँडै पहिचान गर्न कठिन भएको ।

**भावी कार्यक्रम सञ्चालनको लागि चाल्नु पर्ने कदमहरू र सुझावहरू**

- पहाडी इलाका, चुरे क्षेत्र, भिन्न समुदायको बसेबास रहेको पालिकामा समुदाय अनुसारको पशुपालन भिन्न भिन्न हुने भएकाले आवस्यकताको पहिचान गरी कार्यक्रम ल्याउन आवस्यक देखिन्छ जस्तै ः राई, लिम्बु, मगर समुदायले सुँगुर, बंगुर पाल्ने ।
- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मात्रामा बजारीकरणको समस्या रहेकोले बजारको उचित व्यवस्थापन गर्न सुझाव दिइन्छ ।
- नव प्रवर्तनकारी युवा तथा उद्यमी र बैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा शिपयुक्त उद्यमशिल युवाहरूलाई उद्यम ब्यावसाय शुरु गर्न व्यवसायिक योेजनाका आधारमा सुरुवाती पूँजी उपलब्ध गराउनुपर्ने
- भौगोलिक अवस्था हेरी पशुपंक्षी उपचार सेवा, ल्यावको व्यवस्था मिलाई पशुमा देखिने जटिल तथा सामान्य खाले रोगहरूको चाँडै पहिचान गर्न सुझाव दिइन्छ ।

**विषयगत शाखा/कार्यालयको नाम (घ) घर नक्सा शाखा**

**मुख्य लक्ष्य**

- घर नक्सा शाखालाई अनलाइन सिस्टममा आबद्धताको प्रकृया सुरुवात गरिने ।
- केराबारी गाउँपालिकाभित्र बनेका/रहेका पुराना संरचना अभिलेखिकरण गर्ने ।

**उद्धेश्य**

- भूकम्प प्रतिरोधी र वातावरण मैत्री भौतिक संरचनाहरू निर्माण गर्ने ।

**मुख्य उपलब्धिहरू**

- प्रविधिमैत्रि घर नक्सा शाखा र समस्या रहित केराबारी गाउँपालिका बनाउन सफल रहेको ।

| क्र स. | निवेदन परेका | नयाँ बन्दै गरेका | निर्माण सम्पन्न भएका | नामसारी | अभिलेखिकरण भएका |
|---|---|---|---|---|---|
| १ | ४० वटा | १८ वटा | २ वटा | २ वटा | २२ वटा |

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

- घरधुरी सर्वेक्षण पूर्ण गर्न नसकिएको ।
- ऐलानी पर्ति जमिनका कारण बस्ति बिकास योजना लागू गर्न चुनौति रहेको ।
- घरनक्सा पासका लागि सेवाग्राहीहरु प्रकृयामा नआउनु ।
- बैंकिङ कारोबार, ऋणको लागि प्रमाणपत्र आवस्यक परेको खण्डमा मात्र सेवाग्राहीहरु पालिका आउने । सो समयमा पालिकाबाट उक्त प्रमाणपत्र दिन नसकेको अवस्था रहेको ।

**भावी कार्यकक्रम सञ्चालनको लागि चाल्नु पर्ने कदमहरू र सुझावहरू**

- निर्माण सम्पन्न लिएका, निर्माण सम्पन्न भइसकेका, निर्माणमा नै आधा रहेका घरहरूको अभिलेखीकरण गरी गाउँपालिकाको बास्तविक अवस्थाको तथ्याङ्क राख्नुपर्ने ।
- निर्माण भएका तर प्रकृयामा नआएका घरहरूको अभिलेखीकरण राख्नुपर्ने ।
- घर निर्माण गर्दा पालना गर्नुपर्ने सम्पूर्ण प्रकृया पुरा गरेर मात्र निर्माणको प्रकृया थालनी गर्नुपर्ने ।

**१. विषयगत शाखाः वित्तिय तथा सहकारी शाखा**

**पालिकास्तीय नीतिहरू**

❖ सामुदायिक वन समुह, सहकारी संस्थाहरु तथा किसानसंगको साझेदारीमा प्राङ्गारिक मल बनाउने कारखाना स्थापना गरी सञ्चालन गरिनेछ ।

❖ सहकारी संस्थाहरुको एकीकरणलाई निरन्तरता दिईनेछ ।

❖ कृषिजन्य वस्तुको मूल्य श्रृङ्खलामा कृषक समुह वा सहकारी संस्थालाई परिचालन गरिने छ ।

❖ कृषि उत्पादन सामाग्रीहरुको संकलन तथा बजारीकरण कृषक समूह तथा सहकारी मार्फत गरिनेछ ।

❖ सहकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ, भने सहकारी अनुगमनको कार्यलाई नियमित गरिनेछ ।

| क्र.स. | मल | बोरा | मार्फत | कैफियत |
|---|---|---|---|---|
| १ | युरिया | ११,९०० बोरा | सहकारी | कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनबाट २१ पटक मलको कोटा आएको । ६ वटा सहकारी मार्फत पालिकाबासीहरुलाई मलको सहज आपूर्ती गरिएको । |
| २ | डिएपि | ७,२९० बोरा | सहकारी | |
| ३ | पोटास | ४२० बोरा | सहकारी | |
| ४ | | | | |

**कोपोमिसमा बिबरण भरेका सहकारी २१ वटा र बिबरण नभरेका सहकारी ५ वटा रहेका छन् ।**

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

- करको दर र दायराको अवस्थालाई बिश्लेषण गरी समय सापेक्ष बनाउने कार्यमा केही कठिन रहेको ।
- भौगोलिक बिकटताका कारण सबै नागरिकलाई सहकारीको पहुँच स्थापित गर्न नसकिएको ।
- विभिन्न कारणले सहकारी संस्थालाई उत्पादनसँग जोड्न केही कठिन भएको ।

**भावी कार्यकक्रम सञ्चालनको लागि चाल्नु पर्ने कदमहरू र सुझावहरू**

- सहकारीको माध्यमबाट रोजगारीका अवसरहरू सृजना गर्न सहकारी मैत्रि नीति कार्यान्वयन गर्नुपर्ने
- आन्तरिक करका दायराहरूलाई बृद्धि गर्दै लैजानुपर्ने ।
- बस्तुको उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण सहकारीको माध्यमबाट प्रयाप्त व्यवस्था गर्नुपर्ने

**विषयगत शाखा/कार्यालयको नाम (च) पर्यटन शाखा**

**गाउँपालिकाको नीति**

- गाउँपालिकाको पर्यटन विकासको सम्भाव्यता अध्ययन गरी एकीकृत पर्यटन विकासको गुरुयोजना तयार गरी गुरुयोजना अनुसार लगानी गरिनेछ ।
- सबै पर्यटकीय क्षेत्रहरु जोड्न पदमार्गको पहिचान र विकास गरिनेछ ।
- स्थानीय कला संस्कृति र साहित्यको संरक्षण र विकासमा जोड दिइनेछ ।
- पर्यटन क्षेत्र र यसको पूर्वाधार विकासका लागि स्थानीय संघ, संस्था, समूदायका साथै प्रदेश र संघीय सरकारसंग सहकार्य गरिनेछ ।

**उद्देश्य**

पर्यटन पूर्वाधार विकासमा जोड दिदै पूर्वी तराईको पर्यटकीय गन्तव्यको रुपमा विकास वृहत पर्यटकीय गुरु योजना तयार गरिनेछ ।

स्थानिय कला संस्कृति झल्कने संग्राहालयको संरक्षण तथा प्रवद्र्धन गरिने छ । तोप थुम्की ,जोफाले, सप्तकन्या जस्ता पर्यटकीय क्षेत्रको पूर्वाधारमा जोड दिइने छ ।

| कार्यक्रम | लक्ष्य | उपलब्धी |
|---|---|---|
| पर्यटक भित्र्याउने कार्यक्रम | पर्यटकीय गन्तव्य बनाउने | पालिकाभित्र रहेका जेफाले, तोप थुम्की, सप्तकन्या लगायतका स्थानमा पर्यटकीय आकर्षण बढेको पाइएको । |
| आन्तरिक तथा वाह्य पर्यटक आएको संख्या | बृद्धि गर्ने । | आन्तरिक पर्यटकको संख्यामा बृद्धि रहेको । बाहृय पर्यटकको संख्या भने न्यून रहेको । |
| स्थानिय कला संस्कृति गर्ने सहभागिता | सबै जातजाती भाषाभाषीको पहिचान स्थापित गर्ने । | तामाङ, मगर, लिम्बु, राई आदि जातीको कला संस्कृतिका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने । |
| होमस्टे कार्यक्रम | होमस्टे स्थापना तथा सञ्चालन गर्ने । | होमस्टे सेवामा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई स्वागत सत्कारमा जोडिएको । |

**विषयगत शाखा/कार्यालयको नाम खानेपानी तथा सरसफाई**

**गाउँपालिकाको नीति**

- स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि जोड दिईनेछ ।
- श्रोत संरक्षणका लागि वृक्षरोपण तथा रिजर्भ पोखरी निर्माण गर्ने साथै खानेपानीको दिगो ब्यबस्थापनका लागि शहरी खानेपानी आयोजना तथा पहाडी भेगमा आवश्यकतानुसार मुहान संरक्षण, टंकी निर्माण, मर्मत तथा पाईप विस्तार क्रमशः गर्दै लगिनेछ ।
- गाउँपालिकाभित्र रहेका खानेपानी उपभोक्ता समितिहरुलाई एकीकृत गरिनेछ ।
- फोहरमैला ब्यबस्थापनका लागि फोहोरको वर्गीकरण, संकलन, डम्पिङ, पुनः प्रयोग तथा विसर्जनलाई दिगो व्यवस्थापन गर्दै लगिनेछ ।

- फोहरमैला संकलन तथा विसर्जनका लागि ढुवानी सवारी साधन खरिद गरी बजार केन्द्र बाहिरका अन्य वजार क्षेत्रमा समेत फोहरमैला व्यवस्थापन सेवालाई विस्तार गरिनेछ ।

**लक्ष्य -**

- शुद्ध खानेपानी दिगो व्यवस्थापन गरी सबै घरधुरीमा स्वच्छ पिउने पानीको व्यवस्था गर्दै लैजाने ।
- फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ्गसाइट पहिचान गरी व्यवस्थित गर्ने ।

**उद्देश्य** - साना शहरी खानेपानी योजना संञ्चालन गरिने ।
बजार क्षेत्रको ढल निकासको दिगो विकास गरिने ।

| सूचक | क्रियाकलाप | उपलब्धी |
|---|---|---|
| स्वच्छ पानी पुगेको परिवार संख्या | पहाडी भूभागमा मुहान संरक्षण, पाइप लाइन विस्तार, कुवा पधेरो मर्मत, इन्टेक निर्माण, पानीको स्टोरेज ट्याङकी निर्माण, सामुहिक धारा निर्माण, ट्याङकी मर्मत, पाइप लाइन मर्मतका कार्यक्रम गरिएको । | व्यक्तिगत धाराबाट पानी खाने ८०.२८%, सार्वजनिक धाराबाट पानी खाने १८.१७% र खोला वा कुवाबाट पानी खाने १.५६% घरधुरी रहेका । |

**प्रकृयागत सुधार**

घरधुरी सर्वेक्षण गर्न सफल रहेको ।

**खानेपानीको समस्या**

- पहाडी र तराई भूभाग रहेकाले पानीको श्रोतका कारण पानी पुर्याउन सफल रहे पनी शुद्ध पानीको पहुँच भने स्थापित गर्न कठिनाई रहेको ।
- छरिएर रहेको बस्तीको कारण पहाडी भू-भागमा स्वच्छ पानी पुर्याउन अझ कठिनाई रहेको

**सुझाव**

- तराई भूभाग डाँगी, केराबारीमा साना शहरी खानेपानी आयोजना सञ्चालन गरी स्वच्छ पिउने पानीको आपुर्ति पूरा गर्न सुझाव दिइन्छ ।
- पहाडी भूभागका लागि एकिकृत खानेपानी आयोजना सञ्चालनको पहल गर्नुपर्ने देखिन्छ ।

# अनुसूची-१८ को (८) सँग सम्बन्धित

## ७. सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरू

केराबार गाउँपालिकाको सामाजिक परीक्षणमा देखिएका सबल पक्षहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**सोच** कृषि, पर्यटन सहितको पूर्ण पूर्वाधार, समृद्ध केराबारी हाम्रो आधार ।

**उद्देश्य :** दिगो विकासका लक्ष्य, पन्ध्रौं योजना, प्रदेश सरकारका नीतिलाई जोड दिँदै समृद्ध नेपाल सुखि नेपालीको मुलभूत मान्यतालाई आत्मसाथ गर्दै लैजाने ।

- सामाजिक न्याय र समावेशिताका आधारमा विकास निर्माण र सेवा प्रवाह साथै वडा कार्यालय मार्फत विद्युतिय शुसासनमा अभिवृद्धि गरी जनतालाई सत्रिकट राज्यको अनुभूति दिलाउने उद्देश्य रहेको छ ।
- आर्थिक विकासका क्षेत्रहरूलाई आधुनिकिकरण र सवलिकरण गरी मजबुत बनाउँदै स्वरोजगार उन्मुख केराबारी निर्माण गर्ने उद्देश्यसहित समयमै गाउँसभा सम्पन्न गरी आगामी वर्षका नीति, कार्यक्रम तथा बजेट ल्याउन सफल रहनु ।

### सबल पक्षहरु

- सबै स्वास्थ्य संस्थाहरुबाट नियमित गर्भजाँच सेवा, भिडियो एक्सरे सेवा सञ्चालन गरी आमा तथा बच्चा सुरक्षा कार्यक्रम अन्तर्गत संस्थागत सुत्केरी गराउनु पर्छ भन्ने धारणाको विकास भएको ।
- स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुमा आवश्यक आन्तरिक व्यवस्थापकीय पक्ष क्रमशः सुधारोन्मुख भएको देखिन्छ ।
- पहाड तथा तराई भू-बनावट रहेको केराबारीमा सबै बालबालिकालाई पूर्णखोप सुनिश्चित गर्न सफल रहेको
- बाल तथा मातृ मृत्युदरलाई न्यून अवस्थामा पुर्याउन खोप, पोषण, सुरक्षित मातृत्व कार्यक्रमहरु सक्रिय रुपमा सञ्चालन गरी जनतालाई अनुभूति हुने र पहुँच सुनिश्चित गर्ने कार्य गर्न सफल भएको देखिन्छ ।
- सबै वडाहरुबाट पालिकासम्म समुदायबाट स्वास्थ्य संस्थासम्म अधिकतम नागरिकले सेवा लिनका लागि आवश्यक सडक पूर्वाधारका कार्यमा तीव्रता दिई जनताले लिने आधारभूत सेवाप्रति कार्य गर्न सबल देखिन्छ
- पहाडी इलाकाका स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरी जनताको आधारभूत स्वास्थ्य उपचारको पहुँच वृद्धि गर्न सफल भएको देखिन्छ ।
- पोषणमैत्री कार्यक्रम अन्तर्गत नियमित बृद्धि अनुगमन गरी कुपोषित तथा अतिशिघ्र कुपोषित बालबालिकाको पोषण सुधार गरी समस्याको न्युनिकरण गरिएको ।
- जेष्ठ नागरिक, अपाङ्गता भएकाहरुको स्वास्थ्य अवस्था सहितको घरभेट र आाधारभूत जाँच पड्ताल कार्य भएको ।
- अपाङ्गता भएकाहरुलाई सहायक सामग्रीवितरण तथा जटिल रोगका बिरामस्हरुलाई उपचार सहयोग कार्य गरिएको ।
- दीर्घ तथा नसर्ने रोगहरुप्रति सचेतनामुलक कार्यक्रम वडाहरुमा सञ्चालन गरिएको ।

- बालबालिकाको शिक्षाको शिक्षाको पहुँच बृद्धि गर्न १ बाल कक्षा थप गरिएको ।
- विद्यालय उमेर समूहका आधारभूत तहका बालबालिकाहरु विद्यालयको पहुँच बृद्धि गर्न सडक पूर्वाधारमा लगानी गरिएको ।
- बाल कक्षादेखि कक्षा १२ सम्म दलित, बिपन्न, विद्यार्थीको शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, शैक्षिक सामग्रीको आवश्यक प्रबन्ध गरिएको ।
- आवश्यकताका आधारमा भौतिक पूर्वाधार, प्रविधिमैत्री विद्यालय सुधार, विज्ञान प्रयोगशाला लगायतका आवश्यक प्रबन्ध गरी शैक्षिक सुधारतर्फ कार्य भएको देखिन्छ ।
- समतामुलक समाज निर्माणका लागि लिम्बु र मगर भाषाको स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिएको
- शिक्षा सँगसँगै खेलकुद र अतिरिक्त क्रियाकलापका कार्यक्रम सञ्चालन गरिएको ।
- प्रतिभाको खोजीका लागि केराबारी आईडल कार्यक्रम सञ्चालन गरिएको ।
- विभिन्न सिपमुलक, क्षमता विकासका तालिमहरु सञ्चालन गरिएको ।
- कृषि विकासका लागि उन्नत जातका बालीका बीउहरु किसानहरुको घरदैलोसम्म पुर्याउने कार्य भएको देखिन्छ ।
- बालीमा देखिने रोग कीराहरुको न्यूनीकरणका लागि प्राविधिकहरुलाई कृषकको घरदैलोसम्म रोगकीरा नियन्त्रणका लागि परिचालन गर्न सफल भएको देखिन्छ ।
- माटो परीक्षण गरी आवश्यक बालीको जात सिफारिश गरी कृषकहरुको उत्पादनमा सहजीकरण गर्न सफल भएको देखिन्छ ।
- माटो सुधारका लागि जैविक मल निर्माण कार्यलाई निरन्तरता दिएको देखिन्छ ।
- जैविक विषादीका लागि नीम वनस्पतिका बिरुवा रोप्ने काम भएको देखिन्छ ।
- नगदे बाली तथा अन्य बालीहरु तेस्रो बजारसम्म पुर्याउन आवश्यक प्रबन्ध गर्न सफल भएको देखिन्छ ।
- दिर्घकालिन पानीको श्रोतका लागि रिचार्ज पोखरी निर्माण गरिएको ।
- किसान सूचिकरण कार्य सम्पन्न गरिएको ।
- रिटर्नीहरुका लागि अनुदान र व्यवसाय सहयोग कार्यक्रम ल्याइएको ।
- पशुहरुमा देखिने महामारीजन्य रोगका लागि आवश्यक खोपको प्रबन्ध गर्न सफल भएको देखिन्छ ।
- उन्नत जातका पशुहरु वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन भएको देखिन्छ ।
- व्यावसायिक पशुपालनका लागि पोसिलो घाँस, आवश्यक तालिम, गोठ सुधार तथा खोर सुधारका कार्यक्रमहरु सञ्चालन गर्न सफल भएको देखिन्छ ।
- न्यायिक समितिमार्फत् आएका उजुरीहरु कानुनी प्रक्रियाबाट समाधान गरी जनतालाई अनुभूति हुने कार्य भएको देखिन्छ ।
- भौतिक पूर्वाधार निर्माणका ठूला पूर्वाधार निर्माण गर्दा डीपीआर, वातावरणीय प्रभाव मूल्याङ्कनजस्ता कार्यहरु भएको देखिन्छ ।
- सुशासन प्रवद्र्धनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, चौमासिक तथा वार्षिक समीक्षा, वेबसाइट सञ्चालनका कार्य भएको देखिन्छ ।
- गाउँसभाले आगामी वर्षको कार्यक्रमका लागि आवश्यक नीति तथा कार्यक्रम समयमै तर्जुमा भएको देखिन्छ
- खानेपानीको अवस्था सहितको घरधुरी सर्वेक्षण गरिएको ।
- पोषण प्रोफाइल तयार गरिएको ।
- विपद् व्यवस्थापन योजना निर्माण गरिएको ।
- आयोडिन नुन प्रयोगको अवस्था सर्वेक्षण गरिएको ।

**गाउँसभाबाट कार्यक्रम कार्यान्वयन गर्न योजनाहरूलाई प्राथमिकीकरण गरिएको छ ।**

- बहुबर्षे योजनाहरू तथा रोजगारी बृद्धि हुने खालका योजना तथा कार्यक्रमहरूलाई प्रामिकता दिइनेछ ।
- कृषिको आधुनिकिकरण, उत्पादन, संकलन, भण्डारण तथा बजारीकरण प्रणाली सहज बनाउनका लागि प्राथमिकता दिइनेछ ।
- शिक्षालाई गुणस्तरिय र पहुँचयोग्य बनाउँदै प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ ।
- पर्यटकीय स्थलको पहिचान र विकासमा प्राथमिकता दिइनेछ ।
- सार्वजनिक, निजि, सहकारी साझेदारी मार्फत हुने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- वडा कार्यलय तथा स्वास्थ्य चौकी भवन निर्माणलाई प्राथमिकता दिइनेछ ।
- शुसासन प्रवद्र्धन तथा गाउँपालिका सञ्चालनका लागि आवश्यक पर्ने कानुन निर्माणलाई प्राथमिकता दिइनेछ ।
- लैङगिक समानता तथा समावेशीकरणलाई प्रवद्र्धन गर्ने खालका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।

**न्यायिक कार्य सम्पादन**

- वडा स्तरीय मेलमिलाप गठन तथा सञ्चालन भई सेवा प्रवाह गराउन सफल रहेको ।
- न्यायिक इजलास सञ्चालन गरी न्यायिक कार्य सम्पादन हुँदा नागिरकले मेलमिलापको वातावरणबाट सामाजिक जीवनयापनमा सहजता भएको ।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

- गाउँपालिका, तथा पालिका भित्र रहेका शाखाहरूमा नागरिक वडापत्र, सूचना पाटी, उजुरी पेटीका राखेको पाइयो ।
- गाउँपालिकाका वडाहरूमा नागरिक वडापत्र, सूचना पाटी, उजुरी पेटिका राखेको पाइयो ।
- सार्वजनिक सुनुवाई सम्पन्न गरेको पाइयो ।
- सामाजिक परीक्षण सम्पन्न गरेको पाइयो ।
- वार्षिक समिक्षा गर्ने गरेको पाइयो ।

# अनुसूचि १८ को ९

**सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमी कमजोरीहरू**

- केराबारी गाउँपालिकाका पहाडमा रहेका वडा नं. २ को सामितेन, फाइवा पुछार र वडा नं. १ को सेल्लेङका लगभग ३०० जति घरधुरीका नागरिक १ घण्टाभित्र आधारभूत स्वास्थ्य उपचारको पहुँचभन्दा टाढा रहेका हुँदा स्वास्थ्यको पहुँचमा ल्याउन चुनौती देखिन्छ उनीहरुलाई यपचारको पहुँचमा ल्याउन आवस्यक कार्यक्रम आउन नसकेको ।
- वर्षादको समयमा पहाडी इलाकामा सुत्केरी तथा स्वास्थ्य उपचारको आधारभूत पहुँच बृद्धि गर्दै सुदृढ स्वास्थ्य संस्था र पर्याप्त जनशक्ति व्यवस्थापनमा चुनौती देखिन्छ ।
- पहाडी क्षेत्रमा सडक पूर्वाधार योजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनको विश्लेषण नगरी योजना सञ्चालन गर्दा पहिरोको प्रकोप जोखिम देखिन्छ ।
- वडा नं १, २, ३ र ४ का केही बस्तिहरू छरिएर रहेका र विकासको मूल प्रवाहमा ल्याउन ठूलो लगानी गर्नुपर्ने अवस्था देखिन्छ त्यस्ता वस्तिहरूलाई एकिकृत बस्ति विकास योजनामा समेट्न नसकिएको ।
- कक्षा छोड्ने दर केही प्रतिशत विद्यालयमा रहनु ।
- सञ्चालन भएका तालिम कार्यक्रमको यथेष्ट अनुगमन नहुँदा स्वरोजगार भएनभएको अनुगमन हुन नसक्नु ।
- वडाका कार्यक्रममा कृषि, स्वास्थ्य र शिक्षा विकासलाई पर्याप्त बजेटको अभाव हुनु ।
- पहाडी इलाका, चुरे क्षेत्र, भिन्न समुदायको बसेबास रहेको पालिकामा समुदाय अनुसारको पशुपालन भिन्न भिन्न हुने भएकाले आवस्यकताको पहिचान गरी कार्यक्रम आउन नसकेको । जस्तै  राई, लिम्बु, मगर समुदायले सुँगुर, बंगुर पाल्ने ।
- दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण गरी सञ्चालित योजनाहरुलाई लिंक योजनाको रुपमा सञ्चालन गर्न केही कठिनाइ रहनु ।
- सञ्चालन गरिएका योजना तथा कार्यक्रमको उपाध्यक्षद्वारा अनुगमन भए पनि प्राविधिकसहितको प्रभावकारी कार्यान्वयनमा जनशक्तिको अभाव र बढी टुक्रे योजना सञ्चालन हुनु ।
- विपत व्यवस्थापनका लागि जलवायु उत्थानशिल योजना निर्माण भएपनि विपद पूर्व तयारी सम्बन्धी आवस्यक कार्यक्रमहरु कम हुनु ।
- बैंकिङ कारोबार, ऋणको लागि प्रमाणपत्र आवस्यक परेको खण्डमा मात्र सेवाग्राहीहरु पालिका आउने । सो समयमा पालिकाबाट उक्त प्रमाणपत्र दिन नसकेको अवस्था रहेको ।
- हाल पनि खोला वा कुवाबाट पानी खाने १।५६५ घरधुरी रहेका छन् । जसका कारण झाडा पखाला समेत देखिएको छ ।
- सम्पादन भएका कार्यक्रमहरुको प्रतिवेदन समयमा वेवसाइडमा अपलोड कम भएको ।
- गाउँपालिकाको स्वामित्वमा रहि उपयोगमा आउन नसकेका जग्गाहरू व्यबस्थित गर्नुपर्ने तथा भौतिक पूर्वाधार सम्पत्तिहरूलाई प्रयोगमा ल्याउन नसकिएको ।

## अनुसूचि १८ को १०

**९) सामाजिक जिम्मेवारी पूरा गर्न केराबारी गाउँपालिकाले चाल्नुपर्ने कदम तथा सुझावहरू**

- हाल उत्पादन भइरहेको अम्लिसो ,तरकारी, किवि, गहत, मास र स्थानीय धानलाई स्थानीयसँग आवश्यक परामर्श गरी केराबारीको कोसेलीको परिकल्पना गर्न आवश्यक देखिन्छ ।
- रैथाने बालिको संरक्षण गदै व्यवसायिक उत्पादनमा जान माटोको प्राङ्गगारिकपनाको अवस्था अध्ययन गरी उत्पादन बढाउन आवश्यक देखिन्छ ।
- पहाडी इलाका, चुरे क्षेत्र, भिन्न समुदायको बसेबास रहेको पालिकामा समुदाय अनुसारको पशुपालन भिन्न भिन्न हुने भएकाले आवस्यकताको पहिचान गरी कार्यक्रम ल्याउन आवस्यक देखिन्छ जस्तै राई, लिम्बु, मगर समुदायले सुँगुर, बंगुर पाल्ने ।
- बजार विस्तार तथा कोसेली घर कार्यक्रम बालि संरक्षण तथा विपतका लागि कृषि विमा कार्यक्रमलाई थप व्यवस्थित गर्दै कृषि उत्पादन कार्यक्रमलाई निर्यात योग्य बनाउन सुझव दिइन्छ ।
- तराई र पहाड मिलेर बनेको पालिका भएकोले वर्षातको तरकारी पहाडले र हिउँदको तरकारी तराईले उत्पादन गरी आत्मानिर्भर बन्दै निर्यात योग्य पालिका बनाउन आवश्यक देखिन्छ ।
- पाटीगाउँको मान्छेनी, याङ्गसीला डागी क्षेत्र तर्फ तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ
- तरकारी तथा बाली बिकास अन्तर्गत विज कार्यक्रम प्रभावकारी रुपमा अगाडी लैजानु पर्ने देखिन्छ ।
- पशु सेवा प्रसार कार्यक्रमलाई प्रभावकारी बनाई मासु, दूध र फलमा आत्मनिर्भर भई निर्यातयोग्य पालिकातर्फ अघि जान आवश्यक देखिन्छ ।
- युवालक्षित गाई पालन, बाख्रा पालन, वंगुर पालन तथा कुखुरा पालन व्यवसायलाई पकेट क्षेत्र विकास गरी विस्तार गर्न आवश्यक देखिन्छ ।
- केराबारीको सम्भावना पर्यटकीय क्षेत्र रहेकाले गुरुयोजना निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाउन सडक पूर्वाधार, होटल, होमस्टेको थप्नुपर्ने देखिन्छ ।
- राजश्वको दायरालाई फराकिलो बनाउन नागरिकहरूसँग करसम्वन्धी आन्तरिक करको महत्व, करको उद्देश्य र नागरिकको भूमिका विषयमा कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- पहाडी ईलाका, चुरे क्षेत्रका खोलाधार बढि भएको पालिका भएकोले विपद् ऐन, कानुन, कार्यविधि अनुसार विपद् पूर्व तयारीको थप कार्य गर्नुपर्ने देखिन्छ ।
- खोला जन्य बस्तुको उत्खनन, चोरी, निकासी विषयमा दरिलो सम्यन्त्र निर्माण गरी आइ.इ.ई.को आधारमा उत्खनन् र निकासी गर्दै त्यसबाट आउन सक्ने सम्भावित जोखिमलाई तलैबाट स्थायी समाधानमा जानुपर्ने देखिन्छ ।
- सवै वडा, स्वास्थ्य संस्था, कृषि केन्द्र र विद्यालयबाट जनताले सर्वसुलभ सेवा कसरी पाउन सक्छन् र सेवा प्रदायकले सहज सेवा कसरी दिन सकिन्छ भन्ने विषयमा आवश्यक परामर्शका कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

- मध्यकालीन खर्च संरचनाको आधारमा खर्चको मितव्ययिता भ्रष्टचारमा शून्य सहनशिलता र पारदर्शिता कायम गदै समयमै चौमासिक सार्वजनिक सुनुवाई, बुलेटीन, प्रकाशन, चौमासिक समिक्षा गर्न आवश्यक देखिन्छ ।
- केराबारीमा रहेका बाल कक्षाका उमेर समूहका बालबालिकाको उपस्थिति कक्षा १ मा जाँदा घटेको देखिन्छ । त्यसलाई सामुदायिक विद्यालयहरुमा टिकाइराख्न आवश्यक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
- आधारभूत तहमा आधा घण्टाभित्र विद्यार्थीलाई विद्यालयको पहुँच स्थापित गर्दै कक्षा छोड्ने दरलाई समेत शून्य बनाउन थप कार्यक्रम ल्याउन आवश्यक देखिन्छ । अहिले पनि केही विद्यार्थी आधा घण्टाभित्र विद्यालय पुग्न सक्ने अवस्था छैन ।
- माध्यमिक तहको शिक्षामा प्राविधिक धारका विषयहरू आवश्यक मात्रामा थप गर्दै लैजान आवश्यक देखिन्छ
- योजना सञ्चालन गर्दा वातावरणमैत्री, अपाङ्गतामैत्री, बालमैत्री पूर्वाधार निर्माण लागू गर्नुपर्ने देखिन्छ ।
- सवै विद्यालयमा शुद्ध पिउने पानी, बालमैत्री, आपाङ्गमैत्री शौचालयको व्यवस्थापन गर्न आवश्यक देखिन्छ
- विद्यार्थी संख्या कम भएका र पहाडी भूभागमा रहेका विद्यालयलाई विद्यार्थीको पहुँच स्थापित गर्न आवसीय विद्यालय परिकल्पना गर्न आवश्यक देखिन्छ ।
- माध्यमिक तह र आधारभूत तहका विद्यालयहरूमा इन्टरनेट वैकल्पिक प्रविधिक शिक्षाका लागि आवश्यक पूर्वाधार निर्माण कार्य गर्न आवश्यक देखिन्छ ।
- शिक्षाको योजनाबद्ध विकासमा ध्यान केन्द्रीत गरी शिक्षालाई सूचना सञ्चार प्रविधिसँग आबद्ध गर्दै लगिनेछ र गुणस्तरीय शिक्षाको विकासमा जोड दिने थप सक्रियता, थप लगानी र अनुगमनको आवश्यकता देखिन्छ
- उच्च शिक्षा र प्रविधिक शिक्षाको विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माणमा जोड् दिनु पर्ने देखिन्छ ।
- आधारभुत स्वस्थ्य सेवा नागरीकको सहज पहुँच योग्य बनाउन वडा नं १, २ र ४ का केही बस्तीमा समस्या रहेकोले त्यस तर्फ कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- १ पालिका अस्पाताल, ४ वटा वर्थिङ्ग सेन्टर, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रबाट नागरिक आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न नागरिकले पाएको अनुभूति गरी हाम्रै स्वास्थ्य संस्थाबाट भरपर्दो र गुणस्तरिय सेवा प्राप्त हुन्छ, भन्ने सोच विकास हुने गरी जनशक्तिलाई आवश्यक तालिम, परामर्श सेवाबाट उत्तरदायित्व बनाउन आवश्यक देखिन्छ ।
- समयसापेक्ष ल्याबको स्थापना, सुधार र नयाँ प्रविधि थप दक्ष जनशक्तिको व्यवस्थापनको लागि थप कार्यक्रम ल्याउन आवश्यक देखिन्छ ।
- खोपहरूमा आएको फरक तथ्याङ्कलाई विश्लेषण गरी आगमी दिनमा अगाडि बढ्न आवश्यक देखिन्छ ।
- घटना दर्ता विवाह दर्ता गरेसगै बच्चा योजनाको लागि खोप कामना कार्ड, ३ महिना अगाडि फोलिक एसिड चक्की दुवै जनाले खाई गर्भवस्थामा प्रोटोकल र गर्भजाँच गराई संस्थागत सुत्केरीसँगै बिसिजिबाट खोप प्रारम्भ भई १५ महिनाको खोप पूरा गरी विद्यालयमा ३५ दिनमा जन्म दर्ता र पूर्ण खोप कार्ड सहित विद्यालयमा प्रवेशको तथ्याङ्क मेकानिजम बनाउन आवश्यक देखिन्छ ।
- स्वमूल्याङ्कन विषय क्षेत्रभित्रका पुरा हुन नसकेका सूचकहरूलाई सतप्रतिशत बनाउने लक्ष्यका साथ कदम चाल्नुपर्ने देखिन्छ र उक्त सुचकहरू पुरा हुन सके समृद्ध केराबारी निर्माणमा टेवा पुग्नेछ ।

- फोहोरमैला व्यवस्थापन ऐनको परिच्छेद २ अनुसार फोहोरमैला व्यवस्थापन गर्न थालिए पनि परिच्छेद ४ को फोहोर मैला व्यवस्थापनमा निजि तथा सामुदायिक क्षेत्रलाई पनि प्रभावकारी ढंगले लैजान नसकिएको त्यसै गरि परिच्छेद ६ को प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धि व्यवस्था पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- खुला दिशा मुक्त गाउँपालिका घोषणा भई सकेको भएपनि पूर्ण सरसफाई कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरि शौचालय प्रयोग तथा थप शौचालय निर्माणमा जोड दिनुपर्ने ।
- सामाजिक एवम् आर्थिक दृष्टिकोणले कमजोर तथा तुलनात्मक रुपमा विकासको मुल प्रवाहमा पछि परेका वर्ग वा समूहको उत्थान हुने योजना सञ्चालन गर्नुपर्ने ।
- योजना छनौट गर्दा संचालित योजना दिर्घकालिन तथा लिङ्क योजनाको रुपमा छनौेट गर्नुपर्ने ।
- प्रोजेक्ट बैंक स्थापना गरी संघ तथा प्रदेशमा पठाउने भनिए पनि संघ तथा प्रदेशका ठोस कार्यक्रम आउन नसकेको हुँदा त्यसतर्फ पहल गर्न सुझाव दिइन्छ ।
- वडा न. ४ मा रहेको कृषि सेवा केन्द्रमा जनशक्ति अभाव भई सञ्चालन हुन नसकेको देखिन्छ, सञ्चालन व्यवस्थापन गर्नुपर्ने ।
- नगदे बाली र रैथाने बाली उतेपादनको आवस्यक थप कार्यक्रम सञ्चालन गरी उचित बजारको व्यवस्थापन गर्नुपर्ने ।
- स्थानीय हाट बजारलाई व्यवस्थित गरी स्थानीय उत्पादनको उचित बिक्रीको प्रवन्ध मिलाउनु पर्ने ।

सामाजिक परीक्षकको नाम ..............................................

दस्तखत ...............................

संस्थाको नाम ...............................................................

मिति ..........................

# सन्दर्भ सामग्री


- केराबारी गाउँपालिकाको आ.व. २०८०।०८१ र २०८१/०८२ को नीति, बजेट तथा कार्यक्रम
- केराबारी गाउँपालिकाको संकलित राजश्व
- राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क
- साबिकका गा.बि.स. हरूको प्रोफाइल
- केराबारी गाउँपालिकाको राजपत्र
- आर्थिक ऐन, २०७७
- विनियोजन ऐन, २०७७
- विपदव्यवस्थापन कोष (सञ्चालन) कार्यविधि ,२०७५
- केराबारी गाउँपालिका स्थानिय तहको आर्थिक ऐन, २०७४
- केराबारी गाउँपालिकाको विनियोजन ऐन २०७४
- केराबारी गाउँपालिकाको राजपत्र ।

**अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रसाशकिय अधिकृत, वडाअध्यक्षहरु तथा शाखा प्रमुखहरूसँगको उपस्थिति पुस्तिका**

आज मिति २०८२ साल जेष्ठ १२ गते यस केराबारी गाउँपालिकाको गत आ.व. २०८१।०८२ को सामाजिक परीक्षण गर्ने क्रममा प्रतिवेदन माथिको वृहत छलफल कार्यक्रम यस गाउँपालिकाका अध्यक्ष श्री सुमन मिरिङ्च्छिङ ज्युको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न गरियो।

तपसिल

१. श्री सुमन मिरिङ्च्छिङ, गाउँपालिका अध्यक्ष -
२. श्री मनमाया मगर, गाउँपालिका उपाध्यक्ष -
३. श्री जयराम श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत -
४. श्री शरण थापा मगर, वडा अध्यक्ष वडा नं -१ -
५. श्री प्रेमबहादुर लिम्बु, वडा अध्यक्ष वडा नं -२ -
६. श्री रामचन्द्र शाही, वडा अध्यक्ष वडा नं - ३ -
७. श्री शिवप्रसाद तामाङ वडा अध्यक्ष वडा नं - ४ -
८. श्री अजय लिम्बु, वडा अध्यक्ष वडा नं ५ -
९. श्री उपेन्द्र लुईंटेली मगर, वडा अध्यक्ष वडा नं ६ -
१० श्री खगेन्द्रप्रसाद निरौला, वडा अध्यक्ष वडा नं ७ -
११. श्री कमलकुमार बस्नेत, वडा अध्यक्ष वडा नं - ८ -
१२. श्री गोपाल राई, वडा अध्यक्ष वडा नं ९ -
१३. श्री पूर्णबहादुर मगर, वडा अध्यक्ष वडा नं - १० -
१४ श्री विदुर सुवेदी, ~~[illegible]~~ मोरङ ८ -
१५ श्री मिथुन कुमार देवान का.पा. सदस्य - १०
१६ श्री गंगा लिम्बु कार्यपालिका सदस्य - १०
१७. श्री मिला देवि दास " " " " ९
१८. श्री संगिता लिम्बु केराबारी पालिका अस्पताल -
१९. श्री सीता चर्मकार के.गाँ. आ.स्वा.के. चपारबोटी
२० श्री बाल कुमारी थापा ... आ.स्वा. उ.के. मुगु
२१ श्री कोपिला खनाल केराबारी पालीका अस्पताल
२२. श्री लक्ष्मी पाण्डे आमबुङ्गो आ.स्वा. केन्द्र
२३. श्री इन्द्रा श्रेष्ठ केराबारी गा.पा. महिला बालबालिका शाखा,
२४. श्री दिपिका मेहता केराबारी गा.पा. - ज.स्वा. अ
२५. श्री कमल प्रसाद पौडेल आ.स्वा.के. बबरे
२६. श्री दिपक पौड्याल - सिंहदेवी स्वा. चौकी

२७) सौरभ दाहाल (हे.अ) आ.स्वा.के. पिउरीभञ्ज्याङ

२८) तनुज घिमिरे इन्जिनियर प्राविधिक शाखा

२९, गोकर्ण पराजुली जी.स्वा.प्र.

३०. राज कुमार यादव जे.स्वा.प्र. पाटी

३१. सृजना सुनुवार

३२. डरुण खतिवडा (भूमि शाखा) —

३३. रत्न ब. बुढाथोकी ८ नं वडा सचिव

३४. पवन कुमार यादव ६ नं. वडा सचिव

३५. उर्वशी थापा मगर ५ नं. वडा सचिव

३६. सुनिल निरौला केराबारी गा.पा. (शिक्षा अधिकृत)

३७. बाबुराम कंडेल केराबारी गा.पा. (योजना शाखा)

३८. हितेश बुढाथोकी केराबारी गा.पा. (लेखा शाखा)

३९. चित्रबहादुर चौहान ३ नं. वडा सचिव

४०. देवेन्द्र कुमार चौधरी ४ नं. वडा सचिव

४१. जित बहादुर लिम्बु १० नं. वडा सचिव

४२. पाइकल राई १ नं. वडा सचिव

४३ बिजय कुमार यादव अमिन

४४. देश ब. तामाङ मोक्तान - घ.न. नक्सा शाखा -

४५. कविता राई सूचना प्रविधि शाखा

४६. अम्बिका भण्डारी मिडियाकर्मी

४७ राजेश कुमार ... क.पु.ह

४८ कर्णलाल टोड्डा ... सि.

४९. सर्मिला रायमाझी खड्का नापी कामदार

५०. अस्मिता मगर सर्वेक्षक

५१, बोम बहादुर विश्वकर्मा गा.पा. सदस्य

५२ खगेन्द्र प्र. निरौला वडा अध्यक्ष - 6

५३. नारायण भुजेल न.पा. सदस्य/प्रवक्ता -

५४. इरबा विश्वकर्मा वडा दलित का.पा. सदस्य -

५५ धनमाया विश्वकर्मा का.पा. सदस्य -

५६ प्रकाश बहादुर कार्की वा.सं. 6

५७ अम्बिका चौलागाई ८ नं वडा सचिव —

५८ प्रवास भण्डारी कृषि तथा पशुपालन शाखा

५९. डा. गोकर्ण प्रसाद गवाली, त्रिभुवन विश्वविद्यालय,

६०. डा. केशव बस्याल "

६१. श्री बाबुराम निरौला सहजकर्ता

६२. श्री गणेश मिश्रा तथ्याङ्क संकलक

**अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडाअध्यक्षहरु तथा शाखा प्रमुखहरूसँगको छलफल कार्यक्रम**







'कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृद्ध केराबारी हाम्रो आधार'
केराबारी गाउँपालिका














'कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृद्ध केराबारी हाम्रो आधार'
केराबारी गाउँपालिका



No source detected
Save up 70% of your lamp power.
Time to do your part in saving the planet.
'कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृद्ध केराबारी हाम्रो आधार'
केराबारी गाउँपालिका



'कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृद्ध केराबारी हाम्रो आधार'
केराबारी गाउँपालिका

शाखागत तथ्याङ्क सङ्कलनका क्रममा लिईएका तस्बिरहरु








SATIA
SUPERB
A4


TEK PRASAD BASTOLA
AGRICULTURE OFFICER
(Officer Level 6th)



वडा नं. ३ को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्बिरहरु :






वडा नं. ५ को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्बिरहरु :









वडा नं. ६ को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्बिरहरु :






वडा नं. ७ को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्बिरहरु :








वडा नं. ८ को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्बिरहरु :




**वडा नं. १० को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्बिरहरु :**




केराबारी गाउँ पालिका
बिमल मिष्ठान्न भण्डार


GREATER
NEPAL
पूर्ण बहादुर मगर

## वडा नं. ३ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति

आज मिति २०८२ साल चैत्र ११ गते बुधबारका दिन बेरावारी गाउँपालिकाको आ.व. २०८१/०८२ को सामाजिक परीक्षण कार्यक्रम ~~गर्ने सिलसिलामा~~ बेरावारी गाउँपालिका वडा नं. ३ का वडा सचिव श्री चित्र बहादुर चौहान को अध्यक्षतामा निम्न बमोजिम उपस्थितीमा सम्पन्न गरियो :-

तपसील :-

१. वडा अध्यक्ष :- राम चन्द्र शाही
२. वडा सदस्य :-
३. वडा " :-
४. वडा " :-
५. वडा " :-
६. वडा सचिव :- श्री चित्रबहादुर चौहान
७. स्वास्थ्य शाखा प्रमुख :- प्रेमिका कुमारी गुप्ता
८. प्रधानाध्यापक (कुवापानी) :- श्री नारायण ढकाल
९. राम पोखरेल
१०. चन्द्रकला प्रधान :- वडा प्राविधिक
११. शोभा घिमिरे :-

शिक्षा

पाँच वटा विद्यालय, १ मा.वि. १ नि.मा.वि. ३ प्रा.वि. ३५५ जना विद्यार्थी, खानेपानी, शौचालय, इन्टरनेट नभएको, रामपुर मा.वि. मा प्रयोगशाला, ल्याब नभएको। रामपुर मा.वि., सिद्ध बाहुनी प्रा.वि., ~~[illegible]~~ प्रा शान्ति बाल शिक्षा ~~[illegible]~~ को भवन निर्माण। बसाईसराईका कारण पढाई छाडेको। अरु गाउँका बालबालिकाहरु ~~पढाई [illegible]~~ पढ्न नपाएको। आर्थिक अवस्थाका कारण। बस सेवा नरहेको।

**वडा नं. ५ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति**

आज मिति २०८२ साल चैत्र १५ गते आइतवारका दिन यस ~~केरावा~~ केरावारी गाउँपालिकाको गत आ.व. २०८१।०८२ को सामाजिक परीक्षण गर्ने क्रममा वडागत तथ्याङ्क संकलन गर्ने कार्य यस वडा नं. ५ का वडा अध्यक्ष श्री अजय लिम्बु ज्यूको अध्यक्षतामा वसी तपसिलको उपस्थितिमा तथ्याङ्क संकलन गर्ने कार्य गरियो ।

तपसिल

१. श्री अजय लिम्बु, वडाअध्यक्ष वडा नं ५ –
२. श्री प्रेम तामाङ, वडा सदस्य –
३. श्री उर्वशी थापा मगर, वडा सचिव –
४. श्री पृथ्वीप्रसाद कट्टेल, जनसेवा आ.वि. प्र.अ. –
५. श्री रमन श्रेष्ठ, श्री सावित्री मा.वि. प्र. अ. –
६. श्री गोकर्ण पराजुली, जनस्वास्थ्य अधिकृत यांत्रिला
७. श्री मान बहादुर खत्री प्र.अ. श्री जनमुखी आ.वि.
८. श्री भुवन सिंह अधिकारी (शिक्षक) सावित्री मा.वि.
९. भरत लिम्बु ५ नं. वडा का .अ.
१०. रोशन श्रेष्ठ. त.प.ख.प्र
११. पासाङ तामाङ स्थानिय
१२. राजन पोखरेल तथ्याङ्क संकलक
१३. गणेश मिश्र तथ्याङ्क संकलक

प्रस्तावहरु

१) सामाजिक विकास सम्बन्धमा
२) आर्थिक विकास सम्बन्धमा
३) भौतिक तथा पूर्वाधार विकास सम्बन्धमा

**वडा नं. ६ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति**

आज मिति २०८२ साल चैत्र १२ गते आइतवारका दिन यस केराबारी गाउँपालिकाको गत आ.व. २०८१।०८२ को सामाजिक परीक्षण गर्ने क्रममा वडागत तथ्याङ्क संकलन गर्ने कार्य यस वडा नं ६ का वडाअध्यक्ष श्री उपेन्द्र लुङ्गेली मगर ज्यूको अध्यक्षतामा बसी वडाको तथ्याङ्क तपसिलका बमोजिमको उपस्थितिमा संकलन गरियो ।

तपसिल

१. श्री उपेन्द्र लुङ्गेली मगर, वडा अध्यक्ष, वडा नं ६ -
२. श्री पवन कुमार यादव, वडा सचिव -
३. श्री सीता चर्मकार सि. अ. है. व. आ. स्वा. के. कार्यवाली
४. श्री सावित्रा देवी बर्देवा का.स. वडा — सावित्रा
५. श्री गणेश मिश्र, तथ्याङ्क संकलक -
६. श्री राजन पोखरेल, तथ्याङ्क सहायक

प्रस्तावहरु

१) सामाजिक विकाश सम्बन्धमा
२) आर्थिक विकाश सम्बन्धमा
३) भौतीक तथा पूर्वाधार विकाश सम्बन्धमा

**वडा नं. ७ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति**

आज मिति २०८२ साल चैत्र १५ गते यस केराबारी गाउँपालिकाको गत आ.व. २०८१।०८२ को सामाजिक परीक्षण गर्ने क्रममा वडागत तथ्याङ्क संकलन गर्ने कार्य यस वडा नं ७ का वडा अध्यक्ष श्री खगेन्द्रप्रसाद निरौला ज्यूको अध्यक्षतामा बसि वडाको तथ्याङ्क संकलन गर्ने कार्य तपसिलको उपस्थितिमा सम्पन्न गरियो।

तपसिल

१. श्री खगेन्द्रप्रसाद निरौला, वडा अध्यक्ष, वडा नं ७ - [signature]
~~२. श्री मनमाया~~
२. श्री कल्पना मगर, वडा सदस्य - [signature]
३. श्री रेखा विश्वकर्मा, वडा सदस्य - [signature]
४. श्री नरबहादुर लुङ्गेली मगर, वडा सदस्य - [signature]
५. श्री सोकबहादुर बस्नेत, वडा सदस्य - [signature]
६. श्री आशा बस्नेत, वडा सचिव - [signature]
७. श्री बालकुमारी चालिसे, सि.अ.हे.व. [signature]
८. श्री परशुराम ज्ञवाल (प्र.अ. श्री कृष्ण आ.वि.) [signature]
९. श्री सहदेव दास अधिकृत इकाइ पशु पंक्षी सेवा - [signature]
१० श्री राधा सिंजेल रिजाल सि.अ.न.मी. [signature]
११ श्री राजेन्द्र बस्नेत प्र.हे.मी.छ. [signature]
१२ श्री स्नेहा तामाङ को.सि. [signature]
१३. श्री गणेश मिश्र तथ्याङ्क संकलक [signature]
१४. श्री राजन पोखरेल तथ्याङ्क सहायक

प्रस्तावहरु

१) सामाजिक विकास सम्बन्धमा
२) आर्थिक विकास सम्बन्धमा
३) पूर्वाधार विकास सम्बन्धमा

**वडा नं. ८ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति**

आज मिती २०७४ साल चैत्र ११ गते ~~शुक्रबार~~ बुधवार का दिन केराबारी गाउँपालिकाको आ० व० २०७१/०७४ को सामाजिक परिक्षण कार्यक्रम ~~केर~~ केराबारी गाउँपालिका वडा नं. ८ का वडा अध्यक्ष श्री कमल कुमार बस्नेतको अध्यक्षतामा निम्न बमोजिम उपस्थितीमा सम्पन्न गरियो।

तपसिल

१ वडा अध्यक्ष :– श्री कमल कुमार बस्नेत
२ " सदस्य :– श्री राजन कुमार थापा
३ " " :→ श्री दिल बहादुर राई
४ " सदस्य :– श्री सीता भुजेल — सीता
५ " " :→ श्री सन्तोषी सार्की — सन्तोषी
६, वडा सचिव – अम्बिका चौलागाई
७, प्रधानाध्यापक :– रेवती प्रसाद भिक्षु (श्री आमझुंगी आ. वि.)
८. स्वास्थ्य चौकी प्रमुख :– लक्ष्मी पाण्डे आमझुंगी स्वा. केन्द्र
९ प्रधानाध्यापक :– नारायण प्र. अधिकारी (श्री मन्द्रेन्द्र मा. वि.)
१० राम पोखरेल
११ ढोमा घिमिरे

सीता

शिक्षा : २ वटा सामुदायिक विद्यालय।

१ वटा मा. वि. – मन्द्रेन्द्र मा. वि., १ वटा आधारभूत ~~@~~ विद्यालय – आमझुंगी आधारभूत विद्यालय रहेको।

आधारभूत विद्यालयमा – शौचालय गुणस्तरीय रहेको। खानेपानी गुणस्तरीय नरहेको। १२६ जना विद्यार्थी रहेको। फिल्टर ~~छ~~ छ तर विद्यार्थीहरूलाई अपुग भएको। वडा स्तरबाट मर्मतमा ~~[illegible]~~ विद्यालयको टिन र कम्पाउण्ड वाल लगाइएको। ~~घरको आर्थिक अवस्थाको कारण~~ केही विद्यार्थीहरूले विद्यालय छाडेको।

**वडा नं. ९ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति**

आज मिति २०८२ साल चैत्र २५ गते बुधबारका दिन यस केराबारी गाउँपालिकाको गत आ०व० २०८१।०८२ को सामाजिक परिक्षण गर्ने क्रममा वडा गत तथ्याङ्क संकलन गर्ने कार्य यस वडा नं. ९ का वडा सदस्य श्री ~~वडा सदस्य~~ श्री सुमन ढकाल ज्यू को अध्यक्षतामा यसै वडाको तथ्याङ्क संकलन गर्ने कार्य तपसिलको उपस्थितीमा सम्पन्न गरियो।

तपसिल

१ श्री गोपाल राई — वडा अध्यक्ष
२ श्री सुमन ढकाल — वडा सदस्य
३, श्री ~~वडा~~ लिलादेवी दर्जी — वडा सदस्य
४, श्री हिमा देवी लिम्बु — वडा सदस्य
५, श्री गोविन्द ब० शाही ठकुरी — वडा सदस्य
६, ~~श्री टेक ढकाल — वडा सचिव~~
७, श्री सुदिप प्रसाद यादव :- ना.प.से.प्रा. Sudip
८, देवेन्द्र कुमार चौधरी — वडा सचिव
९,
१०,
११,

प्रस्तावहरु :-
१, सामाजिक विकास सम्बन्धमा
२, आर्थिक विकास सम्बन्धमा
३, भौतिक तथा पूर्वाधार विकास सम्बन्धमा

**वडा नं. १० को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति**

आज मिति २०८२।१२।११ गते यस केराबारी गाउँपालिका
को आ.व. २०८१/०८२ को सामाजिक परीक्षण कार्यक्रम
गर्ने सिलसिलामा केराबारी गाउँपालिका वडा नं. १० का
वडाध्यक्ष श्री पूर्ण बहादुर मगर ज्यू को सभापतित्वमा
तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न गरियो।

तपशिल

१. श्री पूर्ण बहादुर मगर — केराबारी गाउँपालिका १० (वडाध्यक्ष)
२. श्री गंगा लिम्बु — सदस्य
३. श्री हिरा कुमारी विश्वकर्मा — ''
४. श्री तुलसी घिमिरे :— ''
५. श्री मिथुन ध्रुव कुमार देवान :—
६. श्री देश [illegible] मैनाली :— वडा सचिव
७. श्री रमेश बहादुर गहतराज - पालिका अस्पताल प्रमुख
८. श्री शोभा घिमिरे :—
९. श्री राजु पोखरेल :—

शिक्षा :—
२ वटा निजी विद्यालय
२ वटा बाल केन्द्र रहेको
बाल केन्द्रमा जम्मा ३२ जना बाल-बालिका रहेको
आदि [illegible] मित्र विद्यालय [illegible] सकियो।
सामुदायिक विद्यालय [illegible] लागि अर्को विद्यालय
[illegible] पनि [illegible] बाल केन्द्रमा - २३ जना विद्यार्थी

शाखागत तथ्याङ्क सङ्कलनका क्रममा भएको उपस्थिति

यस केराबारी गाउँपालिकाको गत आ.व. २०८१।०८२ को सामाजिक परीक्षण गर्ने क्रममा शाखागत तथ्याङ्क संकलन गर्ने कार्य शिक्षा शाखा प्रमुख श्री सुनिल निरौला ज्यूको अध्यक्षतामा विभिन्न शाखाको तथ्याङ्क संकलन गर्ने कार्य गरियो।

तपसिल

१. श्री सुनिल निरौला, शिक्षा शाखा प्रमुख - [signature]
२. श्री मोहन प्रसाद भण्डारी, शिक्षा शाखा सहायक [signature]
३ श्री सुजन कोइराला, एम आइ एस अपरेटर - [signature]
४. श्री राजन श्रेष्ठ, पञ्जीकरण/न्यायिक शाखा [signature]
५. श्री निर्मला मगर महिला/बालबालिका/समाज कल्याण शाखा (ना.प्रा.स.) [signature]
६ श्री टेक बहादुर बान्तोला " कृषि अधिकृत [signature]
७. श्री विष्णु घिमिरे ना.प.स्वा.प्रा. [signature]
८. श्री चित्रकला राई स्वास्थ्य शाखा [signature]
९, श्री हेम प्र. चापागाई [signature]

## अनुसूचि १८ को ११

### निष्कर्ष

केराबारी गाउँपालिकाले आर्थिक वर्ष २०८१।०८२ मा सम्पादन गरेका कार्यक्रमबाट प्राप्त उपलब्धीको सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्ने पद्धति सामाजिक परीक्षण हो । यसका लागि पालिकाभित्र रहेका विषयगत शाखाहरु, वडा कार्यालयका विभिन्न योजनास्थलहरु छनौट गरी विश्लेषण गरिएको थियो । विश्लेषणबाट समग्र पालिकाको सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाईयो । केही आश लाग्दा उपलब्धिहरु हासिल भएको पाईयो भने केही कमीकमजोरीहरु पनि यस सामाजिक परीक्षणको क्रममा देखिए । पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरिकहरुको प्रत्यक्ष संलग्नतामा अघि वढाउन सफल भएको पाईन्छ । केराबारी गाउँपालिकाले बितेका केही वर्षमा पूर्वाधार विकासमा उल्लेख्य काम गरेको देखिएको छ । उक्त पूर्वाधारबाट कृषि उपज ढुवानी, विद्यालय सम्मका पहुँच मार्ग र आधारभूत स्वास्थ्य संस्थासम्म पहुँच बृद्धि भएको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन र आर्थिक नियमावलीलाई पालना गर्दै स्थानीय विकासमा केराबारी गाउँपालिका मोरङले उल्लेखनीय कार्यहरूको सुरुवात गर्दै आएको छ । सामान्यतः कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस गाउँपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई गाउँसभाबाट पारित गरेपछि मात्र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाईएको छ । त्यस्ता कार्यक्रमहरू नियमसंगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै सञ्चालन गरिएका देखिन्छन् । केराबारी गाउँपालिकाको नेतृत्वमा गाउँ बिकासको क्षेत्रमा काम गर्ने स्थानीय तहहरु, विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने तहहरुको विचमा समन्वय भई दोहोरोपनलाई न्यूनिकरण गर्न सहयोग पुगेको देखिन्छ ।

यस अध्ययनबाट केराबारी गाउँपालिकाले आफ्नो सेवालाई अझै चुस्त, दुरुस्त पार्नुपर्ने देखिएको छ । यस गाउँपालिकाका विभिन्न कार्यक्रमका लागि समयमा उपभोक्ता समिति निर्माण हुन नसक्नु साथै झन्झटीलो कानुनी प्रकृयाका कारणले  परियोजनाहरु ढिलो सम्पन्न गरेको देखियो । त्यस्तै केराबारी गाउँपालिकाको विषयगत कार्यालयहरुले तथ्यांङ्क र सूचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सूचकहरुलाई बढी परिष्कृत गर्न सकिन्छ । यसका लागि स्थानीय तह लगायत सबै विषयगत कार्यालयहरु तथा गैससहरुले अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तिव्रता दिन सिफारिस गरिन्छ । साथै केराबारी गाउँपालिकाले आन्तरिक आयमा अभिबृद्धि गर्न राजश्वको दायरालाई फराकिलो बनाउनुपर्ने, वर्तमान आवश्यकताका आधारमा लगानीको सुनिश्चितताका लागि सम्भाब्य सबै साझेदारहरुलाई आकर्षण गर्ने तथा अन्तर सरकारी अनुदानको क्षेत्र फराकिलो बनाउन विषेश पहल गर्ने, अनुत्पादक खर्चमा कटौती गर्ने साथै दिगो विकासमा आधारित विकास निर्माण र सेवा प्रवाहका पूर्वाधारहरुको निर्माण र विकासलाई प्रथम प्राथमिकतामा राखेर आवधिक गाउँपालिका विकास योजना कार्यान्वयन गर्न सके केराबारी गाउँपालिकालाई एक समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न सम्भव देखिएको छ ।

सामाजिक परीक्षणको क्रममा सुझाईएका विषयहरुलाई गम्भीरतापूर्वक लिई आगामी दिनमा कमीकमजोरी सकभर नदेखिने गरी विपन्न वर्ग, दलित वर्ग, जनजाती, महिला, बालबालिका तथा पिछडिएका वर्ग, अपाङ्गता भएका, जेष्ठ नागरिकको उत्थानमा प्रयास गर्नु आवश्यक रहेको छ ।